CC-0. Digitized by eGangotri and MIDF- Delhi

गतो मदीयो ननु कुत्र देशः



रामहरि दाहालः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनन्य मित्र प्रा. श्री तिवराज वड्हेलज्यूमा सप्रेम -
रामहरि दाहाल:

गतो मदीयो ननु कुत्र देशः ?

२०६३।४।१८

रामहरि दाहालः

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गतो मदीयो ननु कुत्र देशः ?

रामहरि दाहाल

प्रकाशकः मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ

प्रतिः १०००

वैशाख २०७३

कम्प्युटर लेआउट : आर. के. अधिकारी

सर्वाधिकारः लेखक

मुद्रणः त्रिकोण प्रिन्टिङ एण्ड सप्लायर्स प्रा. लि.
कपन, काठमाडौँ

मूल्य रू. : १८०/-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतकाव्यगतं किञ्चिद्वच्मि

विचाराणां भावनानाञ्चाभिव्यक्तिर्द्विधा भवति- भाषणेन प्रवचनेन रचनया च। भाषितं प्रोक्तञ्च क्षणिकमस्थायि अनभिलिखितञ्च भवतीति चिरकालमनेकैर्वर्तमानैर्भविष्यद्भिश्च जनैर्नोपयोक्तुं शक्यते। रचनया तु मुद्रितत्वात् प्रतीनामनेकत्वात् पुनर्मुद्रितत्वाच्चानेके जना भविष्यन्तश्च उपकृता भवन्ति- रचनारसेन काव्यरसेन चाऽह्लादिता भवन्तीति रचितस्य काव्यस्य महत्त्वमुपयोगिता च वरीवर्ति।

काव्यप्रयोजनानि खलु मम्मटोक्तानि विद्वत्स्वीकृतानि इमानि-

काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये।
सद्यः परनिर्वृत्तये कान्तासम्मिततयोपदेशयुजे॥ इति।

काव्यं खलु यशसे भवति, अर्थकृते च भवति। तच्च अर्थकरणमिति क्विपि अर्थकृत्, तस्मै भवति। व्यवहारविदे भवति। तच्च व्यवहारवेदनमिति क्विपि तस्मै इत्येवमर्थकं भवति। शिवेतरक्षतये सद्यःपरनिर्वृत्तये कान्तासम्मिततयोपदेशयुजे च काव्यं भवति। एवञ्च काव्यं यशउपार्जकं भवति, अर्थजनकं भवति, व्यवहारज्ञापकं भवति, अकल्याणनाशकं भवति, सद्य उत्कृष्टाऽऽनन्दजनकं भवति, कान्तासम्मितोपदेशप्रदञ्च भवतीति प्रयोजनषड्कं तस्य। तत् सर्वसेव्यं सदा सेव्यं परमानन्दसहोदरानन्दजनकञ्च भवतीति तथ्यम्।

काव्यस्य षट्सु प्रयोजनेषु यशसः प्राप्तिः, अर्थागमः, अनर्थनिवृत्तिश्च तत्करणस्य प्रयोजनानि भवन्ति चेत् व्यवहारज्ञानं कान्तासम्मितोपदेशश्च (सरलोपदेशः) काव्याध्ययनस्य प्रयोजने भवतः। परनिर्वृत्तेः- परमानन्दसहोदराह्लादस्य प्राप्तिस्तु काव्यकरणस्य काव्याध्ययनस्य च प्रयोजनमिति विवेचनीयम्।

काव्यकरणस्योक्तानि त्रीणि प्रयोजनानि अभिलक्ष्य परां निर्वृत्तिमधिगन्तुं पाठकेभ्यः प्रदातुञ्च काव्यलेखने प्रवृत्ताः प्रा.रामहरिदाहालमहोदया इति मे मतिः। गतो मदीयो ननु कुत्र देशः? इत्यभिधेयं काव्यमिदम्। अत्र द्वाविंशतिकवितानां सङ्ग्रहो वर्तते। एतावता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्यमिदं कवितासङ्ग्रहः॰, चित्रकवितावली॰, विविधकवितावली॰ वा भणितुं शक्यते। अत्र च विविधैः शीर्षकैः सङ्गृहीतानि कविताजातानि-काव्यजातानि विविधान् विचारान् विविधाः कल्पनाश्च प्रकटयन्ति। अस्य सङ्ग्रहस्य सर्वाणि उपशीर्षकाणि तत्र लिखिताः कविताश्च वैदुष्यपूर्णा आह्लादजनिका हृद्याश्च सन्ति। इमाः कविता मया सकृत् पठिताः। हृदयान्यावर्जयन्ति ताः, मनोहरन्ति च। काव्यशास्त्रस्य विशेषज्ञा अलङ्कारशास्त्रचणाश्चेमे व्याकरणस्यापि प्रक्रियातत्त्वानि जानन्तीति नाप्रामाणिकत्वशङ्का अत्र काव्ये। क्वचिद् गच्छतस्खलनं भवति न तु शयानस्येति च वेदनीयम्।

कस्यापि विषयस्य कस्यापि ग्रन्थस्यार्थापनेऽर्थावबोधे च व्याकरणज्ञानमावश्यकं भवति चेत रचनायां ग्रन्थलेखने वा तज्ज्ञानमत्यावश्यकं सुतरां भवतीति अत्र वेदनीयम्। भाषादाक्ष्यार्थं व्याकरणज्ञानमत्यावश्यकं भवतीति आधुनिका भाषावैज्ञानिका अपि मन्यन्ते। इदमेव तथ्यमवधार्य ज्योतिषशास्त्रस्य प्रामाणिको विद्वान् सिद्धान्तशिरोमणिकारो लिखति गोलाध्याये गोलप्रशंसायाम्-

यो वेद वेदवदनं सदनं हि सम्यक्
ब्राह्म्याः स वेदमपि वेद किमन्यशास्त्रम्।
यस्मादतः प्रथममेतदधीत्य धीमान्
शास्त्रान्तरस्य भवति श्रवणेऽधिकारी॥ इति।

निघण्टुकारश्च लिखति निघण्टुज्ञानेन विना वैद्यः, अभ्यासेन प्रशिक्षणेन च विना सैनिकः, व्याकरणज्ञानेन विना विद्वाँश्चोपहास्यो भवतीति -

निघण्टुना विना वैद्यो विद्वान् व्याकरणं विना
अनभ्यासेन धानुष्कस्त्रयो हास्यस्य भाजनम्॥ इति।

एवं शास्त्रान्तरस्य विदुषाऽपि व्याकरणज्ञानं तस्य प्रक्रियाज्ञानमात्रं वा कर्तव्यमेवेति प्रकृतेऽप्युपयोगि।

कवित्वपदं कवितापदं काव्यपदञ्च व्याकरणगतविग्रहदृष्ट्या समानार्थकम्। यतो हि कवेर्भावः कवित्वं कविता काव्यञ्च भवति। काव्यपदस्य कवेः कर्म इत्यपि भवति विग्रहः। तथापि अभियुक्तप्रयोगात् सामान्यव्यवहाराच्च कवित्वं कवेः शक्तिः कल्पनाप्रवणत्वं वा, कविता लघ्वी अलग्ना (फुटकर) च भवति, काव्यञ्च लोकोत्तरवर्णनं व्यङ्ग्यार्थप्रधानञ्च भवति। प्रकृता च

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्ग्रहरूपाकृतिः काव्यमेव भवति । काव्यमपीदं लघुकाव्यं भवति । नेदं खण्डकाव्यं महाकाव्यञ्च । तयोर्लक्षणस्यात्र काव्येऽघटनाद्, सर्गबन्धाद्यभावाद्, विभिन्नानां भिन्नकालिकानां वृत्तानामत्र वर्णनाद् । खण्डकाव्यं हि –खण्डकाव्यं भवेत् काव्यस्यैकदेशानुसारि च (सा.द.) इत्येवं रूपम् । संस्कृते मेघदूतं नेपाल्याञ्च मुनामदन॰ इत्याख्यं खण्डकाव्यं भवति, नेदं तादृशं काव्यम् । किञ्च न महाकाव्यं सर्गबन्धाद्यभावात्, श्रृङ्गारादीनां महाकाव्यप्रयोजकानां प्राधान्याभावाच्च ।

काव्यस्य गद्यपद्यचम्पूमयत्वेन त्रिविधत्वेऽपि पद्यकाव्यस्यैव प्राधान्यं संस्कृतवाङ्मये प्राप्यते । पद्यस्य हृदयस्पर्शित्वात्, सूत्रात्मकत्वात्, कण्ठस्थीकरणसौकर्यात्, सरसत्वाच्च तस्येतरासाधारणत्वमतिशायित्वञ्च । मुद्रणासौविध्याभावकाले पुस्तकादीनामभावात् सर्वं विषयवस्तु पद्यमयत्वेन श्लोक्यते स्म । तस्य कण्ठस्थीकरणमाध्यमेन विषयवस्तूनि सिद्धान्तविशेषास्तथ्यानि च गुरुशिष्यपरम्परायां संरक्ष्यन्ते स्म । संरक्षितानि तानि तथ्यानि सिद्धान्ताश्चाद्याधीयन्ते व्याख्यायन्तेऽनुसन्धीयन्ते च । गुरूच्चारणानुच्चारणरूपस्य शिक्षात्वात् प्राक्काले वेदाऽपि गुरूच्चारणानन्तरं शिष्योच्चारणरूपेणाधीयन्ते स्म । अतएव ते श्रुतयः उच्यन्ते । श्रूयते या सा श्रुतिर्भवति ।

पद्यस्यैवं गुणत्वादेव काव्यमर्मज्ञाः प्राध्यापका दाहालमहोदयाः गतो मदीयो ननु कुत्र देशः॰ इत्यभिधस्य काव्यस्यैव लेखने प्रवृत्ताः । सम्भवत्स्वपि अन्येषु कविताशीर्षकेषु 'हरिजनवन्दनम्', 'सन्नमनम्', 'मदीयाजन्मभूमि' रित्यादिषु प्रकृतशीर्षकीकरणं देशे प्रवृत्तायाः विकृतेः कारणात् राष्ट्रवादस्य कविहृदयप्ररुढत्वात् राष्ट्रस्य सर्वोपरि वर्तमानत्वाच्च चेत्यहं मन्ये । लोकतन्त्रकाले देशः सर्वतः परतन्त्रो दृश्यते । दैनिकोपभोग्यवस्तुषु वस्त्रालङ्कारेषु, यान्त्रिकोपकरणेषु कर्गजादौ खाद्यान्नेषु द्विदलशाकादिषु चेति । अत्रास्माकं देशे देशान्तरेभ्यो यानैष्ट्रकवाहनादिभिर्वस्तूनि आनीयन्ते । आनयनकाले तानि च ट्रकयानादि वस्तुभारेण आनतानि दृश्यन्ते, इतस्तु रिक्तानि कम्पमानानि च तानि विदेशे गच्छन्ति । एवं वस्तूनामानयनं असन्तुलितम् । अस्यां स्थितौ कथं देशस्य विकास इति चिन्तयन् कविरिमामेवं स्थितिं एवं श्लोकते हृदयावर्जकम्–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कृषिप्रधानोऽस्ति मदीयदेशः
क्रीणाति खाद्यं परमेष बाह्यतः ।
सर्वत्र ह्रासोन्मुखतां निरीक्ष्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः । इति ।

कृषिप्रधानेऽप्यत्र देशे अधिकपरिमाणे तण्डुला आनीयन्ते । महत्यां मात्रायां द्विदलानि, शाकाः फलानि चानीयन्ते । वस्त्राणि, वाहनानि तु पूर्णत आनीयन्ते स्वर्णमुद्राव्ययेनेति कविहृदयं रोदिति । सर्वेषां देशजनानां कविः प्रतिनिधिरिति सर्वोऽपि जनो रोदित्येव, खिद्यते च । आयातरोधो निर्यातप्रवर्धनञ्च देशविकासमूलमिति तदभावेन कविश्चिन्तामभिव्यनक्ति । एतत्सर्वं कवे राष्ट्रवादं पुष्णाति । राष्ट्रं सर्वोपरि वर्त्तते । यो राष्ट्रहितं नाचरति स भस्त्रावत् श्वसिति इति 'एतदीयधारणा' इति शीर्षकीय-कवितायां कविरेवं श्लोकते उपजातौ–

राष्ट्रं मदीयं यदि नाम जीवेद्
जीवामि सम्यक् सततं तदाऽहम् ।
इत्येव बुद्ध्वा न चलेद् जनो यः
श्वासैर्धृतः सन्नपि यो मृतः सः । इति ।

अत्र हि लघुकाव्ये कवितानां द्वाविंशतिरन्तर्भूताः सन्ति । तासां शीर्षकाणि चेमानि–

१. हरिजनवन्दनम् [वर्गद्वयसमन्वितम्], २. सन्नमनम् [वर्गचतुष्टयसमन्वितम्], ३. नरहर्यर्चनम्, ४. मारुतिनुतिः, ५. वृथा गतेयं मम जीवनावलिः, ६. गतो मदीयो ननु कुत्र देशः, ७. शान्तिप्रियो भवतु नूतनवत्सरोऽयम्, ८. एतदीयधारणा, ९. कवितापञ्चविंशतिः, १०. कालिदासार्चनम्, ११. कथं गृहे मे कलहो विवर्धते, १२. कुर्यामहं किं जगतो हिताय, १३. देशवन्दना, १४. देशे देशे शैलतेऽसौ वसन्तः, १५. का स्यान्नेपालभूमेः स्थितिः, १६. कान्तेव खेदशमनी मम लेखनीयम्, १७. मदीया जन्मभूमिः, १८. विदुषां लक्षणमेतदीरितम् इति च ।

एषां सङ्ग्रहरूपमिदं लघुकाव्यम् । शीर्षकानुसारेण विभिन्नानां विचाराणां विषयाणाञ्चान्तर्भावोऽत्र दृश्यते । इति विचित्रं काव्यमिदम् ।

प्रथमायां कवितायां भक्तस्य दलितस्य च रविदासस्य नामदेवस्य च सरसं श्लिष्टञ्च वर्णनं प्राप्यते । उपजातौ छन्दसि श्लोका अत्र श्लोकिताः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीयायां कवितायां शीर्षकानुसारेण सतां नमनं कृतज्ञताज्ञप्तिश्च वर्त्तते । भुजङ्गप्रयातमत्र । अपरस्मिन् सन्नमने च सतां ख्यातयशसामुदात्तं वर्णनं प्राप्यते । तृतीयायाञ्च कवितायामिन्द्रवज्रया वंशस्थेनोपजात्या च साधको विद्वान् नरहरिनाथो वर्णितस्तत्र श्रद्धा चाभिव्यक्ता कविना । चतुर्थ्याञ्च कवितायां मालिन्या मारुतिनन्दनो हनुमान् वर्णितो यस्य ब्रह्मचर्यमलौकिकानि च कार्याणि वाल्मीकिरामायणे वर्णितानि । पञ्चम्यां प्रकृतकाव्यस्य शीर्षकभूतायां कवितायाञ्च स्वदेशस्य सार्वत्रिक्या दुरवस्थाया विकृतेर्वा वर्णनमसाधारण्येन विहितम् । षष्ठ्याञ्च कवितायां वसन्ततिलकया नववर्षस्य शुभा कामनाऽभिव्यक्ता । सप्तम्याञ्च 'एतदीयधारणा' इत्यस्मिन् शीर्षके उपजातिच्छन्दसा स्वकीया धारणा श्लोकिता । अष्टम्यां कवितायां स्रग्धराच्छन्दसि काव्यस्य महिमगानं विलोक्यते । नवम्यां कवितायां स्रग्धरायामेव महाकवेः कालिदासस्य कीर्त्तिः समुपवर्णिता । दशम्यां 'कथं गृहे मे' इत्यत्र गृहस्य देशस्य च कलहप्रयुक्तवैषम्यस्य च वर्णनं विलिखति । एकादश्यां 'कुर्यामहं किम्' इत्यत्रोपजात्यादिषु लोकोपकारस्योत्कटेच्छा प्रकटिता । द्वादश्यां देशवन्दनायां प्रमाणिकाच्छन्दसि देशस्य गौरवं समुपगीतं दृश्यते । ततोऽपरायां शालिनीवृत्ते वसन्तर्त्तोः तच्छवेश्च वर्णनं समधिगम्यते । ततोऽपरायां 'का स्यान्नेपालभूमेः स्थिति' रित्यत्र नेपालस्य दुरवस्थायाश्चित्रणं यथार्थं मनोहारि च वर्त्तते । 'कान्तेव खेदशमनी' इति शीर्षके च लेखन्या महत्त्वं प्रज्ञाप्राखर्यञ्चोपवर्णितम् । मदीया जन्मभूमिरित्यत्र कवेर्जन्मभूमेर्नेपालस्य धादिङस्य नेवारपानी इत्याख्यायाः स्वजन्मभूमेर्हार्दं वर्णनं विलसति । अपरस्याञ्च विदुषां लक्षणमेतदीरितमत्र विदुषां लक्षणं श्लेषालङ्कारप्रयोगेण विहितम् । तत्र द्वितीयश्लोकः प्रसादगुणसम्पन्नो मनोहरश्च प्रतीयते समनुभूयते च–

दुःखमापतताादहर्निशं
सुखमात्रं सततं मिलेदपि ।
उभयत्र समत्वधारणं
विदुषां लक्षणमेतदीरितम् । इति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्लेषालङ्कारप्रयोगेऽपि कविर्दक्षो दृश्यते। यथा तत्रैव विद्वल्लक्षणे श्लोकतेऽसौ–

जनतापहराय चिन्तनं
कुजनानां हितकार्यसाधनम्।
व्रतमस्ति सदा सुरार्चनं
विदुषां लक्षणमेतदीरितम्। इति।

अत्र जनतापहर–कुजन–सुरार्चनपदेषु श्लेषोऽनुभूयते।

एवं प्रकृतं लघुकाव्यं विदुषां मनोहरम्। राष्ट्रभाषायां नेपाल्यां विहितस्यानुवादस्यासञ्जनेनेदं काव्यं संस्कृताज्ञानामपि पठनीयं मनोहारि चेत्यपि वेदनीयम्। अत्र काव्येऽवान्तरकविताशीर्षकवत् श्लोका विचारानेकत्वं रसवैविध्यञ्च वर्णयन्ति। अत्र लघुकाव्ये ३५५ श्लोका रसवैविध्यं बोधयन्तः काव्यं पूरयन्ति। प्रत्येकं श्लोके रसवैभिन्न्यमनुभूयते इति श्लोकगतोपशीर्षकगतरसैरंशिनं रसं समृद्धं कुर्वन्तीति तथ्यम्।

काव्यशास्त्रस्यालङ्कारशास्त्रस्य च प्रथमः प्रवर्त्तको दण्डी मन्यते। वाल्मीकीयं रामायणं व्यासीयं महाभारतञ्चादर्शं मत्वाऽनेन काव्यशास्त्रमलङ्कारशास्त्रञ्च प्रणीतम्। एवञ्चायमेतत्तथ्यं वोधयति प्राचीनः श्लोकः–

जाते जगति वाल्मीकौ कविरित्यभिधाऽभवत्।
कवी इति ततो व्यासे कवयस्त्वयि दण्डिनिः। इति।

एवञ्च प्रकृतकाव्यलेखका अपि कवित्वेन दण्डिनः पङ्क्तौ अन्तर्भूता इति तथ्यम्। प्रकृतकाव्यं लक्षणशास्त्रत्वं काव्यशास्त्रत्वं क्रियाकल्पतां वा बिभर्त्तु इति शुभाशंसां प्रकटयन् काव्यान्तरलेखनेऽप्यस्य प्रवृत्तिर्भूयात् अनेन चायं बहुजनसमवेतज्ञानविषयताञ्च बिभृयात् इत्याशासानो विरमामि।

प्रा.डा.विष्णुप्रसादशर्मा देवकोटा
२०७२ भाद्रकृष्णाष्टमी,
कलङ्कीस्थानं, काष्ठमण्डपे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थप भनाइ

मौका मौकामा फुरेका वाक्यहरूलाई टिप्दै टिप्दै यो सानो कवितासङ्ग्रह खडा हुन पुगेको छ। जताततै बढ्दै गरेको विसङ्गति, केवल निजी स्वार्थपूर्तिका लागि दशतिर धाउने प्रवृत्ति, आफू पालितपोषित भएको सङ्घ संस्थालाई ढालेर उठ्न खोज्ने दुश्चेष्टा, आपसी सहयोगको क्षय, मानवताको दुरवस्था, क्षुद्र स्वार्थपूर्ति गर्ने लिप्सामा राष्ट्रिय स्वार्थलाई तिलाञ्जलि दिने जस्ता घटनावलीले कविताको रूप लिन पुगेका छन्। कवि नभए पनि र त्यतातर्फको साधना क्षीण रहे पनि संस्कृतप्रतिको यत्किञ्चित् श्रद्धाले यतातर्फ डोऱ्यायो। समयको लामो अन्तरालमा संस्कृतज्ञबाटै संस्कृतप्रति गरिँदै आएको उपेक्षाभावका कारण संस्कृतमा जति पठनपाठन, सम्पादन वा अनुसन्धान भएको देखिए पनि निश्चित व्यक्तिवर्गलाई फाइदा पुग्नुभन्दा बढी केही नभएको, संस्था क्रमशः धराशायितातर्फ उन्मुख हुँदै गएको यथार्थ वस्तुस्थितिले कोक्किएर यी पङ्क्तिहरू कोरिन पुगे।

कविताले कवितामा हुनुपर्ने आस्वाद, प्रीति अनि सौन्दर्य अपेक्षित रूपमा पस्किन सकेका छैनन् भन्ने कुरामा सङ्ग्रहकार स्वयं दुःखी छ। समयको स्वरलाई पनि कविताले बोक्न सकेका छैनन्। तैपनि राष्ट्रप्रेम, मानवता, आस्तिकता, राष्ट्रिय संस्कृति संरक्षणप्रतिको चेतना, देशका गाउँदेखि सहरसम्मको सार्वत्रिक विकास, निर्लोभी नेतृत्व, दूरदर्शी सोच र शान्तिको कामना सबै कविताले समवेत स्वरमा खोजेका छन्। विकृति विसङ्गति पूरै हटेर स्वस्थ एवं सबल राष्ट्र बनेको हेर्न चाहेका छन्। जस्तै स्वादको भए पनि र सानो सङ्ग्रह भए पनि यस सङ्ग्रहका कवितामा सकेसम्म धेरैका आँखा परून् अनि आँखाबाट प्रवेश गरेर मनमस्तिष्कमा लामो समयसम्म बसून् भन्ने कृतिकारले चाहना राखेकै छ।

हुनत मातृभाषा नेपाली र देशका अन्य भाषाहरूमा पनि संस्कृत शब्दको तत्सम, तद्भव र विकारी रूपमा मनग्य प्रवेश पाइन्छन्, त्यस अर्थमा संस्कृत कविताको साधारण भाव बुझ्न सामान्य पठित वर्गलाई धेरै अप्ठ्यारो त हुँदैन, तैपनि कविताको वाच्यरूप स्पष्ट होस् भनेर नेपालीमा अनुवाद दिएको छु। यस सङ्ग्रहका सबै कविता अनुवादसहित साङ्गोपाङ्ग हेरेर अशुद्ध पद, पदावलीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्याएर शुद्ध बनाई मन्तव्यसमेत दिनुभएकोमा संस्कृत व्याकरण तथा साहित्यका आधिकारिक मूर्धन्य विद्वान् एवं कवि प्रा.डा.विष्णुप्रसाद देवकोटाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । आफ्ना अनेकौँ व्यस्तता हुँदाहुँदै अनि अनेकौँ महत्त्वपूर्ण काममा लाग्नुपर्ने बाध्यता हुँदाहुँदै लाभदायक कामलाई समेत छाडेर यस सङ्ग्रहका सबै कविता नेपाली अनुवादसहित टाइप गरिदिएर नमिलेका शब्द, वाक्यलाई मिलाएर यस प्रकारको स्वरूप देखाउन निःस्वार्थ सहयोग गर्नुभएकोमा मेरा आत्मीय मित्र नेपाली वाङ्मयको पठनपाठन, सम्पादन तथा सर्जन कार्यमा संलग्न सहप्रा.डा.सुधन पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो कविता सङ्ग्रहको प्रकाशनको जिम्मेवारी सहर्ष स्वीकार गरेकोमा अध्ययन, अनुसन्धान र प्रकाशनमा निरन्तर लागि परेको मोलुङ फाउन्डेसन, कोटेश्वर प्रति म चिरऋणी छु। साथै यस सङ्ग्रहको प्रकाशनमा शुभेच्छा राख्नुहुने परिवारजन तथा सबै आत्मीय जनमा हार्दिक साधुवाद टक्र्याउँछु।

निवेदयिता
–रामहरि दाहाल
धादिङ नेवारपानी
हाल : कलङ्की, काठमाडौँ
२०७२ भाद्र २१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

क्र.सं.	शीर्षकाणि -	पृष्ठ
१.	हरिजनवन्दनम् (क)	१
२.	हरिजनवन्दनम् (ख)	७
३.	सन्नमनम् (क)	१३
४.	सन्नमनम् (ख)	१५
५.	सन्नमनम् (ग)	१७
६.	सन्नमनम् (घ)	१९
७.	नरहर्यर्चनम्	२४
८.	मारुतिनुतिः	२८
९.	गता वतेयं मम जीवनावलिः	३६
१०.	गतो मदीयो ननु कुत्र देशः	४०
११.	शान्तिप्रियो भवतु नूतनवत्सरोऽयम्	६०
१२.	एतदीयधारणा	६३
१३.	कवितापञ्चविंशति	६९
१४.	कालिदासार्चनम्	७८
१५.	कथं गृहे मे कलहो विवर्धते	८७
१६.	कुर्यामहं किं जगतो हिताय ?	९०
१७.	देशवन्दना	९३
१८.	शैले शैले शालतेऽसौ वसन्तः	९७
१९.	का स्यान्नेपालभूमेः स्थितिः	१००
२०.	कान्तेव खेदशमनी मम लेखनीयम्	१०३
२१.	मदीया जन्मभूमि	१०७
२२.	विदुषां लक्षणमेतदीरितम्	११०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरिजनवन्दनम् (क)

(हरिजन अर्थात् भक्तजन तथा दलितको वन्दना)

कर्दमेऽस्ति किमु संस्फुटपद्मं
हाटकेऽस्ति किमु सौरभमेवम् ।
संशयं प्रजनयन् खलु जात-
श्चर्मकारवसतौ शिशुरेकः ॥ १ ॥

हिलोमा कमल फुलेको हो कि ? सुनमा सुगन्ध थपिएको हो कि ? भन्ने सन्देह उब्जाउँदै चर्मकार (सार्की) को बस्तीमा कुनै बच्चा जन्मियो ॥१॥

जातिभेदबहुले धनहीने
सभ्यसंस्कृतिविहीनसमाजे ।
वञ्चितोऽपि पठनात् सुखतश्च
बालको हरिजनस्सबभूव ॥ २ ॥

(ठूला साना भन्ने) जातिभेद फैलिएको, सम्पत्ति नभएको, सभ्यता र संस्कृतिरहित समाजमा ती बालक पढाइ र सुखबाट वञ्चित हुनु परे पनि हरिजन (भगवान्कै आफन्त) भए ॥२॥

सोऽजनिष्ट रविवासरे ततो
दासपश्चिमपरं रविमाहुः ।
जन्मतस्समभवत् स महात्मा
राघवेन्द्रपदपङ्कजभृङ्गः ॥ ३ ॥

उनी रविवारमा जन्मिए । त्यसैकारण उनलाई रविदास भनियो । जन्मेदेखि नै महान् आत्मा भएका ती रविदास राघवेन्द्रको पाउरूपी कमलका भमरा बने ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असावुपानद्रचनादिकार्ये
सहैव पित्रा सततं रतोऽभूत्।
श्रीरामचन्द्रे मतिरस्ति यस्य
विभेति दुःखात् स कथं मनुष्यः ?॥ ४॥

उनी पितासँगै जुत्ता सिउने आदि काममा लाग्दथे। जसको श्रीरामचन्द्रमा मति छ, त्यो व्यक्ति दुःखबाट किन डराओस् ?॥४॥

एकदा पथीचरन् निजकृत्यै
स्निग्धवर्तुलशिलां स लुलोके।
तं नियम्य चरणद्वयमध्ये
शस्त्रतेजनविधौ प्रयुयोज॥ ५॥

एक दिन काम विशेषले बाटमा हिँड्दै गर्दा उनले चिल्लो र बाटुलो ढुङ्गो देखे। त्यसलाई दुई पाउमा राखेर (छाला सिउन) औजार उध्याउने काममा प्रयोग गरे॥५॥

श्रोत्रियो द्विजवरः पथि गच्छन्
दैवतोपलमसौ समपश्यत्।
चर्मकारकरतः परिगृह्य
पूजनाय निलयं स निनाय॥ ६॥

वैदिक ब्राह्मणले बाटमा हिँड्दै गर्दा शिलाखण्ड (शालिग्राम) देखे। सार्कीको हातबाट त्यो शालग्राम लिएर उनले पूजा गर्नका लागि घर लगे॥६॥

किन्तु नारमत तत्र रमेश-
श्चर्मकारवसतिं द्रुतमापत्।
लभ्यते नहि धनैर्नच जात्या
लभ्यते हरिरहैतुकभक्त्या॥ ७॥

तर ब्राह्मणको घरमा बस्न भगवान् रमाएनन्। तुरुन्तै उनी सार्कीकै बस्तीमा आए। धन अथवा जातिका कारण हरि पाइँदैनन्। उनी त अहैतुकी भक्ति (निष्काम भक्ति) बाट मात्र पाइन्छन्॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुःखं विलोक्य रविदासगृहस्य कश्चित्
तस्मै नु पारदमणिं प्रददौ दयार्द्रः ।
सर्वस्वरामचरणार्पितशुद्धचेता
नैच्छन् मणिं धनमदादतिभीत एषः ॥ ८ ॥

रविदासको घरको दुःख देखेर दयालु कुनै व्यक्तिले उनलाई पारसमणि दिए। रामको चरणमा सर्वस्व सुम्पिएर शुद्ध चित्त भएका रविदासले धनमदबाट ज्यादै तर्सेर त्यो मणि लिएनन् ॥८॥

रात्रिन्दिवं बहुश्रमेण विधाय चर्म
कार्यं मिलद्द्रविणमेष ददौ दुःखिभ्यः ।
प्राप्ता जनिः परहितार्थमियं विचार्य
सन्तो न बिभ्यति कदाचन दुःखतश्च ॥ ९ ॥

रविदासले रातदिन दुःख गरी छाला सिउने काम गरेर पाएको पैसा दुःखीलाई दिए। मानव चोला परहितकै लागि हो भन्ने बुझेका सज्जनहरू दुःखबाट कहिल्यै डराउँदैनन् ॥९॥

असौ शूद्रजातः कथं वक्ति धर्मं
गता किं नु भीता बुधाः शैवपुर्याम् ।
इति प्रब्रुवद्भिर्द्विजै राजवाण्या
भृशं रोधितोऽभूदयं धर्मबोधे ॥१० ॥

यो (रविदास) शूद्र जातको भएर पनि धर्मको प्रवचन दिने गर्छ। के काशीमा विद्वान्हरू बितिसके ? कि डराएर लुकेका छन् ? यस्तो भन्दै ब्राह्मणहरूले राजाज्ञाको कार्यान्वयन गराएर धर्मको चर्चा गर्नबाट उनलाई रोक लगाए ॥१०॥

परन्त्वस्य शालीनशैल्या विमुग्धा
जना वव्रिरेऽमुं परात्मप्रबोधे ।
असौ रामतत्त्वं यथाबुद्धि व्यख्यात्
परार्थाय सन्तीह सन्तो नियुक्ताः ॥ ११ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तर रविदास (बोलाउने नाम रैदास) को शालीन शैलीबाट प्रभावित भएका व्यक्तिहरूले परमात्म तत्त्व बुझाउनका लागि उनलाई नै रोजे। उनले आफ्नो बुद्धिअनुसार रामतत्त्वको व्याख्या गरे । हुन पनि सज्जनहरू परोपकारका लागि नै खट्छन् ॥ ११॥

अनेन वितीर्णं प्रभोः पादतोयं
न पीत्वैव चैलेऽत्यजत् कोऽपि मूढः ।
दधत् तच्च चैलं तदा पुल्कसोऽभूत्
प्रभादीप्तदेहश्च सिद्धो महात्मा ॥ १२ ॥

रविदासले दिएको भगवानको पाउको निर्मल जल आचमन नगरेर कुनै बुद्धि नभएको मान्छेले लुगामा फाल्यो । त्यो कपडा पहिरिएको चाण्डाल भने कान्तिले धपक्क बलेको सिद्ध महात्मा भयो ॥१२॥

कुतश्चिद् द्विजैर्वा बुधैर्वा कुतश्चित्
कुलीनैर्धनाढ्यैर्भुजङ्गैः कुतश्चित् ।
प्रलब्धोऽपि धीरो न तत्याज धर्मं
परं लोकभूत्यै स तत्याज सर्वम् ॥ १३ ॥

कहिले ब्राह्मणवर्गले, कहिले पठित भनाउँदाहरूले, कहिले कुलीनहरूले, कहिले धनीवर्गले त कहिले गुण्डाहरूले उनी सताइए। तैपनि यी धैर्यशाली व्यक्तिले धर्म छाडेनन्। तर लोककल्याणका लागि भने सर्वस्व नै सुम्पे ॥१३॥

शास्त्रीयचर्चाकरणाय गोष्ठ्या-
माकारितोऽभूद् रविदास एषः ।
परं नरेशस्य पुरो बुधास्ते
पराजयं तत्क्षणमापुरेव ॥ १४ ॥

शास्त्रीय चर्चाका लागि रविदासलाई सभामा बोलाइयो । तर राजाका सामु रविदासले व्यक्त गरेको तर्कबाट विद्वान्हरू तुरुन्तै पराजित भए ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यदा प्राप चित्तौडक्षेत्रं महिष्या
समेषां समक्षं स सम्मानितोऽभूत्।
तदाऽमुष्य रूपं समन्ताद् विलोक्य
समे विस्मयेनाऽन्विताः संबभूवुः ॥ १५ ॥

तीर्थयात्राका सिलसिलामा उनी चित्तौड भन्ने ठाउँमा पुगे । तब सबैका सामु त्यहाँकी तात्कालिक रानीले उनलाई सम्मान गरिन्। त्यतिखेर सबै दर्शक जता हेरे पनि रविदासको अनुहार देखेर आश्चर्यचकित भए ॥१५॥

असौ नीचजात्यो ब्रुवाणैर्द्विजैस्सः
महेशस्य पूजाविधौ सन्निरुद्धः ।
तदा विश्वनाथः स्वयं प्राप्य पूजां
प्रयत्नं ततस्तस्य पूर्णं चकार ॥ १६ ॥

यो नीच जातको हो भन्ने ब्राह्मणहरूले उनलाई काशी विश्वनाथको पूजा गर्नबाट रोके । त्यतिखेर विश्वनाथ स्वयं प्रकट भएर उनको पूजा स्वीकार गरी उनको प्रयासलाई सफल बनाए ॥१६॥

अनेन प्रदत्ते सदावर्तभोजे
मुदा जह्नुकन्या तदाऽऽविर्बभूव ।
सतां मेलनार्थं नवा सन्त एव
परं देवदेव्यश्च सोत्का भवन्ति ॥ १७ ॥

उनले सदावर्त भोजको आयोजना गरे । त्यस बखत भागीरथी पनि खुसीले उपस्थित भइन् । सज्जनसँग मिल्न सज्जनहरू मात्र होइन, देवदेवीहरू पनि उत्सुक हुन्छन् ॥१७॥

सुखं वाऽस्तु दुःखं स्तुतिर्वाऽस्तु निन्दा
समं तुल्यमालक्ष्यता वर्तितव्यम् ।
सदा लोकभूत्यै शुभं कर्म कृत्वा
पुरो वर्धनीयं स सर्वानुवाच ॥ १८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुख मिलोस् कि दुःख, स्तुति होस् वा निन्दा, सधैं एकनासले रहनुपर्छ। निरन्तर लोककल्याणका लागि कर्म गरेर अघि बढ्नुपर्छ। रैदासले सबैलाई यही भने ॥१८॥

यात्राक्रमे भगवतो महिमप्रचारं
कुर्वन् स भारतभुवं बहुधाऽऽट धीरः।
धन्याऽस्ति भारतधरा भगवत्कलानां
तीर्थेन पादरजसा विमलायिताऽऽस्ते ॥ १९ ॥

यात्राको सिलसिलामा भगवत् महिमाको प्रचार गर्दै उनी भारतवर्षका धेरै ठाउँहरूको भ्रमण गरे। यो भारतवर्ष यस कारण धन्य छ कि यो भगवान्का भक्तहरूको पवित्र पादरजले निर्मल बनेको छ ॥१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हरिजनवन्दनम् (ख)

ईश्वरकृपया कश्चन बालो
दलितवसतावेको जातः ।
तमसाऽऽच्छन्ने भगणसमूहे
विधुरिव कान्त्याऽद्योतत सोऽथ ॥ १ ॥

ईश्वरको कृपाले कुनै बालक दलितको बस्तीमा जन्मे । अन्धकारले ढाकेका नक्षत्रहरूका बीचमा चन्द्रमाझैँ उनी कान्तिले चम्के ॥१॥

विकृतिभूमौ दलितसमाजे
शिक्षासंस्कृतिरहिते वंशे ।
अंशुकसीवनकर्म प्रकुर्वन्
बालक एषोऽवर्धत शीघ्रम् ॥ २ ॥

विकृतिको थलो भएको, शिक्षा संस्कार नभएको दलित वंशमा जन्मेका ती बालक कपडा सिउने काम गर्दै छिटै बढे ॥२॥

चैले सूच्यां कर्तरिकायां
पश्यति बालो भगवद्रूपम् ।
को जानीयाद् बालक एष
भविता भगवद्भक्तविशेषः ॥ ३ ॥

कपडामा, सियोमा र कैँचीमा समेत सबैतिर ती बालक भगवान्कै रूप देख्दथे । उनी भगवान्का विशिष्ट भक्त हुनेछन् भनेर कसले जान्ने ? ॥३॥

अङ्कस्वरूपेऽक्षरसंलेखे
पुस्तकपत्रे विठ्ठलमेव ।
दर्शं दर्शं बालक एषो-
ऽधीते किञ्चिद् गुरुजनतश्च ॥ ४ ॥

(पढेको बखत) अङ्कमा, अक्षरमा र पुस्तकका पत्रमा उनले विठ्ठल भगवान्लाई नै देखे । यसरी सबैतिर ईश्वर देख्दै गुरुजनबाट पनि केही पढे ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बालहठं यो कृत्वा दुग्धं
विठ्ठलनाथं पाययति स्म ।
लोकनियन्ता सन्नपि देवो
भक्तवश्यतां दर्शयती ह ॥ ५ ॥

उनी बालहठ देखाएर विठ्ठलनाथलाई दूध पिलाउँथे । समस्त लोकलाई वशमा राख्ने भएर पनि यहाँ (लीलाका बखत) आफूलाई भगवान्ले भक्तको वशमा रहेको देखाउनुहुन्छ ॥५॥

हरिपदभक्त्याऽदीप्यत नाम
तत एवाऽभूत् सार्थकनामा ।
नामदेवेत्यभिधां प्राप
प्रतिपलकं यो हरिं जजाप ॥ ६ ॥

हरिपदको भक्तिबाट उनको नाम चम्कियो । त्यसपछि उनको नाम सार्थक भयो । उनको नामदेव भन्ने नाम फैलियो, जो प्रत्येक पल हरिनाम जप्दथे ॥६॥

भक्तिसुधायाः सरितं लोके
वाहितवान् यो भारतवर्षे ।
नामजपार्थे बलं ददानो
भ्राम्यति धीरो लोकहिताय ॥ ७ ॥

भारतवर्षमा जसले भक्तिसुधाको नदी बगाए । भगवन्नाम जपका लागि बल दिने यी धैर्यशाली व्यक्ति समाजहितका लागि डुले ॥७॥

यद्यपि जायासन्ततियुक्त-
स्तदपि स मोहे नैव पपात ।
पङ्के जातं सदपि हि पद्मं
किं खलु धत्ते पङ्किलरूपम् ॥ ८ ॥

यद्यपि नामदेवका पत्नी र सन्तान थिए, तैपनि उनी मोहमा परेनन् । कमल हिलोमा उम्रेको छ भन्दैमा के कमलमा हिलो हुन्छ र ? ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्य बिसोवेत्यभिधाद् बीजं
ज्ञातरहस्योऽभवदथ शीघ्रम् ।
विश्वप्रपञ्चं निखिलं पश्यन्
कृष्णमयं यः खलु समबुद्ध ॥ ९ ॥

उनले बिसोवा नामका महात्माबाट बीजमन्त्र पाए। त्यसपछि शीघ्र नै उनलाई रहस्य ज्ञात भयो । उनले देखिएको समस्त विश्वप्रपञ्च कृष्णमय छ भन्ने बुझे ॥९॥

विठ्ठलरूपं ध्यायं ध्यायं
भावसमाधौ प्रापन्नित्यम् ।
को वा मनुजः पारदरत्नं
त्यक्त्वा वृणुयादायसजातम् ॥ १० ॥

उनी विठ्ठल भगवान्को रूपको ध्यान गर्दागर्दै भावसमाधिमा पुग्दथे । कुन त्यस्तो व्यक्ति होला, जो पारसमणिलाई छाडेर फलाम लेला ? ॥१०॥

कदाचिद् कुटीरेऽज्वलद् बह्निचक्रं
परं नामदेवो मुदा संननर्त ।
सदा रामभद्रेऽर्पितं येन चेतः
स वै तुच्छभोगे कथं संरमेत ॥ ११ ॥

एकदिन उनको कुटीमा आगो लाग्यो । तैपनि नामदेव खुसीले नाचे । जसको नाम रामचन्द्रमा अर्पित छ, ऊ तुच्छ भोगमा किन पो रमाउँथ्यो र ? ॥११॥

कदाचिद् कुटीरादपूपं मुषित्वा
चलद्ग्रामसिंहं विलोक्यैष धीरः ।
घृतं लिम्प, शुष्कं न खादेति खिन्नो
वदन् साज्यहस्तः श्वपार्श्वं जगाम ॥ १२ ॥

कुनै दिन कुटीबाट रोटी चोरेर भाग्न लागेको कुकुरलाई देखेर यी धीर नामदेव घिउ लगाऊ, सुकेको रोटी नखाऊ भन्दै हातमा घिउ लिएर कुकुरनजिक पुगे। ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमुष्यैव पत्न्यै मणिं पारदाख्यं
ददौ दुःखनाशाय कश्चिद् दयालुः ।
परं नामदेवो मणिं गाङ्गतोये-
ऽक्षिपद् नैव दुःखेन त्रस्यन्ति धीराः ॥ १३ ॥

दुःख हटोस् भनेर कुनै दयालु व्यक्तिले यिनकी पत्नीलाई पारसमणि दिए। तर नामदेवले त्यो मणि गङ्गामा फ्याँके। हुन पनि बुद्धिमान् व्यक्तिहरू दुःखबाट कहिल्यै तर्सदैनन् ॥१३॥

तदाऽसौ मणिस्वामिनः सान्त्वनाय
शिलाः विष्णुपद्याः सुवर्णानि चक्रे ।
क्षमस्वेति जल्पन् मणिस्वामिकोऽसौ
ततो नामदेवस्य शिष्यो बभूव ॥ १४ ॥

मणिधनीलाई सान्त्वना दिन उनले गङ्गाबाट गेगर ल्याएर सुन बनाए। त्यसपछि मणिधनी मलाई क्षमा गर्नोस् भन्दै नामदेवका चेला बने ॥१४॥

कदाचित् स यात्राप्रसङ्गे जलार्थी-
भवन् शुष्ककूपं जलाढ्यं चकार ।
बिकानेरकौलादग्रामेऽधुनापि
जना एतदीयं सुकृत्यं गदन्ति ॥ १५ ॥

कुनै बेला यात्रा गर्ने प्रसङ्गमा तिर्खाएका उनले सुकेको कुवालाई जलपूर्ण बनाए। बिकानेर कौलाद भन्ने गाउँमा अहिले पनि मान्छेहरू उनको यो सुकीर्ति गाउँदै गरेका भेटिन्छन् ॥१५॥

कदाचित् स दारूवने नागनाथं
ययौ द्रष्टुकामः सुहृद्भिः परीत्य ।
असौ नीचजातेरिति ज्ञातवद्भि-
स्तदा पूजकाद्यैः प्रवेशे निषिद्धः ॥ १६ ॥

कुनै बेला नामदेव भगवान् नागनाथको दर्शन गर्न दारु नामको वनमा मित्रमण्डलीका साथ गए। यो तल्लो जातको हो भन्ने जानेका पूजारीहरूले उनलाई पूजा गर्न दिएनन् ॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परं नामदेवः परं भक्तिभावाद्
भुजङ्गेशमाह्वद् द्रुतं दर्शनाय ।
स्वभक्तस्य मानं रिरक्षुः परेशः
परावर्त्य प्राग्द्वारमाविबर्भूव ॥ १७ ॥

तर नामदेवले अत्यन्त भक्तिभावले नागनाथलाई पुकारे । आफ्ना भक्तको मान राख्न नागनाथ भगवान्ले मन्दिरको पूर्व ढोका नामदेवपट्टि फरक्क फर्काएर दर्शन दिनुभयो ॥१७॥

विभिन्नेषु भागेषु यात्राप्रसङ्गे-
ऽवदत् भक्तितत्त्वं जनानेष साधुः ।
गुरोराज्ञयाऽसौ प्रभोर्विठ्ठलस्य
स पारेसहस्रमभङ्गान् लिलेख ॥ १८ ॥

यात्राको सिलसिलामा धेरै ठाउँ पुगेर यी साधुले मानिसहरूलाई भक्तितत्त्वका बारेमा बताए । गुरुको आज्ञाअनुसार यिनले प्रभु विठ्ठलका बारेमा हजारौ अभङ्ग (भजनको एक प्रकार) लेखे ॥१८॥

अभङ्गाख्य गीतेषु वै नामदेवो
गुणान् विठ्ठलस्याधिकान् गायति स्म ।
चरित्राणि भूरीणि गायन् मुरारे-
र्भृशं भक्तिभावे बलं सन्दिदेश ॥ १९ ॥

अभङ्ग नामका भजनमा नामदेवले विठ्ठल भगवान्को गुण धेरै गाएका छन् । उनले मुरारिको नाम गानका साथमा भक्तिभावमा पनि बल दिएका छन् ॥१९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाराष्ट्रराज्ये तथाऽन्यत्र तीर्थे
भ्रमन् प्राचरद् यो परं भक्तितत्त्वम्।
इदानीं च 'वारकरीपन्थ' नाम्ना
मतं तत्प्रसिद्धं जनाः सन्ति लग्नाः ॥ २० ॥

महाराष्ट्र राज्य र अन्यत्र पनि डुल्दै डुल्दै नामदेवले पराभक्ति तत्त्वको प्रचार गरे। अहिले पनि उनको यो मत 'वारकरीपन्थ' नामले प्रसिद्ध छ, जुन मतमा कैयौँ भक्तहरू लागिरहेके छन् ॥२०॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्नमनम् (क)

(सन्त/सज्जनको वन्दना)

अहर्निशं लोकहिताय लग्नः
परात्मबोधे सततं निमग्नः ।
भूतेषु शश्वद् दययार्द्रचेता–
स्तमेकनाथं सततं नमामि ॥ १ ॥

रातदिन लोकहितमा लागेका, परात्मबोधमा सधैँ डुबेका, सबै प्राणीमा सधैँ दयालु रहने ती एकनाथलाई निरन्तर प्रणाम गर्दछु ॥१॥

रामेश्वरे गाङ्गजलार्पणाय
व्रजन् तृषार्तं खरमाददर्श ।
खराय दत्त्वा सलिलं समस्तं
रामेश्वरं पूजितवान् तदाऽयम् ॥ २ ॥

रामेश्वरमा गङ्गाको जल चढाउन हिँडेको बेला उनले तिर्खाएको गधालाई देखे । उनले गधालाई पूरै पानी पिलाए र रामेश्वरको यस प्रकार पूजा गरे ॥२॥

स्नातं महात्मानममुं कदाचिद्
म्लेच्छो मुखान्तर्जलमुत्ससर्ज ।
सम्प्राप्य गङ्गां स पुनश्च सस्नौ
पुनः स गण्डूषितवान् तमेव ॥ ३ ॥

नुहाएर आएका यी महात्मालाई कुनै यवनले थुक्यो । उनी गङ्गामा नुहाएर आए। उसले फेरि थुक्यो ॥३॥

कदा द्विकृत्वो नु कदा त्रिकृत्वः
कदा स सस्नौ शतकृत्वरेव ।
कृतापराधोऽधिकमेव भीतः
पश्चात् तदङ्घ्रौ यवनः पपात ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यवनले कहिले दुई पल्ट त कहिले तीन पल्ट थुक्यो। एक दिन त उसले सय पल्ट थुक्यो। त्यति नै पटक उनले नुहाए। मैले ठूलै अपराध गरेँ भनेर अत्यन्त डराएको यवन पछि उनको पाउमा पर्‍यो ॥४॥

संश्राव्य श्रीराममहत्त्वमन्त्रं
तं दोषिणं तारितवान् महात्मा।
दुःखानि सोढ्वा तृणवद्धि सन्तो
विश्वस्य भूत्यै सततं चरन्ति ॥ ५ ॥

त्यस्ता दोषीलाई पनि श्रीराम भन्ने महत्त्वपूर्ण मन्त्र सुनाएर ती महात्माले तारे। हो पनि, सज्जनहरू दुःखलाई तृणजत्ति पनि नगनेर लोककल्याणका लागि डुल्छन् ॥५॥

कदाचिदेतस्य गृहे प्रविष्टा-
श्चौरा अभूवन् गतदृष्टयो वै।
परं दयालुः सुजनाग्रणीस्स-
स्तेभ्यो धनं दृष्टियुगञ्च प्रादात् ॥ ६ ॥

कुनै बेला उनको घरमा चोरहरू पसे। तर उनीहरू तत्काल अन्धा भए। तैपनि दयालु सज्जन श्रेष्ठ यी महात्माले उनीहरूलाई धन र दृष्टि दुवै दिए ॥६॥

महात्मनः पाणितलस्य स्पर्शं
सम्प्राप्य चौरा विमला अभूवन्।
रवौ नभोमण्डलगेऽरुणे वा
कथं नु तिष्ठेद् भुवने तमिस्रा ॥ ७ ॥

यी महात्माको हातको स्पर्श पाउनेबित्तिकै चोरहरूको दिल सफा भयो। जब सूर्य वा अरुण आकाशमा उदाउँछन्, तब लोकमा अन्धकार रहन सक्छ र ? ॥७॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्नमनम् (ख)

आद्यं वयः पितृवियोगतप्तं
मध्यं वयो योगरतौ व्यतीतम्।
नित्यं स्मशाने स्थितिमादधानं
तैलङ्गसिद्धं सततं नमामि ॥ १ ॥

बाल्यकाल पितामाताको वियोगमा बित्यो। युवा उमेर योगमा स्थित रहेर बित्यो। नित्य स्मशानमा बस्ने सिद्ध तैलङ्ग बाबालाई सधैँ नमन गर्दछु ॥१॥

दिग्वाससं यं त्रपया विहीनं
विलोक्य भीता महिला बभूवुः।
तद्भीतिरोधाय च मण्डलेशो
तं निग्रहीतुं त्वरितं किलैच्छत् ॥ २ ॥

नाङ्गै हिँडेका निर्लज्ज यिनलाई देखेर महिलाहरू डराए। उनीहरूको डर हटाउने अभिप्रायले जनपदका प्रमुखले तुरुन्तै उनलाई पक्रिन चाहे ॥२॥

निगृह्य सिद्धं बहुवारमेनं
चकार कारान्तरितं नरेशः।
परं भ्रमन्तं बहिरेव दृष्ट्वा
जनाः परं विस्मयमापुरेवम् ॥ ३ ॥

मण्डलाधीशले यिनलाई धेरैपल्ट पक्रेर जेलमा हाले। तर उनी सधैँ पूर्ववत् बाहिर डुल्दै गरेको देखेर मानिसहरू आश्चर्यचकित भए ॥३॥

स्पर्शेन कुष्ठं शमयन् तथाऽसौ
गिरैव सञ्जीवितवान् गतासुम्।
क्रिया अचिन्त्याः व्यदधात् च नित्यं
गिरीशभक्तस्य कृते किमेतत् ?। ४ ॥

यिनले छोएर कुष्ठरोग निको पारे। मरेको व्यक्तिलाई बोलीले नै ब्युँताए। यी यस्ता सोच्नै नसकिने अनेक काम गरिरहन्थे। शिवभक्तका लागि यस्ता कर्म के हुन् र ? ॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायणाख्यः शिशुरेव पश्चाद्
वेदस्य तत्त्वं निपुणं निभाल्य ।
परावरज्ञो भवितेति को वा
जानीत ईशस्य हि चेष्टितं तत् ॥ ५ ॥

नारायण नामका शिशु पछि वेदका सारा रहस्य बुझेर भूत भविष्य जान्ने हुन्छ भन्ने कुरा कसलाई थाहा होस् ? यो त ईश्वरकै चेष्ट्य हो ॥५॥

यो लुप्तप्रायान् प्रकृते रहस्यान्
समुद्धरन् लोकहिताय गूढान् ।
मन्त्रस्य तन्त्रस्य च ज्योतिषस्य
योगस्य तत्त्वानि बहिश्चकार ॥ ६ ॥

यी नारायणले हराउन लागिसकेका प्रकृतिका गुप्त रहस्यहरूलाई खोजेर लोकहितका निम्ति तन्त्र, मन्त्र, ज्योतिष र योगका सारतत्त्वहरू बाहिर ल्याए ॥६॥

विशेषतः पारदसिद्धियोगे
सम्मोहने त्राटकतत्त्वबोधे ।
षट्चक्रभेदे च भविष्यज्ञाने
लोकाय तथ्यं समबोधयत् सः ॥ ७ ॥

विशेष गरी पारदसिद्धिको योगमा, सम्मोहन विद्यामा, त्राटकतत्त्व बुझाउनमा, षट्चक्रभेदनमा र भविष्य ज्ञानमा यिनले जिज्ञासु जनसमाजलाई धेरै तथ्य बुझाए ॥७॥

जयति स सद्गुरुदेवो
नारायणदत्तश्रीमालीत्यभिधः ।
यः प्राप्य ब्रह्मविद्यां
निखिलेश्वरानन्दरूपोऽभूत् ॥ ८ ॥

नारायणदत्त श्रीमाली नामका ती सद्गुरुदेव सर्वोत्कृष्ट छन्, जो ब्रह्मविद्या प्राप्त गरी निखिलेश्वरानन्दका रूपमा रहे ॥८॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्नमनम् (ग)

किमस्ति तथ्यं प्रकृते रहस्यं
किं स्यात् निगूढं श्रुतिवेद्यतत्त्वम् ।
सारं बुभुत्सुर्युवकः कदाचित्
प्रापद् गुरोराश्रममेक एव ॥ १ ॥

प्रकृतिको रहस्यात्मक तथ्य के हो ? वेदले बताएको गूढ तत्त्व के हो ? यस्तो सार बुझ्न खोज्ने युवक एक्लै गुरुको आश्रममा कुनै बेला पुगे ॥१॥

श्रीरामकृष्णः सततं समाधौ
लग्नोऽपि शिष्यं बुबुधे समागतम् ।
कथं न वेत्ताद् दृढयोगनिष्ठो
भूतं भवद् भावि जनस्य वृत्तम् ॥ २ ॥

श्रीरामकृष्ण सधैं समाधिमा रहन्थे । तैपनि शिष्य आएको कुरा समाधिबाटै बुझे । योगमार्गमा दृढतापूर्वक लाग्ने व्यक्ति कसरी व्यक्तिको भूत, वर्तमान र भविष्य वृत्तान्त बुझ्दैनथे र ? ॥२॥

ततः समर्थस्य गुरोः कृपातो
नरेन्द्रनाथो बहुज्ञानमापत् ।
तदा कृतार्थं जननं स मेने
तमः कथं स्यादुदिते दिनेशे ॥ ३ ॥

त्यसपछि समर्थशाली गुरुको कृपाले नरेन्द्रनाथले धेरै ज्ञान पाए । उनले आफूलाई कृतार्थ ठाने, किनभने सूर्य उदाएपछि अन्धकार कसरी रहोस् ॥३॥

रूढ्या कुरीत्या बहुशोऽभिलिप्तान्
शिक्षाकलासंस्कृतिबोधहीनान् ।
उद्धर्तुमिच्छुः स गुरूपदेशाद्
गार्हस्थ्यजालं सहसा चकर्त ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूढि–कुरीतिले मजैले गाँजिएका, शिक्षा–कला र संस्कृतिबाट विहीन व्यक्तिहरूलाई गुरुको उपदेशअनुसार उद्धार गर्न खोज्ने नरेन्द्रनाथले तत्कालै गार्हस्थ्यबन्धनलाई चुँडाए ॥४॥

कुरीतितामिस्रविनाशनाय
विवेकदीपस्य च दीपनाय।
आनन्दपश्चः स विवेकनामा
बभ्राम ग्रामान् बहुशो यतीन्द्रः ॥ ५ ॥

कुरीतिरूपी अन्धकार हटाउन र विवेकरूपी बत्ती बाल्न विवेकानन्द नामका ती संन्यासी धेरै गाउँ घुमे ॥५॥

कामादिभिः क्षुद्रसुखोरुतर्षै–
रतृप्तचित्तान् पुरुषान् निरीक्ष्य।
सोऽध्यात्मबोधस्य निगूढतत्त्वं
पाश्चात्यदेशेषु बहिश्चकार ॥ ६ ॥

काम आदि (काम, क्रोध, लोभ र मोहसमेत) क्षुद्र सुखको चाहनाले मन नअघाएका मानिसहरूलाई देखेर अध्यात्मतत्त्वका गूढ रहस्यहरू पाश्चात्त्य देशमा (पनि) फैलाए ॥६॥

पौरस्त्यबोधं प्रति पश्चिमस्य
श्रद्धा ततोऽवर्धत निर्विशेषम्।
सुभाववृद्ध्याऽथ समन्वयाच्च
विश्वं विशेषं रमयन्ति सन्तः ॥ ७ ॥

त्यसपछि पूर्वीय ज्ञानप्रति पश्चिमी जगत्को श्रद्धा राम्ररी बढ्यो। सुभावनाको वृद्धिले र समन्वयका कारण सज्जनहरू विश्वलाई नै विशेषरूपमा रमाइलो बनाउँछन् ॥७॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्नमनम् (घ)

सदाचारशिक्षादिभिर्वर्धमाने
नदीभूमिशैलादिभिः शोभमाने।
हरिच्छस्यसंलालिते बङ्गदेशे
गृहस्थस्य गेहे शिशुः कश्चनोऽभूत् ॥ १ ॥

सदाचार शिक्षा आदिले बढेको; नदी, भूमि, पहाड आदिले शोभित; हरियालीपूर्ण बोटबिरुवा बालीनालीले रमणीय बङ्गालप्रान्तमा गृहस्थको घरमा कुनै बालक जन्मिए ॥१॥

जलौघेन नद्या द्रुतं वासलोपात्
पिता शैवपुर्यां निवासं चकार।
अवाप्यैष पित्रोर्गुरोः प्रेरणाञ्च
वयस्येव स्वल्पेऽधिकं बोधकोऽभूत् ॥ २ ॥

नदीको बाढीले बस्ने ठाउँ बगाएको हुनाले बच्चाका पिता काशीमा बस्न थाले। बा आमा र गुरुको प्रेरणाले सानो उमेरमै बच्चा धेरै जान्ने र जनाउने भए ॥२॥

असौ श्यामलाहीडिनाम्ना प्रसिद्धो
युवा नैकभाषासु विज्ञो बभूव।
तदा प्राप लेखाधिकारित्वमानं
शुची राष्ट्रभक्तश्च चक्रे सुकार्यम् ॥ ३ ॥

उनी श्याम लाहिडी (श्यामाचरण लाहिडी) नामले प्रसिद्ध भए। युवावस्थामै उनी अनेकौं भाषामा विज्ञ भए। उनले लेखाअधिकृतको मान पाए। उनले राष्ट्रप्रति बफादार रही पवित्र भावनाले काम गरे ॥३॥

सदा राष्ट्रसेवाविधौ दत्तचेता
अलुब्धो मनस्वीति सिद्धिं स लेभे।
बहुत्रैव स्थानान्तरं कारितः सन्
विहारस्य दानापुरे प्रेषितश्च ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सधैं राष्ट्रसेवामा समर्पित उनले निर्लोभी र आँटिलो भन्ने प्रसिद्धि पाए। धेरैतिर सरुवा गरिँदै विहार राज्यको दानापुरमा उनलाई खटाइयो ॥४॥

ततो रानिखेतेति शीते स्थलेऽसौ
चमूकेन्द्रसन्दर्शनार्थं नियुक्तः।
विहायैव भार्यां तथा सन्ततीश्च
ययौ तत्र कैश्चिज्जनैरेव धीरः ॥ ५ ॥

त्यसपछि रानीखेत भन्ने चिसो ठाउँमा सेनाको टुकडी राख्ने ठाउँ हेर्न उनलाई खटाइयो। उनी पत्नी र सन्तान छाडेर केही मानिसका साथ त्यहाँ गए ॥५॥

मनोज्ञं हिमान्याः स्थलं लोकमानो–
ऽभ्रमन्नित्यमेवैष रोमाञ्चितः सन्।
तिरश्चोऽपि सोत्का भवन्तीह रूपे
कथं नैव तृप्ता नराः स्युर्मनोज्ञे ॥ ६ ॥

सुन्दर हिमाली स्थल हेर्दै र रोमाञ्चित हुँदै उनी नित्य त्यहाँ घुमे। सुन्दर वस्तु देख्दा पशुपक्षी त उत्कण्ठित हुन्छन् भने मानिस राम्रो पदार्थ पाएर किन तृप्त नहोऊन् ॥६॥

नवानां स्थलानां विलोकाय सोत्कः
सरित्तीरशैलेष्वतत्येव धीरः।
क्रमेऽस्मिन् कदाचिद् स शुश्राव वाक्यं
'समायाहि लाहीडि भोऽधित्यकायाम्' ॥ ७ ॥

नयाँ नयाँ ठाउँ हेर्न उत्कण्ठित ती धीर व्यक्ति नदीतीर र पहाडतिर हिँडिरहन्थे। यसै सिलसिलामा उनले कुनै दिन 'ए लाहिडी! तिमी डाँडाको थुम्कोमा आऊ' भन्ने वाक्य सुने ॥७॥

अपश्यत्तदाऽसौ महीध्रे युवानं
करेण स्वपार्श्वे समाहूयमानम्।
यदा प्राप शैले युवा स्पृष्टवान् तं
तदा सर्वमेवाऽधिजज्ञे स्ववृत्तम् ॥ ८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यति नै खेर उनले हातले सङ्केत गर्दै आफू भएको ठाउँमा बोलाइरहेका युवकलाई पहाडमा देखे । जब उनी पहाडमा पुगे, तब युवकले छोएपछि उनले आफ्नो सबै वृत्तान्त (पूर्वकालिक) थाहा पाए ॥८॥

अमुष्मै स योगी सुपेयं ततोऽदात्
तदोष्मप्रसारस्तनौ यौगिकोऽभूत् ।
अपश्यत् स हैमे गिरौ हेमसद्म
सुवर्णस्य मञ्चं द्विजानग्रतश्च ॥ ९ ॥

त्यसपछि ती योगीले कुनै पेय पदार्थ उनलाई दिए । तुरुन्तै उनको शरीरमा यौगिक ऊष्मा (योग तरङ्ग) को प्रसार भयो । उनले त्यो हिमाली पहाडमा सुनको घर, सुनकै मञ्च र त्यसको अगाडिपट्टि ब्राह्मणहरूलाई देखे ॥९॥

अमुं मञ्चमध्ये समानीय योगी
क्रियायोगदीक्षामचिन्त्यां दिदेश ।
उषित्वा गुरोः पार्श्वमष्टौ दिनानि
ततः कर्मक्षेत्रेऽलगत् लोकभूत्यै ॥ १० ॥

उनलाई मञ्चको माझमा ल्याएर ती योगीले सोच्नै नसकिने (महत्त्वपूर्ण) क्रियायोगको दीक्षा दिए । उनी आठ दिनसम्म गुरुसँग बसेर पछि लोककल्याणका लागि कर्मक्षेत्रमा लागे ॥१०॥

गृहस्थस्य कामादिजाले पतित्वा
भृशं मीनवत् पीड्यमानान् जनान् सः ।
क्रियायोगचक्रे द्रुतं सम्प्रवेश्य
महेशस्य पाशादसौ संररक्ष ॥ ११॥

गृहस्थको कामक्रोध आदिको पाशोमा परेर जालमा परेको माछोजस्तै पीडित भएका मानिसहरूलाई देखेर उनीहरूलाई क्रियायोगचक्रको घेरामा प्रवेश गराएर महेशको पाशबाट रक्षा गरे ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गृहस्थोऽपि सन्त्यज्य गार्हस्थ्यमोहं
परेषां क्षुधारोगशोकाञ्जहार।
महाद्दुःखमूढ्वाऽपि नित्यं प्रमुद्य
परार्थाय लग्ना भवन्तीह सन्तः ॥ १२ ॥

हुनत उनी गृहस्थ थिए, तैपनि पारिवारिक मोहलाई चटक्कै चुँडाएर अर्काको भोक, रोग र शोक हटाउने काममा उनी लागे। सज्जनहरू ठूलै दुःख सहेर पनि अरूका हितका लागि सधैँ संलग्न हुन्छन् ॥१२॥

विना जातिभेदं विना लिङ्गभेदं
विना वर्गनिम्नोच्चभेदान् विचार्य।
ददानः क्रियायोगदीक्षां स योगी
मिथो मेलभावे जनान् सन्दिदेश ॥ १३ ॥

जाति, लिङ्ग, वर्ग र उँचनीचको भेदभाव पूरै हटाएर विचारपूर्वक क्रियायोगको दीक्षा दिँदै यी योगीले आपसमा मेल राख्नुपर्ने सन्देश जनतालाई दिए ॥१४॥

स वदति गुरुमोहः कुत्रचित् नैव धार्यो
न च मनसि विभिन्नाः कामना पालनीयाः।
झष–गज–मनुजादौ व्याप्तमीशं विभाव्य
सकलजनहितेच्छाभावतस्तुष्यतीशः ॥ १४ ॥

कुनै पनि वस्तुमा ठूलो मोह राख्नु हुन्न, मनमा धेरै प्रकारका कामना बढाउनु हुन्न, मानिस, हात्ती, माछालगायतमा सबैतिर ईश्वर व्याप्त भएको बुझेर सबै जनताको हित चिताउनाले ईश्वर खुसी हुन्छन् भनी उनी उपदेश दिने गर्दथे ॥१४॥

मिलतु विविधदुःखं वा मिलेत् पूर्णसौख्यं
मनसि न हि कथञ्चित् हर्षशोकौ भवेताम्।
नयत हरिपदाब्जे योगतश्चित्तभृङ्ग–
मिति वदति जनेभ्यः श्यामलाहीडिसिद्धः ॥ १५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरै प्रकारका दुःख मिलून् वा पूर्ण सुख मिलोस्, मनमा अलिकति पनि हर्ष या शोक लिनु हुँदैन । चित्तरूपी भँवरोलाई हरिको पाउरूपी कमलमा पुऱ्याऊ, यही कुरा सिद्ध श्याम लाहिडीले जनतालाई भनेका छन् ॥१५॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरहर्यर्चनम्

(योगी नरहरिनाथको अर्चना)

हिमाद्रिसंशोभितमध्यपश्चिमे
कृष्याश्रिते दुर्गमकालिकोटके ।
तमो विभिन्दन्नुदितो रविर्यथा
थापाकुले कश्चन बालकोऽभवत् ॥ १ ॥

हिमशैलले सुशोभित मध्यपश्चिमको कृषिमा आश्रित दुर्गम कालिकोट जिल्लामा अन्धकारलाई चिर्दै सूर्य उदाएझैं थापावंशमा कुनै बालक जन्मिए ॥१॥

क्षिप्रेतिनाथोत्तरयोगिराजत-
स्त्रयोदशेऽब्दे स सुदीक्षितोऽभवत् ।
संसिद्धिमिच्छुः कतमो हि साधको
वयोविपाकं किमु भो समीहते ?। २ ॥

योगीराज क्षिप्रानाथबाट तेह्रौं वर्षमा उनले दीक्षा लिए । सिद्धि चाहने कुन चाहिं साधकले बूढो उमेर पर्खन्छ र ? ॥२॥

सामान्यशिक्षां समवाप्य सद्गुरोः
काश्यामसौ प्राप विशेषलब्धये ।
रहस्यवित्यै खलु चेष्टितो जनः
कथं हि तुष्येल्लघुबोधतः किल ॥ ३ ॥

योगी क्षिप्रानाथबाट सामान्य शिक्षा लिएपछि विशेष ज्ञानका लागि उनी काशी गए । रहस्य जान्नका लागि प्रयास गर्ने मान्छे थौरै ज्ञानबाट खुसी हुने कुरै भएन ॥३॥

अधीत्य शास्त्राणि बहूनि योगिराट्
प्रत्यावृतोऽभून्नयपालदेशके ।
स्वदेशरक्षाव्रतिनो महाशयाः
कथं भवेयुः परवृत्तिभोगिनः॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरै शास्त्र पढेर योगीराज नरहरि नेपाल देशमा फर्के । स्वदेश रक्षाको व्रत लिएका ठूलो हृदय भएका व्यक्तिहरू अरूले दिएको वृत्ति भोग्ने हुँदैनन् ॥४॥

असौ देववाण्याः प्रचारेऽभिलग्नो–
ऽभ्रमद् ग्रामवासेषु देशस्य भूरि ।
नभोमध्यचारी युवा राजहंसः
कथं क्षुद्रकासारतोये रमेत ॥ ५ ॥

उनी देववाणीको प्रचारमा लागेर देशका गाउँ र बस्तीहरूमा धेरै घुमे । मध्य आकाशमा उड्ने तन्नेरी रजहाँस सानो पोखरीको पानीमा कसरी रमाउन सक्छ ?॥५॥

गतो दाङभूमौ यतिः संस्कृतस्य
समस्थापयद् विश्वविद्यालयं सः ।
धृतोऽप्येष योगी न तत्याज धैर्यं
कथं धीरवीरा त्यजन्तीह लक्ष्यम् ॥ ६ ॥

ती योगीले दाङ जिल्लामा गएर संस्कृत विश्वविद्यालय स्थापना गरे । तात्कालिक प्रशासनले उनलाई बहुविश्वविद्यालय स्थापना गर्न नदिने भनेर समात्यो पनि । तर योगीले धैर्य त्यागेनन् । धैर्यशाली वीर पुरुषहरूले लक्ष्य कसरी पो छाड्दछन् ?॥६॥

अहो भाति नेसंविनाम्ना प्रसिद्धः
सुराणां गिरो विश्वविद्यालयोऽत्र ।
असावस्ति सद्योगिनः कर्मपाकः
कथं कार्यसिद्ध्या विना याति धीरः ॥ ७ ॥

नेसंवि नामले प्रसिद्ध संस्कृत भाषाको विश्वविद्यालय दाङमा शोभित छ। यो योगीको कर्मको पूर्णसिद्धि हो, किनभने कार्यसिद्धि नगरी धीर व्यक्ति चुप बस्दैन ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुतिनिदर्शितधर्मसुरक्षणात्
कुनयदैत्यविनाशनमाध्यमात् ।
अमरमानवसंसदि गीतयशा
नरहरित्वमवाप्य यतिर्बभौ ॥ ८ ॥

वेद्ले देखाएको धर्मको राम्ररी रक्षा गर्नाले र कुनीतिरूपी दैत्यलाई नाश गरेका कारण देवता र मानवको समाजमा कीर्ति फैलिएका योगी नरहरि नरहरि (नृसिंह भगवान्) नै बनेर शोभित भए ॥८॥

चक्रे यतिर्दूषितवातशुद्ध्यै
पुरेषु ग्रामेषु च कोटिहोमान् ।
सन्तः परेषां हितमादधाना
न जातु तुच्छे स्वहिते रमन्ते ॥ ९ ॥

दूषित वातावरणको शुद्धिका लागि योगीले सहर र गाउँहरूमा कोटिहोम गराए । अरूको हित चाहने सज्जनहरू आफ्नो तुच्छ फाइदाका लागि लागिपर्दैनन् ॥९॥

अन्विष्य तथ्यानि पुरातनानि
लोकाय संबोधयितुं यतिस्सः ।
लिलेख ग्रन्थानितिहासमूलान्
कथं सुकर्मी विरमेत कार्यात् ॥ १० ॥

पुराना सत्यतथ्य खोजी खोजी लोकलाई जानकारी दिन नरहरिनाथ योगीले इतिहासमा आधारित धेरै ग्रन्थ लेखे । राम्रो काम गर्ने व्यक्ति आफ्नो कामबाट कसरी हट्न सक्थ्यो र ? ।१०॥

कदाचिद् विदेशे च देशे कदाचिद्
समायोजयद् हिन्दुसम्मेलनं सः ।
स्वधर्मे हि संरक्षिते व्यक्ति संस्था–
स्तदा रक्षिता एधिता उत्थिताः स्युः ॥ ११ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहिले विदेशमा र कहिले स्वदेशमा योगी नरहरिनाथले हिन्दुसम्मेलनको आयोजना गरे । हुन पनि हो, स्वधर्मको संरक्षण गरेमा नै व्यक्ति र संस्थाहरूको सुरक्षा, सम्वर्धन र उत्थान हुन्छ ॥११॥

जन–जनपदमध्ये देववाणीं प्रचार्य
प्रतिवसति च नैकान् कोटिहोमान् विधाय ।
तरणिरिव तमिस्रादैत्यवक्षो विभिन्दन्
जयति नरहरिः कौ कीर्तिचक्रं वितन्वन् ॥ १२ ॥

जनता जनता र जिल्ला जिल्लामा संस्कृत भाषाको प्रचार गरेर र प्रत्येकजसो बस्तीमा कोटिहोम गरे गराएर सूर्यले अन्धकाररूपी दैत्यको छाती फुटाएझैं अज्ञानरूपी दैत्यको छातीमा कुल्चिने यी नरहरिनाथ पृथ्वीमा कीर्ति फैलाएर सर्वोत्कृष्ट बनेका छन् ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मारुतिनुतिः

(हनुमान्‌को वन्दना)

असुरकुलभुजङ्गान् पिष्टपेषं प्रपिष्य
त्रिदिवविजयगर्वं योऽहरद् रावणस्य ।
पवनतनयशौर्यात् सूर्यदेवश्च भीतो
दशवदनवराको भीतभीतः कथं न !! १ ॥

असुरकुलरूपी सर्पहरूलाई पिठो पिधैंझैं पिसेर जसले रावणको स्वर्ग विजय गरें भन्ने घमण्डलाई चकनाचुर बनाए, वायुपुत्रको शूरताबाट सूर्य भगवान् त डराउनु भयो भने बिचरो रावण किन बेसरी नडराओस् ?।१॥

दनुजदहनचक्रं लोकदाहाय लग्नं
घनजलमिव शीघ्रं यः प्रशान्तं चकार ।
खरतलबलवेगे मारुते जागरूके
लघुतृणदलधूल्यः संस्थिताः किं भवेयुः ॥ २ ॥

लोकहरूलाई डढाउन थालेको दानव (दानवीय प्रवृत्ति) रूपी आगोको घेरालाई जसले मेघबाट बर्सेको पानीले झैं छिटै निभाए। हो पनि दरो बल र वेग भएको हावा (हुरी) आएको बेला ससाना घाँस र धुलो कसरी रहन सक्लान् ?।२॥

रघुपतिसहयोगव्याजतो लोकभूत्यै
सुररिपुसमुदायान् भस्मसाद् यो चकार ।
निगमगणसुरक्षाहेतवे गोद्विजातिं
सुरमुनिनरनागान् राक्षसेभ्यो ररक्ष ॥ ३ ॥

जसले जनहितका लागि रामचन्द्रलाई सहयोग गरेको निउँमा देवविरोधीहरूलाई भस्म बनाए, वेदहरूको सुरक्षा गर्न गाई-ब्राह्मण (क्षत्रिय र वैश्य पनि), देवमुनि, मानव र नागहरूलाई उनले राक्षसहरूबाट रक्षा गरे ?।३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयुतशतदविष्ठे क्रोशतो व्योममार्गे
स्थितमपि रविमादौ शैशवे यो जिगाल।
अनुपमबलभाजो रामदूतस्य कार्ये
जलनिधितरणं किं चर्चनीयं बतालम्॥ ४ ॥

दश करोड कोश दूरीको आकाशमार्गमा रहेका सूर्यलाई जसले बालककालमै निले (निल्ने प्रयास गरे), अनुपम बल भएका रामदूतका लागि समुद्र तर्ने कामको के चर्चा गर्ने ? भैगो ॥४॥

वयमिह बहुशूराः स्वीकृताश्चैव युद्धे
धनुरिषुकरबालान् पाशकुन्तान् धरन्ति।
परमशनिशरीरः केवलं हस्तपादै-
रगणितसुरशत्रून् हन्ति शूरः सलीलम्॥ ५ ॥

हामी धेरै शूरा छौँ भन्ने व्यक्तिहरूले पनि लडाइँमा धनु, बाण, तरवार, पाशो र भाला लिएकै हुन्छन्, तर वज्रमय शरीरका मारुतिले खालि हातपाउका भरले अनेकौँ राक्षसहरूलाई सजिलै मार्दछन् (दुष्टसंहारका लागि उनले हतियार बोक्नै पर्दैन) ॥५॥

निगमपरमतत्त्वं ज्ञातुमिच्छुः किशोरे
वयसि रविसमीपं प्राप उड्डीयमानः।
पठति कपिशिशुः किञ्चेति सञ्चिन्त्यमानं
दिवसपतिमसौ द्राग् विस्मयामास नूनम्॥ ६ ॥

वेदशास्त्रको परमतत्त्व जान्न चाहेका हनुमान् किशोर उमेरमा हावामा तैरेर सूर्यसामु पुगे। बाँदरको बच्चोले के पढ्छ भनेर सोच्ने सूर्यलाई उनले छिटै साँच्चै आश्चर्यचकित बनाए ॥६॥

कतिपयदिनमासैर्वेदवेदाङ्गतत्त्वं
दिवसकरकृपातोऽधीतवान् शास्त्रसारम्।
तदनु कपिवरं तं ज्ञाततत्त्वं स प्रैष्यत्
निजसुतसहयोगित्वेन तुष्टो दिनेशः॥ ७ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही दिन तथा महिनामा नै सूर्यको कृपाबाट मारुतिले शास्त्रको सार पढे। त्यसपछि शास्त्रीय तत्त्व जानेका ती श्रेष्ठ वानरलाई खुसी भएका सूर्यले आफ्ना छोरा (सुग्रीव) को सहयोगी बनाएर पठाए॥ ७॥

श्रुतिमहिमविबोधे धर्मशास्त्रे पुराणे
ग्रहगणितविधायां व्याकृतौ साङ्ख्ययोगे।
उदधितरणवृक्षारोहणे मल्लयुद्धे
द्रुतमलभत दाक्ष्यं रामभक्तः कपीन्द्रः॥ ८॥

वेदको महिमा बुझ्नमा, धर्मशास्त्रमा, पुराणमा, ग्रहगणितको विधामा, व्याकरणमा, साङ्ख्ययोगमा, समुद्र तर्ने र रुख चढ्ने कलामा अनि मल्लयुद्धमा समेत रामभक्त वानरराज छिट्टै दक्ष भए॥८॥

अथ स महिमपूर्णे शैलशोभाभिरम्ये
सुभटकपिवरैः संसेविते राजगेहे।
सुगलसहचरस्सन् संस्मरन् रामभद्रं
जनहितमुपकुर्वन् वानरेन्द्रो न्यवात्सीत्॥ ९॥

त्यसपछि ती वानरराज हनुमान् महिमाशाली पहाडी शोभाले मनोरम राम्रा योद्धा वानरहरूले सेवा गरेको राजमन्दिरमा सुग्रीवको सहयोगी भै रामचन्द्रलाई सम्झँदै जनहितका कर्म गर्दै बसे॥९॥

अखिलजनसमक्षं राजप्रासादमध्ये
रघुकुलवरराजे राजसिंहासनस्थे।
अशनिसमनखाग्रैस्त्रोटयित्वा स्ववक्षो
मधुरयुगलमूर्तिं दर्शयामास वीरः॥ १०॥

सारा जनताका सामु राजदरबारको माझमा रघुकुलतिलक रामचन्द्र सिंहासनमा बसेको बेला वज्रजस्ता नङको अग्रभागले आफ्नो छाती फोरेर वीर हनुमान्‌ले राम र सीताको सुन्दर मूर्ति देखाए॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुरमुनिनरकीशा रोमरोमेषु रामं
पवनसुतशरीरे संवसन्तं विभाव्य ।
मृदुजयजयघोषैः पुष्पवृष्ट्या च बह्व्या
सकलजनसमूहो मारुतिं बह्वनन्दत् ॥ ११ ॥

देवता, मुनि, मानिस र वानरहरूले हनुमान्का शरीरको रोम रोममा राम रहेको तथ्य जानेर जयजयकार र पुष्पवृष्टि गरे । सम्पूर्ण जनसमुदायले मारुतिको अभिनन्दन गरे ॥११॥

उदधिरपि सलीलं गोष्पदीकृत्य तीर्णो
मशक इव सहेलं घातिता राक्षसाश्च ।
वियदपि निजक्रीडाक्षेत्रकं यो व्यधत्त
तमिह पवनपुत्रं वर्णितुं कः क्षमः स्यात् ? ॥ १२ ॥

जसले गाईको खुरजस्तै हेपेर समुद्र तरे, लामखुट्टेजस्तै मानेर हेलाका साथ राक्षसहरूलाई मारे, आकाशलाई आफ्नो खेल्ने थलोजस्तै बनाए, त्यस्ता पवनपुत्रको बारेमा वर्णन गर्न को सक्छ ?॥१२॥

सुरनरदितिजेन्द्राः स्वेच्छया वा बलेन
दशवदनपुरोऽन्ते गन्तुमीशा न चासन् ।
सुगमपथ इवासौ तत्र शीघ्रं प्रविश्य
फलकुसुमलताढ्यां वाटिकामुज्जहार ॥ १३ ॥

देवता, मानिस र दैत्यराजहरू स्वेच्छया वा शक्तिले लङ्काभित्र पस्न सकेका थिएनन्, तर मारुतिले सुगम बाटोजस्तै गरी छिटै त्यहाँ पसेर फलफूल र लतावृक्षले भरिपूर्ण बगैँचालाई उजाड बनाए ॥१३॥

विकटसुररिपूणां तर्जनैः खिन्नचित्तां
सुखदप्रियचरित्रैः सान्त्वयामास सीताम् ।
विनयवति कपीन्द्रे किन्नु कार्यं हि चित्रं
परहितकरणार्थं व्यग्रचित्ता हि सन्तः ॥ १४ ॥

डरलाग्दा राक्षसहरूका तर्जनले खिन्न चित्त भएकी सीतालाई प्रियतमको सुखद चरित्र सुनाएर सान्त्वना दिलाए । विनयशील वानरराजका सामु यस्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्य गर्नमा के आश्चर्य छ र ? किनकि अरूका हितका लागि सज्जनहरू उत्कट अभिलाषी भैरहन्छन् ॥१४॥

असुरभटविनाशं मारुते रोद्धुकामो
दशवदनतनुजो ब्रह्मपाशं व्यमुञ्चत् ।
अजितशिवसरूपं किन्नु वध्नातु पाश-
स्तदपि सुरहितार्थं सोऽवहत् ब्रह्मपाशम् ॥ १५ ॥

हनुमान्‌बाट हुने राक्षस वर्गको वधलाई रोक्ने इच्छाले मेघनादले ब्रह्मपाश छाडे । तर अपराजित शिवस्वरूप हनुमान्‌लाई ब्रह्मपाशले कसरी बाँध्न सक्थ्यो र ? तैपनि उनले देवताको हितका लागि त्यो ब्रह्मपाश स्वीकार गरे ॥१५॥

मधुरतमतनौ यो कामदेवस्य जेता
कठिनकुलिशकाये दुष्टगर्वापहारी ।
बलगतिजवशक्तौ वायुदेवोऽपि न्यून-
स्तमिह गुणधनं को मारुतिं जेतुमीशः ?। १६ ॥

मारुतिको सुन्दर शरीर कामदेवको सौन्दर्यगर्व चूर पार्न सक्षम छ । अत्यन्त बलियो वज्रजस्तो शरीर दुष्टहरूको गर्व हरण गर्न समर्थ छ । उनको बल, गति र वेगको सामु वायुदेव पनि कम्ता छन् । यस्ता गुणका धनी मारुतिलाई जित्न को पो सक्छ ?।१६॥

खरदलबलनाशाल्लज्जितः पूर्वमेव
जलधितरणतोऽभूद् भूरि लज्जान्वितश्च ।
स गलितमंदलेपो वाटिकाध्वंसनेन
श्वसिति किमु दशास्यो दग्धपूर्लोकनेन ॥ १७ ॥

खर राक्षसको दल नाश भएकोमा जो पहिले नै लज्जित भएको थियो, समुद्र तरेको खबरले झन् लज्जित बनायो, त्यस्तो रावणको गर्व बगैंचा नाश भएको कारणले धेरै तल झर्‍यो । अब (आफू बस्ने राजधानी) सहर जलेको हेर्नुपर्दा के रावण बाँचेको होला र ? (ऊ साँच्चै मरेसरि भैसकेको छ) ॥१४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असुरभटसमूहा लक्ष्यकोट्यो भवन्तु
तदपि तव चपेटात् तत्क्षणं ते पतन्ति ।
प्रलयसमयरुद्रे विश्वमत्तुं प्रवृत्ते
प्रभवति किमु जीवो जीवनं धर्तुमत्र ? ॥ १८ ॥

असुर सेनाको समूह लाख होऊन् वा करोड, तर तिम्रो लपेटले तुरुन्तै ती धराशायी बन्छन् । प्रलयकालका रुद्रले विश्वलाई नै आहारा बनाउन खोजे भने त्यतिखेर कुन चाहिँ जीवले जीवन धारण गर्न सक्छ र ?॥१८॥

चिरविहिततपोभिर्योगिभिर्नैव लब्धं
रघुवरचरणाब्जं त्वत्कृपातः सुलभ्यम् ।
तव शरणमुपेतो दुःखतः को न मुक्तः
खररिपुपदमापू राक्षसा वानराश्च ॥ १९ ॥

लामो समयसम्म तपस्या गर्दा पनि योगीहरूले पाउन नसकेको रामचन्द्रको चरणकमल तिम्रो कृपाबाट सजिलै पाउन सकिन्छ । तिम्रो शरणमा पुगेको मान्छे दुःखबाट को मुक्त भएको छैन ? राक्षस र वानरहरूले समेत रामको पद (साकेत लोक) पाएका छन् ।१९॥

सुरनरखगनागा एकतो वर्मिणः स्यु–
तदपि पवनपुत्रं जेतुमीशा न ते स्युः ।
अतुलबलमहिम्नो मारुतेः कीर्तिगाने
दशमुखसुतनाशः कालनेमेर्वधः किम् ?। २० ॥

एकातिर कवच पहिरेर (लक्षणया हतियारसहित भएर) देवता, मानव, पंक्षी र नागहरू खडा होऊन्, तैपनि पवनपुत्र हनमान्लाई जित्न ती सक्दैनन् । अतिशय बलको महिमाले उठेका मारुतिको कीर्ति गाउँदा रावणको छोरो अक्षयकुमार र कालनेमिलाई मारेको प्रसङ्ग त केही पनि होइन ॥२०॥

स्तुतिवचनतपोभिस्त्वां समाराध्य फल्गौ
वसुपशुतनयादौ लुब्धकास्ते हि मूढाः ।
रघुपतिकुलकीर्तिर्निहते भक्तिदाने
पवनसुत ! परं त्वं रासि सर्वस्वमेव ॥ २१ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्तुतिवचन र आराधनाले तिमीलाई रिझाएर पनि यदि केही मानिस धन, पशु र सन्तान आदि माग्छन् भने ती लोभीहरू मूर्ख हुन्। किनभने रघुकुलका कीर्तिपुञ्ज रामचन्द्र भक्ति दिन चाहँदैनन्। तर हे हनुमन्! तिमी भने भक्तलाई सर्वस्व नै सुम्पिन्छौ ॥२१॥

तव गतिबलवेगं रोद्धुकामाः सुरा वा
मनुजदनुजनागा जीवितुं नैव कल्पाः ।
तदिह पतगराजो सिंहिका राहुमन्दौ
ससुतदशमुखोऽसौ निर्जितास्तद्भटाश्च ॥ २२ ॥

तिम्रो बल र गतिको वेगलाई रोक्न खोज्ने चाहे देवता हुन्, मानव, दानव वा नाग–सर्प हुन्, ती बाँच्न सक्दैनन्। जस्तै : पक्षिराज गरुड, राहुमाता सिंहिका, राहु, शनैश्चर, छोरासहितको रावण र उसका सिपाहीहरू तिमीसँग निहुँ खोज्दा हारे (र केही मारिए पनि) ॥२२॥

तव मतिबलबोधे सक्षमा नैव देवा
यदि न हि सुरसां ते मार्गरोधे न प्रैष्यन्।
विपुलमहिमभाजामुत्तमानां चरित्रं
कथमिह लघुजीवा हन्त! जानन्ति सर्वम् ॥ २३ ॥

तिम्रो बुद्धि र बल जान्न देवताहरू पनि सक्षम छैनन्। यदि त्यसो नहुँदो हो त उनीहरूले तिम्रो बाटो रोक्न सुरसालाई पठाउने नै थिएनन्। ठिकै हो, अधिक महिमाशाली उत्तम व्यक्तिहरूको सम्पूर्ण चरित्र सामान्य व्यक्तिले कसरी पो जान्दछन् र ?।२३॥

अहिपदसहितोऽभूद् रावणः पूर्वकाले
स सुरमनुजनागान् पीडितान् भूरि चक्रे।
भुवनविवरमध्ये सान्वयं तं निहत्य
सुरमुनिमनुजानां कण्टकं यो बभञ्ज ॥ २४ ॥

पूर्वकालमा अहि पद जोडिएको रावण (अर्थात् अहिरावण) भन्ने असुर भयो। उसले देवता, मानव र नाग जातिलाई ज्यादै पीडित बनायो। त्यस असुरलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पातालमा पुगेर कुलैसहित मारी हनुमान्‌ले देवता, मुनि र मानवहरूको काँडा पन्छाए ॥२४॥

कुरुसमरसमुद्रोऽल्लंघने सव्यसाची
सफल इति त्रिलोकी सादरं हन्त वक्ति ।
कथमिह विजयी स्यादर्जुनो भीष्मयुद्धे
यदि च रथशिखातो मारुतिर्नैव गर्जेत् ॥ २५ ॥

कौरव सागररूपी समुद्र नाघ्ने काममा अर्जुन सफल भए भनेर तीनै लोक (लोकका जनता) ले आदरसाथ भनिरहेकै छ । यदि हनुमान् रथको टुप्पामा बसेर नगर्जिंदा हुन् त त्यस्तो भीष्मयुद्ध (डरलाग्दो युद्ध/भीष्मसँग भएको युद्ध) मा अर्जुन विजयी हुन कसरी सक्थे ?॥२५॥

बलमतिगुणरूपैः शास्त्रवैदुष्यशीलै
रघुवरपदभक्त्या योऽस्ति सर्वातिशायी ।
अखिलगुणखनेश्श्रीमारुतेः कीर्तिगानं
मिहिरकरसमक्षं दीपवत् किं न भूयात् ? ॥ २६ ॥

यी मारुति बल, बुद्धि, गुण, रूप, शास्त्रीय विद्वत्ता, शील स्वभाव र रामचन्द्रको भक्तिका कारण सबैमा महिमाशाली छँदैछन् । यस्ता समस्त गुणका खानी भएका हनुमान्‌को कीर्तिगान सूर्यका सामु दियोजस्तै भएको छैन र ?॥२६॥

संश्राव्य रामचरितं जनकात्मजायाः
सीताचरित्रमुपवर्ण्य च राघवस्य ।
पीडां द्रुतं हृतवता पवनात्मजेन
क्षुद्रोऽपि किं न हि निरीक्ष्यत एष जीवः ? ॥ २७ ॥

रामको चरित्र सुनाएर सीताको र सीताको चरित्र सुनाएर रामचन्द्रको पीडा तुरुन्त हटाइदिने पवनपुत्रले क्षुद्र भए पनि यस जीवलाई किन हेर्दैनन् ? (अवश्य हेर्नेछन् भन्ने यसले विश्वास लिएको छ।) ॥२७॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गता वतेयं मम जीवनावलिः

(मेरो जिन्दगी व्यर्थै गयो)

निरुद्ध्य मृत्स्नां सकलां समन्ततः
प्रदाय तृप्तिं कुसुमैः फलैरपि।
वृक्षोऽपि लोकं बहु सेवते परं
गतं वतेदं मम जीवनं खिलम्॥ १॥

माटोलाई चारैतिरबाट रोकेर फलफूलले तृप्त गराएर रुखले पनि लोकको धेरै सेवा गर्दछ। तर मेरो जीवन भने त्यसै बित्यो ॥१॥

क्षेत्राणि शष्पैर्हरितानि कारयन्
पानेन जीवान् सकलांश्च तर्पयन्।
जलञ्च लोकं परिसेवते परं
गता वतेयं मम जीवनावलिः॥ २॥

खेतबारीलाई घाँस पातले हरिया बनाउँदै तरल द्रव पिलाएर सम्पूर्ण जीवलाई तृप्त गराउँदै पानीले पनि लोकको सेवा गर्दछ, तर मेरो जीवनचक्र धेरै खेर गयो ॥२॥

रवेः करैः पीडितपान्थपङ्क्तये
विश्रामदानेन सुखप्रदायिना।
लोकस्य हर्षं तनुते हि चत्वरं
परं गतं मे वितथं वयोऽखिलम्॥ ३॥

सूर्यको तापले पीडित भएका बटुवाका झुण्डहरूलाई सुखपूर्वकको विश्राम गर्ने छहारी दिएर चौतारोले पनि जनतामा हर्ष बढाउँछ। तर मेरो सम्पूर्ण जीवन भने व्यर्थै खेर गएको छ ॥४॥

घर्मस्य तापाद् जलवर्षणादितो
वात्यादिकोपाच्च सुरक्ष्य प्राणिनः।
सेवां विधत्ते जडकन्दरः परं
वृथा गतं मे बलिपुष्टयौवनम्॥ ४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घामको तापबाट, पानीको वर्षाबाट र हुरीबतासको प्रकोपबाट प्राणीहरूलाई सुरक्षा दिँदै जड गुफाले पनि सेवा दिएको छ। तर खाएर पुष्ट भएको मेरो जवानी व्यर्थै खेर गएको छ ॥४॥

पद्भ्यां तथा वाहनतः समन्ततः
स्थानेषु प्राप्तुं जनमेलनाय च।
मार्गोऽपि योगं प्रददाति सन्ततं
वृथैव यातं मम जीवनं परम् ॥ ५ ॥

खुट्टयले वा वाहनको माध्यमबाट चारैतिरका ठाउँ ठाउँमा पुग्न र मानिस मानिसबीच भेटघाट गराउन बाटोले पनि सधैँ सहयोग दिन्छ। तर मेरो जीवन भने व्यर्थै गएको छ ॥५॥

सुवासतत्या नरभृङ्गपुत्रिकाः
प्रमोद्य संराजत एव पङ्कजम्।
स्वयं मुदित्वा मुदितान् विधायिना
सुमेन तुल्यापि न हन्त मे जनिः ! ॥६ ॥

एउटा कमल (लक्षणया फूल) पनि आफ्नो सुवासले मानिस, भँवरो र पुतलीहरूलाई खुसी गराएर शोभित भएको छ। आफू रमेर अरूलाई खुसी बनाउने फूल जति पनि काम लाग्ने मेरो जिन्दगी भएन। यो दुःखको कुरा हो ॥६॥

गतं शिशुत्वं शयनादिकर्मणा
किशोरता क्रीडनभोजनादिना।
तथा युवत्यादिषु यौवनं रतं
वृथैव यातं मम जीवनं परम् ॥ ७ ॥

सुत्ने (रुने, खेल्ने, दिसा पिसाब गर्ने) आदि कर्म गरेर बाल्यकाल बित्यो। खेल्ने खाने काम गर्दैमा किशोरकाल बित्यो। युवती आदिमा रंमाउँदै यौवन बित्यो। यसरी मेरो जीवन व्यर्थै बित्यो ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुहू रुदित्वा पितरौ दिवं गतौ
दुःखेन देहञ्च सती जहौ पुरा।
मया तदर्थे विहितं न किञ्चन
वृथा गतेयं मम जीवनावलिः ॥ ८ ॥

रोई रोई बाआमा दिवंगत भए। दुःखले हुर्केकी पतिव्रता पत्नीले पनि पहिले नै शरीर छाडिसकिन् । मैले उनीहरूका निम्तिमा केही गरिनँ । व्यर्थै मेरो जीवनसरणि बित्यो ॥८॥

विलिख्य ग्रन्था न मया प्रकाशिताः
न चागता : प्राघुणिकाः समर्थिताः ।
बुद्धिश्च दग्धा मदिराक्षिचिन्तया
वृथा गतेयं मम जीवनावलिः ॥ ९ ॥

न मैले ग्रन्थहरू लेखेर प्रकाशित गरें। न आएका पाहुनाहरूलाई सत्कार नै गरें। कामिनीको चिन्तनमा डुबेर बुद्धि पनि डढ्यो। मेरो जीवनलहर त्यसै खेर गयो ॥९॥

अहो मदान्धेन मया सचेतसां
हितानि सूक्तानि श्रुतानि जातु किम् ?
न पूर्वजानां सरणिश्च सेविता
गतं वतेदं हतजीवनं वृथा ॥ १० ॥

अहो, मदान्ध बनेको मैले बुद्धिमान्हरूको हितकारी वचन कहिल्यै सुनिनँ। न पूर्वजहरूले समातेको (उपकारी) बाटो नै मैले समातें। अहो, मेरो बिग्रेको जिन्दगी व्यर्थै गयो ॥१०॥

स्वतन्त्रता-न्याय-समृद्धिलब्धये
समर्पितं जीवितमेव यैः किल।
तदीयवंशे जनिधारिणा मया
स्वपूर्वजेभ्यः किमु देयमुत्तरम्! ॥ ११ ॥

स्वतन्त्रता, न्याय र समृद्धिका लागि जसले जिन्दगी दिए, त्यही वंशमा जन्म लिएको मैले आफ्ना पूर्वजहरूलाई के उत्तर दिऊँ ? ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न वान्नदानं विहितं क्षुधार्थिने
न निर्मिताः कूपह्रदा जलार्थिने।
स्वपुत्र-पौत्रादिषु चिन्तितेन हा
व्यतीतमेतेन वयोऽखिलं वृथा॥ १२॥

न भोकाएकालाई अन्नदान गरियो, न त जलार्थीहरूका निम्ति कुवा-पोखरी नै बनाइयो। केवल आफ्ना छोरानातिहरूमा चिन्तित भएको यो व्यक्तिले आफ्नो जीवन व्यर्थै बिताएको छ॥१२॥

गृहं न गो-भूमि-धनैः प्रपूरितं
न भक्तिभावेन महेश ईप्सितः।
च्युतो द्वयादेष मनुष्यजीवितं
जहाति किं वाऽथ बिभर्ति साम्प्रतम्॥ १३॥

न गाई, जमिन र धनले घर भरियो, न त भक्तिभावले महेशलाई नै खोजियो, दुवै लोकबाट च्युत भएको यसले मनुष्य जीवनलाई अहिले छाडेको छ कि लिएको छ भन्न सकिन्न॥१३॥

मनुष्यदेहो मिलतीह पुण्यतो
वदन्ति सन्तः स्मृतयश्च नित्यशः।
कथं ह्यधोऽधः पतनेच्छुना मया
निपातिता मानवता भृशं वृथा॥ १४॥

मनुष्यको चोला पुण्यले पाइन्छ भनेर सन्त र धर्मशास्त्रहरू भन्छन्। तर सधैँ तलतिर पतनोन्मुख यसले मानवतालाई व्यर्थै गिराएको छ॥१४॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गतो मदीयो ननु कुत्र देशः

(मेरो देश कहाँ गयो ?)

सन्धार्य लक्ष्यं जनसेवनस्य
कृतं मया किं खलु कार्यजातम् ।
विचार्य चेत्थं कति सन्ति लग्ना
गतो मदीयो ननु कुत्र देशः ॥ १ ॥

जनताको सेवा गर्ने लक्ष्य लिएर मैले के के काम गरेँ त भन्ने सोचेर कर्ममा प्रवृत्त हुने व्यक्ति कति छन् ? साँच्चै मेरो देश कहाँ गयो ? ॥१॥

इतस्ततो धावनभाषणादिना
कार्येण किञ्चिद् कतिचिच्छलेन ।
समर्ज्य वित्तं मधुपानगेहे
समाप्य नित्यं युवका रमन्ते ॥ २ ॥

यताउति कुदेर, बोलेर, केही काम गरेर र केही झुक्याएर अनि ठगेर युवकहरू धन त कमाउँछन्, तर भट्टीमा पिएरै सिध्याउँछन् । उनीहरूलाई कमाएको कसरी भन्ने ? ॥२॥

भाषाभिव्यक्तेर्विधिशिक्षणस्य
गोष्ठीसमायोजनकर्मणो वा ।
प्रदर्श्य कार्याणि धनार्जनाय
विज्ञान् ब्रुवाणा अपि संयतन्ते ॥ ३ ॥

भाषा अभिव्यक्त गर्न, प्रयोगशैली सिकाउन वा गोष्ठी आयोजना गरेर (कतिपय विषयमा परिचित गराउन), धन चाहियो भनेर सम्बद्ध विज्ञ भनाउने व्यक्तिहरू पनि प्रयास गरिरहेका भेटिन्छन् ॥३॥

नित्यं सशस्त्रेषु भटेषु सत्सु
वनानि नष्टानि कथं भवन्ति ?
नैतानि नष्टानि वनानि किन्तु
नेपालिनां सच्चरितं विनष्टम् ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हतियारधारी सैनिकहरू सधैँ पहरेदार छन्, तैपनि वन मासिइरहेको छ किन ? वास्तवमा वन मासिएको होइन, नेपालीहरूको चरित्र मासिएको भने पक्कै हो ॥४॥

गजैर्वराहैः प्लवगैश्च सिंहै-
र्गण्डैश्च देशः प्रथितः पुराऽऽसीत्।
अहोऽधुनैते पशवः कियन्तः
सन्तीति चिन्तालसितोऽस्ति कोऽत्र ?। ५ ॥

हात्ती, बनेल, वानर, सिंह र गैंडाहरूले यो देश पहिल्यै प्रसिद्ध भएकै हो। अहो, अहिले त्यस्ता पशुहरू कति छन् भन्नेबारेमा को चिन्तित भएको छ ? (सायद कमै व्यक्ति चिन्तित होलान्) ॥५॥

निर्माय संस्थाः समितीविर्भिन्ना
लोकस्य भूत्यायिति संप्रचार्य।
अर्जन्ति केचिद् वसु भूरि किन्तु
कार्ये नगण्यं किल युञ्जते ते ॥ ६ ॥

अनेकौं संस्था समितिहरू बनाएर लोककल्याणका लागि भन्ने प्रचार गर्दै कतिले धन कमाइराखेका छन् तर काममा भने उनीहरूले कमै मात्र धन खर्च गरेका हुन्छन् ॥६॥

यज्ञाय केचिद् भवनाय केचिद्
मार्गाय केचित् पठनाय केचित्।
प्रपञ्चमित्थं बहुधा प्रकाश्य
धनाय धूर्ताः परितो भ्रमन्ति ॥ ७ ॥

केही व्यक्ति यज्ञ गर्नका लागि, केही भवन बनाउनका लागि, केही बाटो बनाउने निउँमा र केही विद्यालय खोल्ने निउँमा यस्तै यस्तै धेरै प्रपञ्च देखाएर धन कमाउनका लागि धूर्त प्रकृतिका व्यक्तिहरू चारैतिर घुमिरहेका छन् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ईशेन प्रोक्तं बहुमङ्गलानि
कार्याणि कर्तुं सततं यतस्व।
क्षतायुषा तर्जनहिंसनादौ
नरेण किं भो कथनीयमद्य ॥ ८ ॥

हामीलाई ईश्वरले लोककल्याणकारी कर्म धेरै गर्ने प्रयास गर भनेर मानव बनाएर पठाए। तर अरूलाई तर्साउने वा मार्ने काममा समय बिताएको मानिसले ईश्वरलाई अब के भन्ने हो ?।८॥

वैदेशिकानां धनमानलोभे
भ्रातॄन् स्वबन्धून् पितरौ विहाय।
अमेरिकाऽऽदौ त्वरया प्रयान्ति
लोभान्विताः किं स्वजनान् स्मरन्ति ॥ ९ ॥

विदेशीहरूबाट धनमान पाइने लोभमा दाजुभाइ, बन्धुबान्धव र बाआमालाई पनि छाडेर मानिसहरू अमेरिका आदि देशमा जान्छन्। ठीकै हो, लोभी व्यक्तिहरू आफन्तलाई के सम्झून् ॥९॥

वासस्य वृत्तेर्बहुधा प्रलोभात्
त्यक्त्वा स्वधर्मं परधर्मलग्नान्।
उदेति प्रश्नो मनुजान् निरीक्ष्य
गतो मदीयो ननु कुत्र देशः ?। १० ॥

बसोबास गर्न पाइने, जागिर पाइने आदि धेरै धेरै लोभका कारण आफ्नो धर्म छाडेर परधर्म (क्रिश्चियन आदि) मा लाग्ने मानिसहरूलाई देखेर मेरो देश कहाँ पुग्दैछ भन्ने प्रश्न उब्जन्छ ॥१०॥

विचारभाषाव्यवहारवेशान्
मुदा परेषामनुकृत्य नित्यम्।
स्वदेशभाषास्त्यजतो निरीक्ष्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ? ॥ ११ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सधैँ अरूकै विचार, भाषा, व्यवहार र पहिरनलाई अँगाल्ने अनि आफ्नो भाषा (भेष आदि पनि) त्याग्ने व्यक्तिलाई हेरेर यो मन भन्छ कि मेरो देश कहाँ गयो ? ।११।।

कार्यं स्वदेशे न हि किञ्चिदस्ति
स्थितेऽपि कार्ये लघुवृत्तिरस्ति ।
निगद्य चेत्थं व्रजतो विदेशान्
दृष्ट्वा मनः पृच्छति कुत्र देशः ? ॥ १२ ॥

आफ्नो देशमा केही काम पाइन्न, पाए पनि तलब धेरै पाइन्न भनेर विदेशतिर पलायन हुने व्यक्तिहरूलाई देखेर यो मनले देश कहाँ छ भनेर सोद्धैछ ॥१२॥

स्थित्वा कथञ्चिद् निजजन्मभूमौ
कार्याणि कर्तुं रुचितो न लग्नान् ।
विलोक्य यूनः परदेशसक्तान्
खिन्नं मनः पृच्छति कुत्र देशः ? ।१३ ॥

आफ्नै देशमा बसेर अभिरुचिपूर्वक काम गर्न नखोजी परदेशतिर लागेका व्यक्तिहरूलाई देखेर यो मन भन्छ कि देश कहाँ छ ?।१३।।

सङ्कृष्य रात्रिन्दिवमत्र भूमिं
वृषानजा गोमहिषान् सुरक्ष्य ।
ग्रामेषु वस्तुं युवकाननीहान्
दृष्ट्वा मनः पृच्छति कुत्र देशः ? ॥ १४ ॥

दिनरात जमिन खनजोत गरेर गोरु, बाखा, गाई, राँगा (भैँसी) को हेरचाह गरी गाउँमा बस्न नखोज्ने युवकहरूलाई देख्दा यो मनले सोध्छ कि मेरो देश कहाँ छ ? ।१४।।

व्ययीकृते सत्यपि भूरिवित्ते
कृषिः समृद्धाऽस्ति कथं न चात्र ।
बीजस्य भूमेः कृषकस्य किं वा
कस्येह दोषात् शिथिला कृषिर्नः ॥ १५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरै धन छुट्याउँदा (खर्च गर्दा) पनि यहाँ कृषि समृद्ध किन भएन ? बीउबिजन, जमिन वा कृषक कसको दोषबाट हाम्रो कृषि शिथिल भयो ? ।१५।।

कृषिप्रधानोऽस्ति मदीयदेशः
क्रीणाति खाद्यं परमेष बाह्यतः ।
सर्वत्र ह्रासोन्मुखतां निरीक्ष्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ? ॥ १६ ॥

मेरो देश नेपाल कृषिप्रधान मुलुक हो, तर यसले अरू देशबाट खाद्यान्न किनिरहेको छ। यसरी सबैतिर ह्रासको अवस्था देख्दा यो मनले भन्छ कि मेरो देश कहाँ पुग्यो ? ।१६।।

प्रभूतवित्ते विनियोजितेऽपि
कथं समृद्धा नहि चात्र शिक्षा ?
मन्त्रालयानामथ शिक्षकाणां
निरीक्षकाणां कतमस्य दोषः ?। १७ ॥

धेरै धन छुट्याउँदा पनि यस देशको शिक्षा किन समृद्ध भएन ? यसमा मन्त्रालय, शिक्षक वा निरीक्षक कसको दोष बढी छ ?।१७।।

शैत्यं परीक्षोत्सवपर्वयामान्
कृत्वाऽवकाशा बहुधा भवन्ति ।
तत्राऽपि विद्यालयक्षेत्रमेतत्
कुराजनीत्याऽधिकमेव ग्रस्तम् ॥ १८ ॥

जाडो, परीक्षा (त्रैमासिक, वार्षिक आदि), उत्सव र राष्ट्रिय पर्वहरू गरेर प्रायः छुट्टी भैरहन्छ। त्यसमा पनि सङ्कीर्ण राजनीतिका कारण विद्यालय क्षेत्र खुबै ग्रस्त भइरहेछ ।।१८।।

तत्रापि छात्रैर्गुरुभिश्च मध्ये
याच्ञाछलैः क्षेत्रमिदं पिधाप्यते ।
विलोक्य शिक्षां विकृतायमानां
प्रश्नोऽस्ति मे कुत्र गतो हि देशः ? ॥ १९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसमा पनि छात्रछात्रा र गुरुवर्गले माग प्रस्तुत गरी पूरा गराउने निउँमा यो क्षेत्रलाई बारम्बार बन्द गराउँछन्। यस्तो विकृतितिर उन्मुख शिक्षा देखेर मेरो प्रश्न छ, मेरो देश कहाँ छ ?।१९॥

शिक्षास्थलं वा जनमेलनस्थलं
किं वा मिथः प्रेमविवर्धनस्थलम्।
कथं गतं हा समुदायशिक्षणं
राष्ट्रं मदीयं ननु कुत्र भो गतम् ?। २० ॥

शिक्षाको थलो हो कि आपसी भेटघाटको थलो हो ? अथवा आपसमा प्रेम गाँस्ने थलो हो ? यस प्रकार समुदाय शिक्षा विकृत भएको छ। मेरो राष्ट्र साँच्चै कहाँ गयो ?।२०॥

विद्यालयाः सन्ति हि नैजक्षेत्रात्
सञ्चालिता भूरिधनेन साध्याः।
तत्रास्ति शिक्षाः कतिचित् स्तरीयाः
परं न दीनाः पठितुं लभन्ते॥ २१ ॥

देशमा निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू छन्, तर धेरै धन खर्च गरे मात्र त्यहाँ पढ्न सकिन्छ। त्यस्ता विद्यालयहरूको शिक्षा सरकारी विद्यालय र महाविद्यालयको भन्दा केही स्तरीय छ । तर धन नहुनेले पढ्न सक्दैनन् ॥२१॥

धनार्जने केचन तीव्रलग्नाः
कुराजनीतौ कतिचित् प्रवीणाः।
विलोक्य चेत्थंविधद्वैधशिक्षा
मुदेति प्रश्नः क्व गतो नु देशः ?। २२ ॥

केही विद्यालयसञ्चालक धन कमाउन तीव्र रूपमा लागेका छन् त केही कुत्सित राजनीति गर्नमा खप्पीस छन्। यस्तो दुई प्रकारको शिक्षा देखेर प्रश्न उठ्छ कि देश कतातिर जाँदैछ ?।२२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधीत्य रात्रिन्दिवमाश्रमेण
दत्त्वार्धकोटीः किल रूप्यकाणि।
बुद्धौ स्थितायामपि पश्चवर्ग्य-
श्चिकित्सकस्को भवितुं हि शक्तः ?॥ २३ ॥

पचास लाख रुपियाँ बुझाएर रातदिन मेहनत गरी पढे मात्र चिकित्सक (डाक्टर) हुन सकिन्छ। (यस्तो स्थितिमा) जतिसुकै प्रतिभा भए पनि पिछडिएको वर्ग चिकित्सक हुन को पो सक्छ र ?।२३॥

आयार्जनायैव नु नैजक्षेत्रात्
शिक्षा च स्वास्थ्यं किल चालिते स्तः।
सेवाव्रतं न्यूनमहो निरीक्ष्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ?। २४ ॥

निजी क्षेत्रले शिक्षा र स्वास्थ्य चलाएका छन्, तर नाफा कमाउनका लागि मात्र। उनीहरूमा सेवाको भावना न्यून देख्दा यो मन भन्दछ- मेरो देश कहाँ पुग्यो ?।२४॥

राज्यस्य दक्षा भिषजश्च ग्रामे
सेवाप्रदानाय न गन्तुमुत्काः।
धनाय लग्नान् भिषजो निरीक्ष्य
ब्रवीति चेतः क्व गतोऽस्ति देशः ?। २५ ॥

राज्यले उत्पादन गरेका दक्ष डाक्टर, वैद्यहरू सेवा दिनका लागि गाउँ जान उत्सुक छैनन्। खालि धन कमाउन मात्र लागेका डाक्टर, वैद्य, हकिमलाई देख्दा यो चित्तले भन्छ- मेरो देश कहाँ गयो ?।२५॥

शिक्षा च स्वास्थ्यञ्च सुरक्षणञ्च
राज्यस्य दायित्वमिति ब्रुवन्ति।
राष्ट्रं ह्यकिञ्चिदकरमत्र दृष्ट्वा
ब्रवीति चेतः क्व गतोऽस्ति देशः ?। २६ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानिसहरू भन्छन्– शिक्षा, स्वास्थ्य र सुरक्षा दिनु राज्यको दायित्व हो। तर यस्ता विषयहरूमा राज्यले केही गर्न नसकेको देख्दा यो मन मेरो देश कहाँ गयो, के भयो भन्छ ॥२६॥

जलं भवेद् वा न भवेत् प्रणाल्यां
शुल्कः प्रदेयः प्रतिमासमेव।
सौविध्यहीनेऽपि करस्य हर्तृ
धूर्तस्य वृत्तं धरतीव राज्यम् ॥ २७ ॥

पाइपमा पानी भए पनि, नभए पनि प्रतिमहिना शुल्क दिनु परेकै छ। सुविधा दिन नसके पनि कर भने सधैँ लिने धूर्तको चरित्र राज्यले मानौँ लिइरहेको छ ॥२७॥

जलैः समृद्धोऽस्ति मदीयदेशो
विद्युत्प्रकाशैर्न तथापि पूर्णः।
विलोक्य नेतॄन् किल स्वार्थवृत्तौ
मनः सदा पृच्छति कुत्र देशः ?। २८ ॥

मेरो देश जलस्रोतले सम्पन्न छ, तापनि यसले पूर्ण रूपमा बिजुलीको उज्यालो पाएको छैन। आफ्नो स्वार्थपूर्तिमा मात्र नेताहरू लागेको देखेर यो मनले सोध्छ– मेरो देश कहाँ छ ?।२९॥

भूमेः क्रये, विक्रयन्यासकार्ये
नामान्तरे प्राक्तननूतनीये।
भूर्येव शुल्कग्रहणं विलोक्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ?। २९ ॥

जमिनको किनबेचमा, धितो राख्दा, नामसारी गर्दा र अद्यावधिक गराउँदा राज्यले धेरै शुल्क लिएको देख्दा यो मनले भन्छ– मेरो देश कहाँ गयो ?।२९॥

भूशुल्कभूमापनकार्यक्षेत्रे
प्रवेशबिन्दावितरत्र तद्वद्।
उत्कोचवृत्तेः प्रभुतां निरीक्ष्य
ब्रूतेः मनः कुत्र गतोऽस्ति देशः ?। ३० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मालपोत, नापी, भन्सार क्षेत्र र अन्यत्र पनि घुसको प्रभाव देखेर मेरो देश कहाँ गयो भनेर यो चित्तले भन्छ ॥३०॥

महर्घन्यायालयकार्यशैल्या
भवन्ति न्यायाद् पृथगेव दीनाः ।
अत्रास्ति काचिन्न हि राज्यचिन्ता
ततो वदत्येष हि कुत्र देशः ?। ३१ ॥

अड्डा अदालतको महँगो कार्यशैलीका कारण न्यायालय गुहार्ने कामबाट गरिबहरू पर हट्न बाध्य छन्। यसमा राज्यले केही चिन्ता लिएको छैन। त्यसैले यो व्यक्ति भन्दैछ– देश कहाँ छ ?।३१॥

राज्येन सञ्चालितसङ्घसंस्था–
संस्थानगोष्ठीपरिषत्सु हन्त !
शीर्षोपशीर्षाणि विधाय वित्तं
समाप्यतेऽनल्पमिति श्रुतं नः ॥ ३२ ॥

राज्यद्वारा सञ्चालित सङ्घ संस्था संस्थान गोष्ठी परिषद्हरूमा अनेकौं शीर्षक र उपशीर्षकहरू बनाएर धेरै धन समाप्त पारिन्छ भन्ने सुनिन्छ। यो दुःखको विषय हो ॥३२॥

सुसभ्यतानामनि मद्यपानं
महर्घवस्त्रादिकधारणञ्च ।
तथा च दृष्ट्वा तरुणान् सदम्भान्
ब्रवीति चेतः क्व गतोऽस्ति देशः ?। ३३ ॥

सभ्यताको नाममा रक्सी पिउने र महँगा भड्किला कपडा आदि (घडी, टाई, जुत्ता) धारण गर्ने आडम्बरी तन्नेरीहरूलाई देख्दा मेरो देश कहाँ गयो भनेर यो चित्तले भन्छ ॥३३॥

सदाचारतो वा दुराचारतो वा
कदाचारतो वाऽर्जनीयं धनं भो ।
धनादिष्टजातं समस्तं हि पूर्णं
ब्रूवाणान् जनान् वीक्ष्य ब्रूमः क्व देशः ?। ३४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदाचारबाट, दुराचारबाट वा अरू कुत्सित तरिकाले भए पनि धन कमाउनै पर्छ। धनले नै खोजेका कुरा सबै पूरा हुन्छन् भन्ने मान्छेहरू देख्दा भन्नै पर्छ– देश कहाँ गयो ?।३४॥

विशिष्टपर्वोत्सवपुण्यकाले
पुरा भवन्ति स्म सुपाठपूजाः।
परन्त्विदानीं व्यसनेन किं वा
भोजेन पर्वाणि वृथैव यान्ति ॥ ३५ ॥

पहिले पहिले विशिष्ट प्रकारका पर्व उत्सवको पुण्यकालमा राम्रैसँग पाठपूजा गरिन्थ्यो । तर अहिले कुलतले वा भोजभतेर गरेर त्यस्ता पर्वहरू व्यर्थै बितिरहेका छन् ॥३५॥

नेपालिनां गौरवधायकं तत्
चर्याख्यशास्त्रीयकनृत्यजातम्।
विलोक्य हा सम्प्रति लुप्यमानं
ब्रवीति चेतः क्व गतोऽस्ति देशः?। ३६ ॥

नेपालीहरूका निम्ति गौरवशाली शास्त्रीय चर्यानृत्य आजभोलि लुप्त हुन लागेको देखेर चित्तले भन्छ– देश कहाँ गयो ?।३६॥

पवित्रगव्यं मलमूत्रमात्रं
मत्वा सनिन्दं त्यजतो विमूढान्।
विलोक्य संस्कारविहीनमर्त्यान्
ब्रूते मनः कुत्र गतोऽस्ति देशः?। ३७ ॥

पवित्र पञ्चगव्यलाई गाईको दिसा पिसाब मात्रै हो भनेर निन्दा गर्दै त्याग्ने संस्कारहीन मानिसलाई देखेर मन भन्दछ– मेरो देश कहाँ छ ?।३७॥

पूजावसाने पटहं प्रवाद्य
रामायणीं पुण्यकथां प्रगाय।
एतर्हि नृत्यं चरतां जनाना–
मभावतः खिद्यति मानसं नः ॥ ३८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजा सकिने बेलामा नगरा बजाएर रामायणको पवित्र कथा गाउँदै नाच देखाउने मानिसको अहिले अभाव देख्दा हाम्रो मन खिन्न हुन्छ ॥३८॥

विवाहयात्राब्रतवन्धकृत्ये
पूजादिसत्कर्मसु गीयमानम् ।
क्व साम्प्रतं मङ्गलगायनं तत्
विचिन्त्य ब्रूमः क्व गतोऽस्ति देशः ?। ३९ ॥

विवाह, जात्रा, ब्रतवन्धजस्ता कार्यविशेषका उत्तम पर्वहरूमा गाइँदै आएको (देवचरित्रमा आधारित) मङ्गलगायन कहाँ गयो भन्ने चिन्ता लाग्दा भन्न पुग्छौं कि – **मेरो देश कहाँ गयो ?।३९॥**

आख्यानमूले बहुलोकमान्ये
नैपालके सोरठिघाटुनृत्ये ।
संरक्षितुं किं नः कृतः प्रयासो
बूमस्ततो मे क्व गतोऽस्ति देशः ?। ४० ॥

आख्यानमा आधारित जनताले धेरै मानिआएका नेपालमै जन्मिएका सोरठी, घाटु जस्ता नृत्यहरू बचाउने प्रयास किन गरिएन ? यसैले भन्ने बाध्य छौं – **मेरो देश कहाँ गयो ?।४०॥**

वृत्तेर्विकल्पान् बहुधा विसृज्य
यूनां निरोधे न हि शक्तिभाजः ।
विलोक्य नेतॄन् कृशशक्तिबुद्धीन्
मनः सदा पृच्छति कुत्र देशः ?। ४१ ॥

जनजीविकाका धेरै थरि विकल्पहरू खडा गराएर युवा जमातलाई अन्यत्र मुलुकमा पलायन हुनबाट रोक्ने शक्ति नभएका कमजोर आँट र बुद्धि भएका नेताहरूलाई देख्दा यो मनले सधैं सोध्दै छ कि– देश कहाँ छ ?।४१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राच्यानि सर्वाणि निरर्थकानि
नूत्नानि वस्तूनि ह सार्थकानि।
वितर्क्य प्राच्यस्थितिमातितिक्षून्
दृष्ट्वा मनः पृच्छति कुत्र देशः?। ४२ ॥

पुराना जति सबै रद्दी र नयाँ वस्तु जति सबै काम लाग्ने हुन् भन्ने सोचेर पुरानो स्थिति छाड्न खोज्नेहरूलाई देख्दा यो मनले मेरो देश कहाँ छ भनिरहेकै छ ॥४२॥

प्राचीनशैल्या गृहगोपुराणि
विनाश्य नूत्नानि विधातुमिच्छून्।
भूर्येव वित्तं व्ययतो निरीक्ष्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः?। ४३ ॥

प्राचीन शैलीमा बनेका घर मूलढोका आदि भत्काएर नयाँ घर कम्पाउण्ड बनाउन चाहने अनि त्यसका लागि धेरै खर्च गर्ने मानिसहरू देख्दा भन्न मन लाग्छ- मेरो देश कहाँ गयो ?।४४॥

प्राचीनशैल्या भवनानि भङ्क्त्वा
नूत्नानि सद्मानि विधातुमिच्छोः।
विलोक्य लोकस्य नवां प्रवृत्तिं
ब्रूते मनः कुत्र गतोऽस्ति देशः?। ४४ ॥

पुराना शैलीमा बनेका घरहरूलाई ढलाएर नयाँ नयाँ शैलीमा घर बनाउन खोज्ने समाजको नयाँ लगाव देख्दा मन भन्छ- देश कहाँ गयो ?।४४॥

ग्रामे, समाजे, जनमेलनेषु
यात्रावधौ पर्वसु वा मिलित्वा।
जनैरगीयन्त नु लोकगीत्यः
क्व साम्प्रतं ता इति वक्ति देशः? ॥ ४५ ॥

गाउँ, समाज, मानिसको जमघट र यात्रा अनि पर्वका बेलामा मानिसहरू मिलेर लोकगीत गाउँथे, ती लोकगीतहरू अहिले खै ? भनेर देश भन्दैछ ॥४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोधूममाषैस्तिलमर्कटान्नै-
विनिर्मितं भोज्यमहो सुपथ्यम्।
नाश्नन्ति बाला युवकाश्च ग्रामे
ब्रूतेः मनः कुत्र गतोऽस्ति देशः ?। ४६ ॥

गहुँ, माष, तिल, मकैबाट बन्ने खानेकुरा पथ्य हुन्छन्। अहिले बालबालिका र युवावर्गले गाउँमा त्यस्ता खाद्यपदार्थ खान छोडेको देख्दा यो मनले भन्छ-देश कहाँ गयो ?।४६॥

चौमीन-चिल्ली-चप-चाउचाउ-
थुक्पा-समोसा-ममनामकानि।
कट्वम्लतैलाधिकभोजनानि
प्रमुद्य भुङ्क्ते वत लोक एषः ?। ४७ ॥

चाउमिन, चिल्ली, चप, चाउचाउ, थुक्पा, समोसा, मःम नाम गरेका पिरा, अमिला र तेलीय खानेकुरा (खाजा) अहिलेका मानिसहरू मिठो मानेर खान्छन् ॥४७॥

रस्यानि हृद्यानि विहाय नित्यं
मांसेन मद्येन च मिश्रितेषु।
भोज्येषु शक्तो बत लोक एष
त्यक्त्वाऽमृतं फाणितमिच्छतीव ॥ ४८ ॥

रसिला र मनपर्दा खाना छाडेर सधैँ मासु र रक्सीसहितका भोजनहरूमा यो समाज लागेको छ। मानौँ यो समाज अमृत छाडेर खोले वा खुदो खान खोज्दैछ ॥४८॥

उद्योगविद्युत्परराष्ट्रक्षेत्रे-
ष्वन्येषु क्षेत्रेष्वपि बाह्यशक्तेः।
बृहत्प्रभावं प्रसमीक्ष्य राष्ट्रे
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ?। ४९ ॥

उद्योग, विद्युत, परराष्ट्र र अरू क्षेत्रमा पनि बाह्य शक्तिको ठूलो प्रभाव राष्ट्रमा परेको देख्दा देश कहाँ पुगेको छ भनेर मनले भन्दैछ ॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैजन्नु स्वार्थं सततं विचार्य
राष्ट्रस्य कार्येऽनवधानवद्भिः ।
विकारितं राष्ट्रमहो निरीक्ष्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ?। ५० ॥

व्यक्तिगत स्वार्थमात्र सोचेर राष्ट्रका काममा ध्यान नदिने व्यक्तिहरूले राष्ट्र बिगारेको देखेर यो मनले भन्छ –देश कहाँ पुगेको छ ?।५०॥

विपन्नवर्गा उदिता भवेयु-
र्विचार्य स्वं यच्छति दातृवर्गः ।
कियद् विपन्नैः खलु प्राप्तमेवं
विचिन्त्य ब्रूते हृदयं क्व देशः ?। ५१ ॥

विपन्न वर्गको उत्थान होस् भनेर दातृसमूहले धन दिइरहेकै छन्, तर विपन्न वर्गले कति पाएका छन् भन्ने सोचेर यो हृदयले देश कहाँनेर छ भन्दैछ ॥५१॥

मार्गाः सदा कर्दमधूलिपूर्णाः
प्रदूष्यनाल्या मलतश्च स्विन्नाः ।
कश्चिद् सुधारो न तथापि दृष्ट-
स्ततो मनो वक्ति कुतोऽत्र देशः ?। ५२ ॥

बाटाहरू सधैँ हिलो र धुलोले भरिएका छन्, प्रदूषित ढल र फोहोर मलले भिजेका पनि छन्, तर पनि यस विषयमा कुनै (उल्लेखनीय) सुधार नभएको देखेर यो मनले भन्छ–मेरो देश कतातिर छ ?।५२॥

दत्तं मया किं न हि चिन्तयन्ति
प्राप्तं मया किं बहुधा स्मरन्ति ।
एवं जनान् स्वार्थरतान् विलोक्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ?। ५३ ॥

मैले के दिएँ भन्ने सोच्दैनन्, मैले के पाएँ भन्ने बारम्बार सोच्छन्, यस्ता स्वार्थी मानवलाई देख्दा यो मनले भन्छ कि मेरो देश कहाँ गयो ?।५३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भुक्त्वाऽपि सर्वं किल पैतृकं स्वं
विनिन्द्य जीर्णौ पितरौ सदैव।
विलोक्य दारै रमतो मनुष्यान्
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ?। ५४ ॥

पैतृक सम्पत्ति भोगेर पनि बूढा भएका बाबुआमालाई सधैँ निन्दा गरेर पत्नीसँग रमाउने मान्छेहरूलाई देख्दा यो मनले देश कहाँ गएको छ भन्दैछ ॥५४॥

यो यत्र संस्थाविषये विराजते
स एव तां मन्दतया छिनत्ति।
विलोक्य मूर्तिं गृहभञ्जकानां
चेतो मुहुर्वक्ति कुतोऽत्र देशः ?। ५५ ॥

जो जुन संस्थामा रहन्छ, उसले त्यही संस्था/संस्थान आदिलाई क्रमशः यट पल्ट्याउन थाल्छ वा टुक्र्याउन थाल्छ, यस्ता आफ्नै घर भत्काउने व्यक्तिहरूको अनुहार देख्नु पर्दा चित्तले बारम्बार भन्छ– मेरो देश कहाँ छ ? ।५५॥

राष्ट्रस्य नेतृत्वपदेऽपि स्थित्वा
वर्गस्य स्वार्थाय हि चिन्त्यमानान्।
द्विधाऽकृतीन् नेतृगणान् विलोक्य
वक्तीह चेतः क्व गतोऽस्ति देशः ?। ५६ ॥

राष्ट्रको नेतृत्वदायी पदमा व्यक्तिगत स्वार्थमात्र सोचेर राष्ट्रका काममा ध्यान नदिने व्यक्तिहरूले राष्ट्र बिगारेको देखेर यो मनले भन्छ –देश कहाँ पुगेको छ ? ।५६॥

असंकृष्य भूमिं स्वकीयां परेषां
गृहोद्योगसंरक्षणे गन्तुमिच्छून्।
विलोक्येह यूनः स्वदेशे हताशान्
ब्रवीतीह चेतो गतः कुत्र देशः ?। ५७ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो जमिन खनजोत नगरेर अर्काको घर, उद्योगको रक्षाका लागि विदेश जान चाहने स्वेदशप्रति आशा मारिसकेका युवालाई देख्दा यो चित्तले देश कहाँ छ भन्छ ॥५७॥

विद्यालयान् वादप्रशिक्षणस्य
स्थानं विधित्सून् हि दलीय नेतॄन् ।
आलक्ष्य निर्यज्झरमाध्यमेन
नेपालपृथ्वी किमु रोदितीव ?। ५८ ॥

विद्यालयहरूलाई (राजनीतिक) सिद्धान्तको प्रशिक्षणको थलो बनाउन खोज्ने विभिन्न दलका नेताहरूलाई देखेर झरझर झरेका झरनाहरूका माध्यमले नेपालभूमि मानौं रोइरहेकी छिन् ॥ ५८॥

व्ययीकृत्य निर्वाचने भूरिवित्तं
विभिन्नैरुपायैर्जयत्येष नेता ।
तथा नेतृवर्गो हि स्वार्थं विहाय
कथं देशनिर्माणकार्ये यतेत ?। ५९ ॥

निर्वाचनमा धेरै धन खर्च गरेर अनि साम, दान, दण्ड, भेदजस्ता विभिन्न उपाय गरेर नेताले चुनाव जित्छन् । त्यस्ता नेताहरूले स्वार्थ छाडेर देश निर्माणको मात्र काममा कसरी प्रयास गर्लान् र (किनकि उनीहरूलाई चुनाव खर्च उठाउन परेकै हुन्छ)? ।५९॥

अहावेकविंश्यां शताब्द्याञ्च देशे
कथं जातिलिङ्गात्मिका दृष्टिरस्ति ?
असावुत्थितः स्यात् कदा विश्वमध्ये ?
ब्रवीत्येष चेतो गतः कुत्र देशः ?। ६० ॥

अहो ! एक्काइसौं शताब्दीमा पनि देशमा जात र लिङ्गको भेदभावपूर्ण दृष्टि छँदैछ । यस्तो देश विश्वको माझमा कहिले उठ्ला ? यही कारण मेरो देश कहाँ गयो भनेर चित्तले भन्दैछ ॥६०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थिरा राजनीतिर्भवेच्चेद् विकासो
भवत्येव विज्ञा वदन्तीह तथ्यम्।
कथं राजनीतिः स्थिरा हन्त नेह
ततो वक्ति चेतो गतः कुत्र देशः ?। ६१ ॥

विज्ञहरू भन्छन्– राजनीति स्थिर भएमा देशमा विकास हुन्छ। तर यहाँ राजनीति कसरी स्थिर होला र भनेर चिन्तित मेरो चित्तले भन्छ कि देश कहाँ गएको छ ?।६१॥

गोपालने भूरि जलान्नघासा
आवश्यकाः सन्ति विचार्य चैवम्।
गा वर्जयित्वा श्वगणस्य पालने
लग्नान् जनान् वीक्ष्य विमुह्यते धीः ॥ ६२ ॥

गाई गोरु पाल्दा धेरै पानी, अन्न र घाँसको आवश्यकता पर्छ भन्ने सोचेर गाई गोरु पाल्ने काम छाडी कुकुरका बथान पाल्न संलग्न भएका मान्छेहरूलाई देख्दा बुद्धि मोहमा पर्दछ।।६२॥

इदानीञ्च नार्याः क्रये, विक्रये च
तथा भूतयक्षादिपूजाविधौ च।
जनान् प्रेर्यमाणाः स्थिता एव जाल्मा–
स्ततो वक्ति चेतो गतः कुत्र देशः ?। ६३ ॥

अहिले पनि महिलाको किनबेच गर्ने काममा, भूत–प्रेत–यक्ष–डाकिनीको पूजा गर्ने वा बोक्सी झार्ने काममा मानिसहरूलाई उक्साउने फटयाहाहरू देशमा छँदैछन्, यस्तो देख्दा मेरो चित्तले भन्छ– मेरो देश कहाँ गयो?।६३॥

मद्ये च मांसे वसनेऽदने च
समर्पितां संस्कृतिमासमीक्ष्य।
शीतस्य, वृष्टेरपि माध्यमेन
मुहुर्मुहू रोदिति किं धराऽसौ ?। ६४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मदिरा पिउनमा, मासु खानमा, भड्किला कपडा लगाउनमा र अरू प्रकारका खानपानमा समर्पित भएको संस्कृति देखेर शीत र वर्षाको माध्यमले बारम्बार यो पृथ्वी रोइरहेको हो कि ?।६४॥

विवाहजन्मोत्सवमेलनादौ
संस्थासमित्योरुपवेशने च।
सुराप्रयोगं बहुधा विलोक्य
खिद्यन्मनः पृच्छति कुत्र देशः ?। ६५ ॥

विवाह, जन्मोत्सव, भेटघाट आदिमा अनि संस्था, संस्थान, समिति (परिषद्, प्राधिकरण आदि) को बैठकमा प्रायः मदिरा प्रयोग भएको देखेर खिन्न भएको यो मनले देश कहाँ छ भनेर सोधिरहेको छ॥६५॥

हैमान् शैलान् भूरि वित्तव्ययेन
द्रष्टुं सोत्काः सन्ति वै यात्रिवर्गाः।
इत्थं सर्वैर्मानितैश्चैष देशः
किञ्चैदानीं सुप्तवल्लक्ष्यते ह ?। ६६ ॥

हिमाली पहाडहरूको दृश्य अवलोकन गर्नका लागि धेरै धन खर्च गर्न यात्रीवर्ग अवश्य उत्कण्ठित हुन्छन्। यसरी सबै देशले मानिएको भए पनि हाम्रो देश अहिले किन सुतेसरि निष्क्रिय भैरहेछ ?।६६॥

हिमोच्चशैलान् वसतीर्वनानि
कुञ्जान् नदीनिर्झरगह्वराणि।
विलोक्य कस्तृप्यति यात्रिवर्ग-
स्तथापि देशो दयनीय एव ॥ ६७ ॥

उच्च हिमाली पहाड, बस्ती, वनकुञ्ज, नदी, झर्ना र गुफाहरू हेरेर कुनै पनि यात्री अघाएको छैन। तैपनि दुःखको कुरा छ देश किन दयनीय छ ?।६७॥

विलोक्य खञ्जानथ भग्नहस्तान्
स्वस्थोऽपि याने त्यजतीह नासनम्।
च्युतस्वभावान् युवकान् निरीक्ष्य
ब्रूते मनः कुत्र गतोऽस्ति देशः ?। ६८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खोरण्डा, हात भाँचिएका (लक्षणया आँखा नदेख्ने, जिउ कुप्रिएका अपाङ्ग) मानिसलाई देख्दा देख्दै पनि स्वस्थ मानिसले (बस आदिमा) बस्न सिट दिँदैनन्। यस्ता सोमत नभएका युवावर्गलाई देख्दा यो मनले भन्छ- देश कहाँ पुगेको छ ?।६८॥

शुष्कं मिष्टं यद् मिलेद् खाद्यजातं
जीर्णं भव्यं यद् मिलेद् वासजातम्।
देशो नैवं त्यज्यते भाषमाणा
नैवेदानीं सन्ति किं वा युवानः ? ॥ ६९ ॥

सुख्खा वा मिठो जस्तो खानेकुरा होस्, थोत्रो वा भव्य जस्तो बस्ने थलो होस्, देश कुनै हालतमा छाडिँदैन भन्ने युवाहरू अहिले छैनन् कि क्या ?।६९॥

कार्यं कार्यं किं मया देशहेतो-
र्धार्यं धार्यं किं मया लोकहेतोः।
इत्थं बुद्ध्या कर्म कर्तुं समुत्काः
नैवेदानीं सन्ति किं नेतृसङ्घाः ?। ७० ॥

मैले देशका लागि के काम गर्ने, जनताका लागि गर्नुपर्ने कुरा के धारण गर्ने भन्ने बुद्धिले कर्म गर्न उत्सुक नेतृवर्ग अहिले छैनन् कि क्या ?।७०॥

उच्चाः शैला निर्झराः शीतलापो
ग्राम्यो वासः पर्वतीयास्तटिन्यः।
सर्वान्नाकर्षन्ति बाह्यान्परं हा
दूरे भ्रान्ताः सन्ति नेपालदेश्याः ॥ ७१ ॥

उच्च पहाडहरू, चिसो पानी बग्ने छाँगाहरू, गाउँको बस्ती, पहाडबाट झरेका नदीहरू- यी सबैले अरू बाहिरी मान्छेलाई तानिरहेका छन्, तर नेपाल देशका बासिन्दा भने यढा कतै (अरूकै देशमा) घुमिरहेका छन्॥ ७१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकेन भ्रष्टाचरितं धनाना-
मन्येन हत्या विहिता जनानाम् ।
एवं मिथो दोषचयं प्रदर्श्य
लाभो भवेत्कः कलहं प्रवर्द्धय ?। ७२ ॥

एउटाले धेरै धनको भ्रष्टाचार गर्‍यो अनि अर्काले धेरै मानिसको हत्या गर्‍यो। यस प्रकार एक आपसमा दोषै दोष देखाई झगडा बढाएर के लाभ हुन्छ ? ।७२।।

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शान्तिप्रियो भवतु नूतनवत्सरोऽयम्

(नयाँ वर्ष शान्तिप्रिय होस्)

दुर्भावदुर्धरदवावलिमासमन्ताद्
धाराजलैस्सुमतिभिः सकलं निशाम्य।
दत्वा जनाय नवजीवनदायिशक्तिं
शान्तिप्रदो भवतु नूतनवत्सरोऽयम् ॥ १ ॥

दुर्भावरूपी चारैतिर फैलँदो कठोर डढेलोलाई सुमतिरूपी वर्षाको जलले पूरै शान्त बनाएर मानवलाई नयाँ जीवनदायी शक्ति दिँदै नयाँ वर्ष शान्तिदायी बनोस्। ।१॥

भिक्षार्थिने विपुलभैक्ष्यमसौ प्रदत्तां
रोगार्दिताय सुपथौषधमेष दत्ताम्।
दत्ताज्जनाय नवजीवनमेष नूनं
शान्तिप्रदो भवतु नूतनवत्सरोऽयम् ॥ २ ॥

यसले भोकाएकालाई विपुल परिमाणमा आहारा देओस्, रोगाएकालाई सहजै औषधि देओस्, मानवलाई नयाँ जीवन देओस् र शान्तिदायी भएर नयाँ वर्ष रहोस्॥ २॥

बाल्यं वयोऽस्ति मनुजस्य प्रभातकालः
स्यात् स्फूर्तिदं युववयो दिनमध्यमकालः।
लोकाय चार्पितमिहास्ति शिवोपहारं
शान्तिप्रदो भवतु नूतनवत्सरोऽयम् ॥ ३ ॥

बालक उमेर मानवको बिहानी काल हो भने स्फूर्ति दिने जवानी दिनको मध्य समय हो। यसले लोकलाई मानौँ कल्याणमय उपहार दिँदै छ भनेझैँ गरी यो नयाँ वर्ष शान्तिदायी बनोस्॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्न्यास्त्रचूर्णरहिताः प्रवहन्तु वाता
नोद्वा जनौघरुधिरं सरितो वहन्तु ।
संराजतां वियदसौ कटुनादहीनं
शान्तिप्रियो भवतु नूतनवत्सरोऽयम् ॥ ४ ॥

गोली बारुदको गन्धले रहित भएर हावा बहोस्, मानवको रगत मिसिएर नदी नबहून्, आकाशमा कटु शब्द नफैलिऊन्, यसरी नयाँ वर्ष शान्तिप्रिय रहोस् ॥४॥

पियूषमस्ति समता सततं धरायाः
प्राणायिताऽस्ति समता सततं कलायाः ।
शान्तिर्विभाति समताश्रयिणीत्यवश्यम्
शान्तिप्रियो भवतु नूतनवत्सरोऽयम् ॥ ५ ॥

समता भनेको धर्तीको स्थायी अमृत हो, यो कलाको प्राण हो, समताको आश्रय लिएर शान्ति शोभित होस्, नयाँ वर्ष शान्तिप्रिय बनोस् ॥५॥

देशे भ्रमन्तु भयहीनतया मनुष्याः
कामादिदोषवशगा न भवन्तु दूष्याः ।
लोकोपकारव्रतमाकलयन्तु नित्यं
शान्तिप्रदो भवतु नूतनवत्सरोऽयम् ॥ ६ ॥

देशमा निर्भय भएर मान्छे घुमून्, काम क्रोधादिको वशमा कोही नफसून्, सधै लोकोपकारको व्रत गरून्, यसरी नयाँ वर्ष शान्तिप्रिय बनोस् ॥७॥

शान्तेः सुमानि जनमानसतोषणानि
फुल्लन्तु भो त्रिभुवने भवने वने वा ।
नेहेत कोऽवनितले समभावरत्नं
शान्तिप्रियो भवतु नूतनवत्सरोऽयम् ॥ ७ ॥

जनताको मनलाई सन्तोष दिने शान्तिका फूलहरू तीनै लोकमा, घर घरमा र वनमा पनि फुलून् । समभावको रत्नलाई पृथ्वीमा कसले नचाहला ? यो नयाँ वर्ष शान्तिप्रिय बनोस् ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोभूमिरत्नधनधान्यपदार्थजातं
यन्नश्वरं जगति सर्वजनप्रसिद्धम्।
तल्लब्धये परहितं न च कृन्तनीयं
शान्तिप्रियो भवतु नूतनवत्सरोऽयम् ॥ ८ ॥

गाई,भूमि, रत्न, धनधान्य आदि सबै पदार्थ नश्वर छन् भन्ने कुरा सबै जना जान्दछन् । त्यो पाउन अरूको हित मास्नु हुँदैन । यो नयाँ वर्ष शान्ति मन पराउने होस् ॥८॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतदीयधारणा

(लेखकीय धारणा)

स्वतोभृतिः स्यात् परतो न योग्या
धरास्तु भूरिश्रमतः सुभोग्या ।
विचारमेवं सततं प्रकुर्वन्
धरातले जीवति जीव एषः ॥ १ ॥

आफ्नै कर्मले बाँचियोस्, अरूबाट पालिएको न हूँ, यी पृथ्वी धेरै श्रम गर्ने व्यक्तिले मात्र भोग गर्न योग्य छिन्, सधै यस्तो विचार गर्दै पृथ्वीतलमा यो जीव बाँच्दैछ ॥१॥

कुल्माषभोजी जलमात्रपायी
स्यादुञ्छभोजी फलमूलभुग्वा ।
निपीड्य दीनान् गलितांश्च किञ्चिद्
भुञ्जीत नैवं पृथिवीसुतश्चेत् ॥ २ ॥

भटमास/ उसिनेको जौ खाओस् वा पानी मात्र पिओस्, शिला खोजेर खाओस् वा कन्दमूल मात्र खाओस्, तर दुःखी वा गरिबलाई निचोरेर केही पनि नखाओस्, यदि ऊ पृथ्वीको छोरो हो भने ॥२॥

परिश्रमेणैव नरो धरायां
वर्तेत नित्यं न तु वञ्चनेन ।
श्रमो हि भूमेरमृतं विशिष्टं
मृतोऽपि सञ्जीवति येन जीवः ॥ ३ ॥

मनुष्य पृथ्वीमा परिश्रम गरेर बाँचोस्, ठगेर होइन । किनकि परिश्रम पृथ्वीको विशिष्ट अमृत हो, जसले व्यक्ति मरेर पनि बाँच्दछ ॥३॥

विधाय वार्तां बहु लोभनीयां
प्रवञ्च्य दीनानसहायरुग्णान् ।
न जातु लाभः कतमोऽपि धार्यः
दीनाश्रु कं पीडयतीह नात्र ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोभलाग्दा कुराले गरिब, असहाय र रोगीलाई ठगेर केही पनि लाभ लिनु हुँदैन। किनभने दुःखीको आँसुले कसलाई पीडा दिँदैन र ?।४॥

कार्यं भवेद् वा नभवेद् यदस्तु
लोकस्य चित्ते भ्रमिराचकास्तु ।
इत्येव रीत्या चलतीह यात्रा
केनाद्य हीयेत हि स्वार्थमात्रा ॥ ५ ॥

काम होस् कि नहोस्, तर जनताको मनमा भ्रम चाहिँ बनाइरहनु पर्छ, यही रितले यहाँ यात्रा चलेको छ। को व्यक्तिले आज स्वार्थको मात्रा छाडेको छ ?।५॥

राष्ट्रं मदीयं यदि नाम जीवेद्
जीवामि सम्यक् सततं तदाऽहम् ।
इत्येव बुद्ध्वा न चलेद् जनो यः
श्वासैर्धृतः सन्नपि भो मृतस्सः ॥ ६ ॥

मेरो राष्ट्र बाँचेमा नै म राम्ररी बाँचेको हुन्छु। यो बुझेर जो चल्दैन, त्यो सास फेरे पनि मरेको हो ॥ ६॥

परस्य भागं न कदापि छिन्द्यां
परस्य मानं न कदापि भिन्द्याम् ।
सुकर्मणा देहमिमं त्यजेयं
तदन्यथा किं जनिमाधरेयम् ॥ ७ ॥

अरूको भाग कहिल्यै नखोसूँ, अरूको मान कहिल्यै नतोडूँ, सुकर्म गरेरै यो शरीर छाडूँ, हैन भने के बाँचेको भयो र ?।७॥

चेखिद्यतेऽन्तः धरणौ किमस्मि
दीनार्तजन्तौ कृतवान् किमस्मि ।
जीवामि किं भोजनमात्रलक्ष्ये
म्रियेऽथवा विस्मृतकार्यलक्ष्ये ॥ ८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्तीमा म कुन रूपमा छु भनेर मन खिन्न हुन्छ, दीनदुःखी असहायका लागि के गरेको छु, खाली खानका लागि मात्र बाँचेको छु कि लक्ष्य बिर्सेको स्थितिमा न मरिसकेको पो छु कि ?।८॥

सञ्चेतनायाः विपुलं स्वरूपं
संवेदनायाः नवमस्ति रूपम्।
मानुष्यमास्ते भुवि दिव्यरूपं
न जातु चैतद् वत पातनीयम् ॥ ९ ॥

मनुष्य चोला चेतनाको ठूलो स्वरूप हो, संवेदनाको नयाँ रूप हो, पृथ्वीमा मानव चोला दिव्यरूप भएर रहेको छ, यसलाई पतन गराउन हुँदैन, नत्र दुःख हुनेछ॥९॥

मनुष्यदेहो न लता न पत्रं
न मृत्तिका वाऽथ समीरमात्रम्।
आस्ते घनश्चिन्मयपिण्डरूपो
न केवलं भौतिकपिण्ड एषः ॥ १० ॥

मानव चोला लहरा, पात, माटो वा हावा होइन, यो त चेतनाको ठूलो पिण्ड हो। खालि पञ्चमहाभूतले पिण्ड मान्नु हुँदैन ॥१०॥

मनुष्यदेहाद् बहुधा धरायां
प्रवर्धतां सत्कृतिजातमत्र।
विचार्य चेत्थं कृपया प्लुतेन
दत्तं शरीरं परमेश्वरेण॥ ११ ॥

मनुष्यले आफ्नो शरीरबाट पृथ्वीमा धेरै सत्कर्महरू बढाओस् भन्ने विचार गरी कृपालु परमेश्वरले मानवदेह दिनुभयो ॥११॥

न जातु तृष्णा प्रशमाय यायाद्
वस्तूनि यावत् समुपार्जयामः।
एवं सुमत्या प्रचलेज्जनोऽत्र
तनौ गतायां किमु शिष्यतेऽथ॥ १२ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जति पदार्थ जोडे पनि तृष्णा कहिल्यै शान्त हुँदैन, यस्तो असल मति लिएर धर्तीमा मानव अघि बढ्नु पर्छ। शरीर ढलेपछि के पो बाँकी रहन्छ ?।१२॥

शरीरमेतद् निपतेद् धरायां
पतेद् धनं हन्त पतेत्कलत्रम्।
यच्चावशेषं सकलं पतेत्तद्
वृत्तं परं नैव पतेत् कदाचिद्॥ १३॥

जमिनमा शरीर ढलोस्, धनसम्पत्ति, श्रीमती परिवार आदि बिलाऊन्, बाँकी रहेका अरू सबै चिज नासिऊन्, तर कहिल्यै पनि चरित्र नबिग्रियोस्॥१३॥

किं वा प्रकाशं धरणौ न दध्मः
किं वा विकासं धरणौ न दद्मः।
किं वाऽवदानं धरणौ न कुर्मः
स्वान्तः सुभावं यदि सन्धरेम॥ १४॥

यदि मनमा भित्रैदेखि राम्रो भाव राखौँ त धरतीमा कस्तो प्रकाश छाड्न सक्दैनौँ र ? कस्तो विकास दिँदैनौँ र ? कस्तो योगदान छर्न सक्दैनौँ र ?।१४॥

कुतोऽहमस्मिन् समुपागतोऽस्मि
किङ्कर्तुकामः कति वा करोमि।
विचार्य चेत्थं किमु नैव लग्नो
गतं गतं जीवनमस्मि भग्नः॥ १५॥

म पृथ्वीमा कताबाट आएँ, के गर्ने चाहनाले आएँ र कति गरेँ ? यो विचार गरेर किन अघि बढिनँ ? मेरो भत्केको जीवन गयो गयो॥१५॥

गृहस्य भूमेस्तुरगादिकानां
कुर्यामहं भो कति फल्गुचर्चाम्।
नृजन्म लब्ध्वा धरणौ कृतं किं
जनुर्गतं व्यर्थतया निरर्थम्॥ १६॥

घर, जमिन, वाहन आदिको तुच्छ चर्चा म कति गरूँ ? मानव जुनि पाएर पृथ्वीमा के गरेँ ? यो जुनी त्यसै व्यर्थमा गयो॥१६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एतेन वित्तं बहुधैव लब्धं
लब्धा तथाऽनेन धरा प्रभूता।
उद्योगमार्गे कतमः समोऽस्य
देशे महान् वाऽतुलनीय एषः ॥ १७ ॥
एवं कदीर्ष्यादहनैस्समन्ता–
दात्मानमेनं बहुधा विदाह्य।
लभेत को वाऽमृतबिन्दुरत्र
जनो ह्यसूयावशगो म्रियेत ॥ १८ ॥

यसले धेरै धन कमायो, जमिन धेरै जोड्यो, उद्योगमा यसको जोडी कोही छैन, देशमा यो महान् अतुलनीय छ, यस्तै यस्ता डाहारूपी खराब डढेलोले आफूलाई डढाएर कसले यहाँ अमृतबिन्दु पाउँछ र ? डाहाडे व्यक्ति स्वतः मर्छ ॥१७–१८॥

ये नीतिमन्तः खलु ते सदैव
जीवन्ति कस्मिञ्चन भूमिभागे।
नीतिं विहायोदरपूरकाणां
का वा प्रतीक्षा मरणाय तेषाम् ? ॥ १९ ॥

जो नीतिवान् छन्, ती सधै पृथ्वीमा बाँचेका छन्, अनीतिले पेट पाल्ने मान्छेका लागि मर्ने प्रतीक्षा गर्नै पर्दैन (ती प्रायः मरेसरह नै छन्) ॥१९॥

दिनेदिने यत् किमपीह लेख्यं
दिनेदिने यत् किमपीह पठ्यम्।
दिनदिने यत् किमपीह चिन्त्यं
न जातु यायात् दिवसं निरर्थम् ॥ २० ॥

दिनदिनै केही लेख्नुपर्छ, दिनदिनै केही पढ्नुपर्छ, अनि दिनदिनै केही चिन्तन गर्नुपर्छ। दिन त्यत्तिकै खेर फाल्नु हुँदैन ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसादनीयं खलु नैजचेतः
विसादनीयं खलु नैव चेतः ।
समीरणीयं हृदयं सुकार्ये
न जातु चेतो रमतां कुकार्ये ॥ २१ ॥

मनलाई खुसी राख्नुपर्छ, दुःखी बनाउनु हुँदैन, यसलाई राम्रो कार्यमा लगाउनु पर्छ, मन कहिल्यै कुमार्गमा नरमाओस् ॥२१॥

कलाविकासे धिषणाविकासे
नवीनतोद्घाटनशिल्पदाक्ष्ये ।
प्रतिक्षणं संयतनीयमेव
जनः कथं जीवति निष्कलोऽत्र ? ॥ २२ ॥

कलाको विकासमा, बुद्धिको विकासमा, नयाँ विषय पहिल्याउने शिल्पको दक्षतामा प्रत्येक क्षण संयमी भएर लाग्नै पर्छ । केही पनि कला नभई मान्छे कसरी पो बाँच्छ ?॥२२॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कवितापञ्चविंशतिः

(पच्चीस कविता)

लोको दुःखस्य हत्यै भ्रमति ह सततं नैव तद् हन्तुमीशः
लोकः सौख्यस्य लब्ध्यै भ्रमति ह सततं नैव तल्लब्धुमीशः ।
किं स्याद् दुःखं तथा किं सुखमिति सततं चिन्तयन्नेष लोकः
सौख्यं सम्यङ् न जानन्नपि खलु यतते सन्ततं तस्य लब्ध्यै ॥ १ ॥

यो लोक दुःख नाश होस् भनेर निरन्तर हिँडिराखेको छ, तर त्यो हटाउन सक्दैन। लोक सुखका लागि घुमेको घुम्यै छ, तर त्यो पाउन सकेको छैन। सुख के हो, दुःख के हो भन्ने चिन्तनमा लोक लागिपरेकै छ। सुखको सम्बन्धमा राम्रोसँग नजान्दा नजान्दै पनि त्यसको प्राप्तिमा लागि रहेकै छ ॥१॥

उत्तुङ्गोत्तुङ्गशैलान् विहरति मनुजो भूरि सौहित्यकामः
सिन्धोरुत्तालवीचावपि झष इव संयाति कल्याणकामः ।
व्योम्नो निस्सीममार्गं भ्रमति सुखलवस्पर्शप्राप्तिं निभाल्य
किं किं कर्तुं प्रवृत्तो न हि जननिकरश्शर्मलब्ध्यै विशिष्य ॥ २ ॥

धेरै तृप्ति लिने चाहनाले मानिस अग्ला अग्ला पहाडहरूमा चढिरहेछ, कल्याणको इच्छाले समुद्रका उत्ताल तरङ्गहरूमा पनि माछाले झैँ डुबुल्की मारिरहेछ, सुखको झिनो स्पर्श पाउने सोचाइले निस्सीम आकाश मार्गमा उडिरहेछ, मानिस सुखप्राप्तिका लागि विशेषगरी कुन कुन काममा लागिपरेको छैन र ? ।२॥

भोगाः भुक्ताः कियन्तो धनमदमहिताः सेविताः वा कियन्तः
देशाः दृष्टाः कियन्तो बहुविभवयुताः भूपवर्गाः कियन्तः ।
राद्धाः धीराः कियन्तो महिमचयचिताः शास्त्रवादाः कियन्तः ?
सौख्यं लब्धं भवद्भिः कियदिति सुधियो ब्रूत सत्यं प्रकाश्य ॥ ३ ॥

धनको माद बढाउने भोग कति भोगियो कति, अनेकौँ वैभवले झकिझकाउ भएका देश कति हेरिए कति, राजा (धनीवर्ग) हरूको पनि कति सेवा गरियो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कति, महिमाशाली विद्वान्हरूको कति आराधना गरियो र शास्त्रका सिद्धान्तहरू पनि कति पढियो कति, तर विद्वान् हो ! नढाँटी भन्नोस् त, तपाईंहरूले यस्ता कार्यबाट सुख पाउनु भएको छ ?।३॥

केचिज्जल्पन्ति सौख्यं मिलति नववयोराजितायां रमण्यां
केचिज्जल्पन्ति सौख्यं मिलति नववयोभ्राजितायामटव्याम्।
केचिज्जल्पन्ति सौख्यं मिलति हिमगिरेः सम्पतन्निर्झरिण्या-
मित्थं धावन्ति मर्त्या विधिविहतसुखाशाः सचिन्ताः समन्तात् ॥ ४ ॥

केही व्यक्ति भन्छन्-नयाँ जवानीले मस्किएकी रमणीमा सुख मिल्छ, केही भन्छन्- चराचुरुङ्गीको कलरवले मनोहर नित्यनूतन जङ्गलमा सुख मिल्छ, केही भन्छन्- हिमालयबाट झरेका झरनामा सुख मिल्छ। यसरी दैवले ठगिएका व्यक्तिहरू सुखको आशामा चिन्तित हुँदै चारैतिर कुदिरहेका छन्॥४॥

सौख्यं लब्धं समेताः श्रृणुत जनचयाः सन्ततं सत्यवाचः
सौख्यं प्राप्तुं क्षमध्वं कथमिति च विनाशोन्मुखेष्वेषु हन्त।
काचिद् दत्ते प्रमोदं रसमधुरिमवाग्भङ्गिभिस्सारपूर्णै-
स्तां सेवित्वा निकामं कथममरसुखं नैव किं भो लभध्वम् ? ॥ ५ ॥

सुख पाउने आशामा लागेका हे जनसमूह हो ! साँचो कुरा सधै सुन। दुःखको कुरा छ, विनाशतिर उन्मुख यी पदार्थहरूबाट कसरी सुख पाउन सक्छौ ? सुख त सारपूर्ण रसको मिठासले भरिएका विदग्ध सूक्तिमय वाणीले दिन्छन्। त्यस्ता वाणीको राम्ररी सेवा गरेर अविनाशी सुख मजैसँग पाउन किन खोज्दैनौ ?।५॥

एषा नूत्ना विचित्रा मधुरमधुझरीवर्षुका सारपूर्णा
सम्पूर्णा सूक्तिरत्नैर्मनुजजनहिताधायिनी भावपूर्णा।
विस्तीर्णा पूर्वकालाद् विबुधजनमनोहारिणी रूपपूर्णा
विद्वद्वर्गे नितान्तं जयति ह कविताकामिनी रागपूर्णा॥ ६ ॥

यी कविताकामिनी सधैँ आश्चर्यजनक मिठासले पूर्ण, नयाँ माधुर्यझरी वर्षाउँछिन्, सारपूर्ण छिन्, सूक्तिरत्नहरूले भरिएकी छिन्, मानवजुनिलाई हित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने भावले पूर्ण छिन्, धेरै पहिलेदेखि नै फैलिएकी, विद्वज्जनको मन तान्ने रूपमयी र रागमयी यी कविताकामिनी विद्वद्वर्गमा सधैँ सर्वोच्च स्थानमा छिन् ॥३॥

उद्यानं तावदेकं जयति बुधसमाजे मनोहारि भव्यं
शब्दा अर्थाश्च यस्मिन् स्थिरतरतरवो व्यापृता भूरिभागे।
माधुर्यौजः प्रसादाः स्फुटितसुमनिभा रीतयः पत्ररूपा
वाच्याऽलङ्कारशाखा सकलजनमनोहारिरूपं रसाश्च ॥ ७ ॥

विद्वत् समूहसामु एक अति मनपर्दो सुरम्य बगैँचा छ, जुन बगैँचामा रुखका रूपमा सबैतिर फैलेर शब्द र अर्थ रहेका छन्, यहाँ माधुर्य, ओज र प्रसाद फुलेका फूलतुल्य छन् अनि (उपमा, उत्प्रेक्षा आदि) वाच्यालङ्कार हाँगा हुन् भने रसहरू यस बगैँचाका अत्यन्त सुन्दर सजावट हुन् ॥७॥

उद्यानेऽस्मिन् प्रविष्टो ललितपदलसद्भूरिरागां सुरक्तां
काञ्चित् विच्छित्तिभूषां दरमुकुलितदृग्रीतिमध्यां सुमध्याम्।
रस्यैर्वाचोविलासैरधिकतरवशे वर्तिनीं द्राग्विधाय
भुङ्क्ते योऽसौ स धन्यः स विविधसुखभुक् सैव जेता स मान्यः ॥ ८ ॥

यस्तो बगैँचामा पसेको व्यक्तिले ललितपद (सुन्दर पाउ) ले शोभित पाउमा लालद्रव्य लगाएकी वा मन खिच्ने अनुरक्त सौन्दर्यको गहना पहिरेकी, अलिअलि शैलीपूर्ण नेत्रकटाक्षले हेरेकी सुन्दरीलाई आफ्नो इच्छाअनुसार वशवर्तिनी बनाएर जसले भोग्दछ, त्यही धन्य हो, त्यही नै विविध प्रकारका सुखको भोक्ता हो। त्यही जेता हो अनि मान्य पनि त्यही हो ॥८॥

अत्यन्तं सौख्यमाप्तुं श्रयत किमु धनोन्मादिनो भेदभाजो
यद्वा रम्भाशिरीषोपममृदुदयिताङ्गानि किं संश्रयध्वम्।
आनन्दं किं नु दद्याद् गुरुयमनियमैस्संश्रितो योगमार्ग-
स्तस्मादास्वादकामा रसमयकविताकामिनीमाश्रयध्वम् ॥ ९ ॥

धेरै सुख पाइन्छ भनेर भेदभावले हेर्ने धनवन्तहरूको सेवा किन गर्दछौ ? अथवा केरा वा शिरीषसँग तुलना गर्न मिल्ने शरीर भएकी रमणीको आश्रय किन लिन्छौ ? कठिन यम नियमादिमा आश्रित योगमार्गले कति पो आनन्द

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देला ? त्यसकारण आस्वाद चाहने तिमीहरू रसमय कवितारूप कामिनीको आश्रय लेऊ ॥९॥

या शङ्कालोभमोहप्रभृतिदुःखदवैर्नित्यमभ्यर्दितानां
दीनानां दुःखदावद्रुतदलनविधौ शीतला वारिधारा ।
या ब्रह्मास्वादकल्पं सुखयति च सुधाश्राविभिर्वाग्विलासैः
सेयं वाणी नसेव्या वदत कथमहो सौख्यलाभाय धीराः ॥ १० ॥

जुन कविताकामिनी शङ्का, लोभ, मोहलगायतका दुःखरूपी डढेलोले नित्य पीडित दुःखीहरूको दुःख डढेलो निभाउने काममा पानीको चिसो धारा बनेकी छिन्, जो स्वादिला सूक्तिका भङ्गीद्वारा ब्रह्मास्वादसमान सुख दिन्छिन्, हे विद्वान् हो ! सुख पाउनका लागि यस्ती वाणीको सेवा नगरे कसको गर्ने भन्नोस् त ?।१०॥

एषा त्वन्यैव सृष्टिर्मधुरनवरसैः केवलं ह्लादरूपा
या सृष्टा काव्यकर्त्रा रुचिररचनया लोकबाह्यैर्निमित्तैः ।
अन्तस्तत्त्वं समेषामखिलमपि द्रुतं बोधने या समर्था
सैषा भाषा कवीनां कथमिह सततं सेवनीया न किं भोः ॥ ११ ॥

काव्यसृष्टि अर्को नै सृष्टि हो, किनकि यहाँ मिठा नवरस रहेको कारण आनन्दमात्रै छ (विधिको सृष्टि षड्रसात्मक छ, जहाँ सुखमात्र नभई दुःख पनि छ) । लोकभन्दा बाहिरका कारणहरूबाट काव्यकारले सुन्दर रचनाद्वारा जसलाई सृष्टि गरेका छन् । जो सबैको भित्र अन्तस्तत्त्वलाई छिटै बुझाउन सक्छ, यस्तो भाषा कविहरूका लागि साँच्चै सेवा गर्न लायक किन नहोला भन्नोस् त ?।११॥

श्रित्वा कारुण्यवृत्तं सकलजनमनोरोदने या समर्था
वृत्तेऽसौ हास्यजाते निखिलमपि जगद् हासयत्येव नूनम् ।
वृत्तैरुत्साहपूर्णैरथ जनमनसो दीपने या क्षमाऽस्ते
सैषा वाणी सुधन्या जयति कविकृता सर्वसम्पत्स्वरूपा ॥ १२ ॥

यी कविताकामिनी करुणापूर्ण चरित्रलाई आधार बनाएर सबैको मन पगाल्न सक्षम छिन् भने हास्यपूर्ण घटना उठाएर सम्पूर्ण जगत्लाई हँसाउँछिन् पनि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्साहले पूर्ण चरित्रहरूद्वारा जनताको मनमा जोश जगाउन पनि यी सक्षम छिन् । कविवर्गद्वारा प्रशंसित महत्त्वपूर्ण सम्पत्तिसमान धन्य यी कविवाणी सर्वोत्कृष्ट छिन् ॥१२॥

एषा जीर्णा न भूता न भवति न पुनर्भाविनी जातु लोके
नित्यं नूत्ना सुरूपा रमयति विविधैरङ्गसौन्दर्यसारैः ।
अन्तर्निस्सीमतोषं जनयति सुधियां वाग्विलासैर्विचित्रैः
कीर्तिं प्रीतिं ददाना जयति कविकृतौ भारती विश्ववन्द्या ॥ १३ ॥

यी कविताकामिनी कहिल्यै बूढी भइनन्, न त हुनेछिन्, सधै नवीन छिन्, रूपवती छिन् र आफ्नो अङ्गको सौन्दर्यले सबैलाई रमाइलो गराउँछिन् । विचित्र प्रकारका वचनविलासले बुद्धिमान्हरूलाई भित्रैदेखि असीमित तुष्टि दिलाउँछिन् । रचनाका माध्यमले कविसहित लोकलाई कीर्ति र प्रीति दिलाउने यी भारती विश्ववन्द्य छिन् ॥१३॥

आख्यानैर्देवतिर्यङ्नरविषयगतैः प्रेरणादायीवृत्ते-
रेषा कान्तात्मशैल्या नयति जनबलं स्नेहसद्भावमार्गम् ।
लोकोत्थानाय स्वात्मार्पणमपि सुजनैः कार्यमित्थं ब्रुवाणा-
स्तन्वाना विश्वमैत्रीं जयति जनमनःस्थायिनी काव्यवाणी ॥ १४ ॥

देवता, पशुपक्षी र मानवीय विषयसँग सम्बन्धित आख्यानले, प्रेरणादायी चरित्रहरूले काव्यवाणी कान्तासम्मित शैलीले मानवशक्तिलाई स्नेह र सद्भावको बाटोमा हिंडाउँछिन् । लोककल्याणका लागि सज्जनहरूले आफ्नो शरीर र आत्मा अर्पण गर्न सक्नुपर्छ भन्दै मानवमनमा स्थायी रूपमा बस्ने काव्यवाणी विश्वमा मित्रता फैलाउँदै सर्वोत्कृष्ट रूपमा रहेकी छिन् ॥१४॥

किं धर्म्यं किं यशस्यं किमु जनहितकृत् कार्यजातं विशिष्टं
किञ्चावद्यं चरित्रं किमु बुधपरिषद्वन्दनीयं सुकृत्यम् ।
किं वैदग्ध्यं प्रशस्यं किमु श्रुतिजगता दर्शितं वर्त्म चेत्थं
ज्ञातुं धीराः क्षमध्वं यदि च कविकृतौ मानसं सन्निधत्थ ॥ १५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मप्राप्त हुने कर्म के हो ? केबाट यश मिल्छ, ? केले जनहितका विशिष्ट कार्य हुनेछन् ? उत्तम चरित्र के हो? विद्वत् परिषद्द्वारा वन्दनीय राम्रा काम के हुन् ? कार्यकुशलता भनेको के हो ? वेदले बनाएको बाटो कुन हो ? यस्ता कुरा जान्नका लागि तपाईंहरू सक्षम हुनुहुन्छ भने कविका कृतिमा मन दिनोस् ॥१५॥

भूमेः सौन्दर्यतत्त्वान्यथ दिवि लसितं विस्मयाधायि वृत्तं
भूगर्भालम्बिवृत्तान्यपि रसमयवाग्वैभवैर्भूरि चर्चत्।
संविद्विश्रान्तितत्त्वं रसिकजनमनोहारि सौन्दर्यसारं
माधुर्यं व्यङ्ग्यनिष्ठं वदत बुधवराः काव्यतोऽन्यत् क्व दृष्टम् ? ॥ १६॥

पृथ्वीका सौन्दर्यतङ्व, आकाशीय पिण्डहरू (स्वर्ग) का आश्चर्यकारी चरित्र, पातालका चरित्र, रसमय वाग्वैभवद्वारा धेरै चर्चा गर्ने ज्ञानको विश्रान्ति थलो, रसिकजनको मन खिच्ने सौन्दर्यको आधार बनेको व्यङ्ग्यनिष्ठ माधुर्यलाई विद्वान् हो ! तपाईहरू ले काव्यभन्दा अन्यत्र कहीं देख्नुभएको छ, भन्नोस् त ?? १६॥

प्रस्तोतुं शिल्पजातं प्रभव इह कृतौ केवलं नैव मर्त्या–
स्तिर्यञ्चः स्थावराद्या अपि सहृदयसंवादवेद्या भवन्ति ॥
कीरो वृत्तान्तजातं निगदति सुकृतं वक्ति विस्तृत्य व्यालो
मेघो दौत्यं विधत्ते घटयति च युवद्वन्द्वमस्मिन् मरालः ॥ १७ ॥

कविका कृतिमा सीप पस्किन केवल मानिसमात्र सक्षम हुँदैनन्, पशुपक्षीहरू र स्थावर (रुखपहाड) हरू पनि सक्षम र सहृदयसम्वाद बुझ्ने हुन्छन् । यहाँ त सुगाले पनि धेरै घटना भन्छ (जस्तोः कादम्बरीमा), सर्पले विस्तारपूर्वक धर्मको बारेमा बताउँछ (जस्तैः अजिङ्गर बनेको नहुष र युधिष्ठिरको संवाद : महाभारत), मेघले दूतको काम गर्छ (जस्तै : मेघदूत खण्डकाव्य), हाँसले युवायुवतीको जोडीलाई मिलाउँछ (जस्तै : नलचरित्र) ॥१७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुन्धे पान्थान् प्रयाणे परभृदलिरथो भर्त्सनं संविधत्ते
पान्थासून् हर्तुमारात् प्रभवति कुटिलः पुष्पधन्वा गतासुः ।
एवं वैचित्र्यमार्गाश्रयिकविरचनानल्पमास्वाद्य हंहो
स्वात्मोत्थाने यतध्वं द्रुतमिह सुजना नो विलम्बं विधत्थ ॥ १८ ॥

काव्यवाणीमा कोइली, बटुवालाई विदेशतिर यात्रा गर्न रोक्छ, भँवरो गाली गर्छ, फूलको धनु लिएको तर शरीर नै नभएको कुटिल कामदेव पनि बटुवाको प्राणहरण गर्न छिटै सक्षम हुन्छ। यस्तै विचित्र मार्गको आश्रय लिने कविरचनालाई मजैसँग आस्वादन गरेर हे सुजन हो ! छिटै आत्मउत्थान हुने प्रयास गर्नुहोस्। यसमा विलम्ब नगर्नुहोस् ॥१८॥

श्रित्वा व्यापारमार्गं विपुलधनचये किं न दक्षा वयं स्म
स्वीयैर्वैदग्ध्यशिल्पैर्विविधजनमनकर्षणं किं न कुर्मः ।
यात्वा पारेसमुद्रं जनपदघटना किन्न वाऽऽलोकयामः
शान्तिं प्राप्तुं क्षमा नो यदि कविवचने मानसं नैव दध्मः ॥ १९ ॥

व्यापारको बाटो समातेर धेरै धन कमाउन हामी किन दक्ष नहोऊँ ? आफ्ना कलापूर्ण सीपले मानव मन तान्न किन नसकौँ ? समुद्रपारि पुगेर देशविदेशका घटना किन नहेरौँ ? तर पनि शान्ति पाउन हामी सक्षम हुने छैनौँ, यदि कविरचनामा मन दिएनौँ भने ॥१९॥

चेतोमालिन्यहानिर्भवति कविकृतेः प्राञ्जलैर्वर्ण्यवृत्तै-
र्लोकोत्थानाय स्वान्तर्द्रवति कविगिरां शान्तदान्तैश्चरित्रैः ।
जागर्त्युत्साहराशिः सुभटगुणगणं भूयसाऽहो निरीक्ष्य
सौख्यं धत्ते मनोऽदः सुकविकृतिगतं सौष्ठवं सन्निपीय ॥ २० ॥

कविरचनाका वर्णन गरिएका प्राञ्जल वृत्तान्तहरूले चित्तको मालिन्य हटाउँछन्, कविवाणीका शान्त-दान्त चरित्रले लोकउत्थानका लागि अन्तस्करणलाई पगाल्दछ, सिपाहीहरूका गुणगण धेरै पल्ट हेरेर उत्साह जाग्दछ, त्यस्तै राम्रा कविका रचनामा रहेको सौन्दर्य पिएर यो मनले सुखको अनुभव गर्छ ॥२०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजीवैर्नेत्रयुग्मं कचततिसुषमा वर्ण्यते चामरेण
मातङ्गीकुम्भकान्त्या कुचयुगलछविश्शस्यते सादरेण।
हंसीगत्या विलासो रजनिपतिरुचा तुल्यते वै स्मितास्यं
नन्वेकस्मिन् सुपात्रे सुवचनधनिभिः किं विशिष्टं न दृष्टम्॥ २१ ॥

कमलले जोडी आँखाको, चमरसँग केशको सौन्दर्य वर्णन गरिन्छ। हात्तीको कुम्भस्थलको कान्तिले दुई स्तनको सौन्दर्यको तुलना गरिन्छ। यस्तै काव्यमा हाँसको गतिसँग विलासको र चन्द्रमाको कान्तिसँग मन्दमुस्कानको तुलना गरिन्छ, एउटै (नारी) पात्रमा वाग्चातुर्यका धनी कविहरूले के पो विशेषता देखेनन् ? ॥२१॥

केचिद् वैचारिकस्रग्धरजनततयः स्वाशयं ख्यापयन्तः
काव्यं निस्सारवृत्ताश्रित बहुघटनाऽऽलम्बिनं लेखमाहुः।
ते प्रावोचन्नसत्याश्रयिप्रतिकृतिके जीवनं दत्तवन्तो
नैते स्थातुं समर्हाः कवय इह विकासोन्मुखाऽऽदर्शराज्ये॥ २२ ॥

केही विचारवान् भनाउँदा व्यक्तिहरूले आफ्नो आशय खुलाउँदै काव्य भनेको सारहीन चरित्रमा आश्रित, अनेकौँ घटनामा गाँसिएको लेख हो भने। उनीहरूले असत्यको छायालाई सजीव बनाएर वर्णन गर्ने कविहरू विकासोन्मुख आदर्श राज्यमा बस्न योग्य छैनन् भने ॥२२॥

साहित्यं सभ्यताया विविधपटुकलाकौशलानाञ्च हेतु–
रेतद् दुःखौघहानेः प्रथमविधिरिति बोद्धृवर्गे प्रसिद्धम्।
साहित्यं नैव सृष्टं भवति यदि जनैश्शासिताऽऽदर्शराज्ये
हार्दो भावो विलुम्पेदथ च मनुजता काऽवशिष्येत हन्त॥ २३ ॥

अनेकौँ कलाकौशलको हेतु साहित्य हो भनेर मानिएको छ। यो दुःखजाल नाश गर्ने प्रथम उपाय हो भन्ने कुरा बौद्धिक समुदायमा प्रसिद्ध नै छ। यदि मानवद्वारा आदर्श राज्यहरूमा साहित्यको रचना नगरिँदो हो त मानवमा हार्दिक भावना नष्ट हुने थियो। दुःखको कुरा छ, मानवता पनि रहने थिएन ॥२३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यद् यद् दृष्टं श्रुतं तद् सकलमपि सतो हीनमेवं ब्रुवाणाः
साहित्यं नैव सत्यं जनजनिहितकृत् तत्त्वमेके समाख्यन्।
सृष्टेर्निश्शेषरूपं वितथमिति गदत्स्वेषु खं संश्रयत्सु
विज्ञं मन्येष्वविद्यागुणग्रहणरतेषूत्तरं किन्नु देयम् ?॥ २४ ॥

जे–जे देखिन्छ वा सुनिन्छ, ती सबै झुटा हुन् भन्ने (वेदान्ती) व्यक्तिहरूले मानवको हित गर्ने सत्यतत्त्व साहित्य होइन भने। सृष्टिको समस्त रूप झुटा हुन् भन्ने आफूलाई विज्ञ मान्ने तर अविद्याका गुण ग्रहण गर्न संलग्न यस्ता व्यक्तिलाई दिने उत्तर पो के छ र ?।२४॥

शब्दैरर्थैः प्रबन्धोचितगुणरसवृत्यादिगम्भीरभावै–
र्मात्रावर्णादिमेलैर्गणगतियतिभिस्स्रग्धराद्यैश्च वृत्तैः।
सादृश्याऽभेदतर्कप्रभृतिरुचिरताद्योतकैर्वाक्यसङ्घैः
शोभां नव्यां दधाना जयति कविगवी लोकसन्तोषणाय॥ २५ ॥

शब्द, अर्थ र प्रबन्धमा आवश्यक उचित गुण; ध्वन्यमान् प्रसङ्गविशेष; मात्रा, वर्ण, गण, यति, गतिको योग; स्रग्धरा आदि छन्द; सादृश्यमूलक अभेदमूलक तर्कप्रधान रमणीय अलङ्कारहरूले मण्डित वाक्यका समूहद्वारा नयाँ शोभाको आधान गर्ने कविवाणी लोकलाई सन्तुष्ट बनाउँदै सर्वोत्कृष्ट रूपमा शोभित छ ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालिदासार्चनम्

(कालिदासको अर्चना)

उत्तोल्योत्तोल्य खड्गं गहनतमतमोदैत्यनाशे प्रवृत्तां
कालीं कालाभ्रमूर्तिं प्रणतजनमनःपूरणे दत्तचित्ताम् ।
भक्त्युद्रेकैर्वचोभिर्ललितपदविलासैस्समाराध्य धीरः
लेभे वैदुष्यसिद्धिं सुकविगणपुरोगण्यतां कालिदासः ॥ १ ॥

खड्ग उचाली–उचाली अत्यन्त गहन अन्धकाररूपी दैत्यको नाशमा प्रवृत्त भएकी, कालो मेघजस्तो मूर्ति भएकी, शरणागतको इच्छापूर्तिमा मन दिने कालीलाई भक्तिमय वचन र लालित्यमय पदविलासले आराधना गरेर कालिदासले वैदुष्यसिद्धि प्राप्त गरे। सुकविहरूको समूहमा अग्रणी स्थान पनि पाए ॥१॥

लोकेऽस्मिन् काव्यकारा अजनिषत कियन्तस्सुधासूक्तिमन्तो
जायन्ते शिष्टभाषाविरचनपटवो वा जनिष्यन्त एके ।
माधुर्याऽऽवेशधन्यं सकलजनमनस्पर्शिवृत्तं गृहीत्वा
काव्यं प्रस्तोतुमन्यः क्षमत इह कविः कालिदासात् परः कः ? ॥ २ ॥

यो विश्वमा अमृत सूक्ति प्रवाहित गर्ने कति काव्यकार जन्मे, शिष्टभाषाको रचनामा कुशल कति जन्मेका छन् र कति जन्मेलान् पनि, तर पूर्ण माधुर्य भरेर धन्य बनेको सम्पूर्ण व्यक्तिको मन छुने चरित्र भएको काव्यरचना गर्न कालिदासभन्दा अर्को सक्षम कवि को छ ?॥२॥

कस्मिन् वृत्ते पदं किं समुचितमथ का रीतिरौचित्यपूर्णा
केऽलङ्काराः प्रभावं विदधति रचनावाहकस्को गुणः स्यात् ?
किं कथ्यं हार्दभावं स्पृशति किमु चमत्कारिवृत्तान्तजातम्
चेत्थं सौन्दर्यसारं मिलति कथमहो कालिदासात् परस्मिन् ? ॥ ३ ॥

कुन छन्दमा कुन पद र कुन रीति उचित हुन्छन्, अलङ्कारहरूले के प्रभाव पार्छन् ? रचनावाहक गुण कुन कुन हुन् ? कुन कथ्य वृत्तान्तले हृदयको भावलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छुन्छ ? अनि वर्णनीय चमत्कारजनक विषयहरू के के हुन्, यस प्रकारको सौन्दर्यको सार कालिदासभन्दा अरूमा कसरी मिल्छ र ?।३॥

धृत्वा सौहार्दभावं स्थिरतरमधिकं भ्रातरः सम्मिलन्तु
शीलं सम्यक् गृहीत्वा स्वकुलविधिमथो योषितः पालयन्तु ।
आर्याऽऽदर्शानुसारी नृपतिजनतयोर्जायतां स्नेहबन्धो-
र्मर्यादासेतुबद्धा चिरमिहभवताल्लोकयात्रा विशिष्य ॥ ४ ॥

स्थिर तथा उत्तम विचार लिएर दाजुभाइ मिलून्, महिलाहरूले राम्ररी शील धारण गरेर आफ्नो कुलाचार नियमको पालना गरून्, राज्यप्रमुख र जनतामा आर्यआदर्शअनुरूप स्नेह झ्याङ्गियोस्, लोकव्यवहार विशेषगरी मर्यादाको सेतुले लामो समयसम्म बाँधिएको होस् ॥४॥

नेतारः स्युर्गभीरा अकुटिलमतयो निर्मदास्सत्त्वसारा-
स्तद्वद् नेत्र्यो भवेयुर्विगतमदकलापारगाश्शीलवत्यः ।
सर्वे वर्णा लभन्तामुचितमवसरं स्वस्वकार्याणि कर्तुं
वृत्ताद् हीनो न भूयादथ जननिकरो जायतां नैव दीनः ॥ ५ ॥

नेताहरू कुटिल बुद्धि नभएका, अहङ्कारहीन, फूर्तिला र योग्य होऊन्, नायिकाहरू पनि त्यस्तै रहून् । नेतृहरू मद नभएका तर शील स्वभाव भएका होऊन्, सबै वर्णहरूले आ-आफ्ना काम गर्न उचित अवसर पाऊन्, मानव समुदाय चरित्रहीन तथा दीन नहोस् ॥५॥

नारीरत्नं सुरक्ष्यं चलति ननु यतो लोककार्याणि सम्यक्
स्वं स्वं कार्यं न त्याज्यं स्वजनकुलहिताधायकं जायते तत् ।
राज्ञा लोकः सुपाल्यस्तत इह नृपतेः कीर्तिलाभो महीया-
नित्थं सूक्तैः समूहैर्जयति बुधसभायामसौ कालिदासः ॥ ६ ॥

नारीरत्नको सुरक्षा गर्नुपर्छ, जसबाट लौकिक कार्यहरू राम्ररी चल्छन् । आफ्नो कुलको हित हुने काम छाड्हिाल्नु हुँदैन । राजाले राम्ररी शासन गर्नुपर्छ, जसबाट उनलाई ठूलो कीर्तिलाभ हुन्छ । यस्ता सुभाषितद्वारा विद्वत्सभामा कालिदास सधैं उत्कृष्ट रहेका छन् ॥६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोदारेवादिनद्यः सुखदकलध्वनीन् श्रावयित्वा वहन्त्यः
कृत्वा लोकोपकारं प्रचलत सुजनाश्चेति सन्देशमाहुः ।
ब्रह्मावर्ताऽलकाद्या विपुलजनपदा दिव्यशोभां दधाना
लोको जीव्यात् सुकीर्त्या किमु ब्रुवत इमे कालिदासीयकाव्ये ॥ ७ ॥

सुखदायी श्रुतिमधुर ध्वनिले सुसाएर बग्ने गोदा, रेवा आदि नदीहरूले हे सज्जन हो ! लोकोपकार गर्दै अघि बढ भन्ने सन्देश दिएका छन् । ब्रह्मावर्त, अलका आदि ठूला ठूला देशहरूले कालिदासीय काव्यमा मानव समुदाय सुकीर्तिले बाँचोस् भनेर मानौँ बताइरहेछन् ॥७॥

लोके वर्षा वसन्तस्तपनशिशिरयुग्हैमकालः शरच्च
पङ्कं पुष्पं विदाहं जडतनुविधुती स्वच्छतामेव दद्युः ।
सर्वातिक्रान्ततृप्तीरथ निरतिशयं सौख्यमाप्तुं तृषा चेत्
धीराः शीघ्रं श्रयध्वं मधुरमधुझरं कालिदासीयकाव्यम् ॥ ८ ॥

लोकमा वर्षा, वसन्त, ग्रीष्म, शिशिर, हेमन्त, शरद् ऋतुहरूले क्रमशः हिलो, पुष्पसमृद्धि, ताप, चिसो, कम्पन र स्वच्छतामात्र दिन्छन्, सबैले सबैलाई तृप्ति दिन सक्दैनन् । ज्यादै सन्तोष र अति धेरै सुखको अभिलाषा छ भने हे विद्वत्वर्ग! छिटै स्वादिलो महको झरी बर्साउने कालिदासका काव्यहरूको आश्रय लिनुहोस् ॥८॥

लोके बल्ल्यः सपुष्पाः कतिचिदवसरे सन्ति चैता अपुष्पा
स्तद्वत् सर्वास्तटिन्यः कलुषतदितरद्देहचक्रं धरन्ति ।
काव्ये वै कालिदास्ये विषयनदनदीपुष्पबल्ल्यः सदैवा-
ऽम्लानं कालुष्यहीनं निरतिशयहृदाहृद्यरूपं धरन्ति ॥ ९ ॥

यस संसारमा देखिएका लहराहरू कहिले फूलले ढाकिन्छन् त कहिले फूलबेगरै रहन्छन् । त्यस्तै नदी, खोलानालाहरू फोहोर पनि हुन्छन्, सफा पनि हुन्छन्, तर कालिदासका काव्यमा देश, नदी, फूल र लहराहरू सधै नओइलिने, स्वच्छ, अत्यन्त नै आल्हादकारी रूप धारण गर्दछन् (यस्तो सौन्दर्य नियालेर को अघाउने ?) ॥९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हैमो भूभृत्समुच्चोऽभ्यधिकजडतरः किं सुखं स्थायि दद्याद्
नद्यो वक्राङ्गसाराः कुटिलजडतरास्ताः सुखं किं प्रदद्युः ।
वृक्षावल्यो ह्यशेषाः स्थिरजडवपुषः किं ददत्येव सौख्यं
तस्माद् धीरा भजध्वं सुकविगणनुतं कालिदासीयकाव्यम् ॥ १० ॥

हिमशैलहरू जति छन्, ती सबै चिसा छन्, उनीहरूले स्थायी सुख दिने कुरै भएन, बाङ्गाटिङ्गा बहने कुटिल र जड (जल) नदीखोलानालाहरूले के सुख दिने ? जति पनि रुख लहराहरू छन्, ती सबै स्थिर र जड शरीरका छन्, उनीहरूले कति सुख देलान् ? त्यसकारण हे विद्वान् हो ! योग्य कविवर्गले प्रशंसित कालिदासकै काव्य पढ्नुहोस् ॥१०॥

स्वादप्राणैकधाम्नां नवगणनयुतानां रसानां समेषां
श्रृङ्गारोऽसौ रसेशो वचनमिति बुधाः सन्ततं प्राहुरेव ।
काल्याः दासस्य काव्यं यदि नयनगतं नैव स्यात् सत्सभायां
श्रृङ्गाराऽऽश्रित्य प्रोक्तं सकलकविवचस्तर्हि यायान्निरर्थम् ॥ ११ ॥

आस्वादको सर्वस्व एकमात्र आधार सबै नवरसहरूका राजा भनेर विद्वान्हरूले श्रृङ्गारलाई भनेका छन् । विद्वत्सभामा कालिदासका काव्य यदि नहेरिऊन् त श्रृङ्गारलाई लिएर बोलिएका कविहरूका सम्पूर्ण वचना निरर्थक हुने थिए ॥११॥

स्वर्गः सौख्यस्य धामेति विबुधपरिषद्गीतमेतन्न दृष्टं
सोमः पियूषवर्षीति निगमगदितं प्रोषितैर्नानुभूतम् ।
कौमारं संभवं तत् रघुकुलचरितं मेघदूतं तथाऽन्यद्
येनाऽधीतं रसाढ्यं क्षयरहितसुखं हन्त तेनैव भुक्तम् ॥ १२ ॥

स्वर्ग सुखको घर हो भनेर विद्वत् परिषद् (वेदव्यास, मनु, याज्ञवल्क्य आदि) ले भने पनि त्यो देख्न पाइएको छैन । चन्द्रमाले अमृत वर्षा गर्छन् भनेर वेदले भने पनि विरही विरहिणीहरूले त्यो अनुभव गर्न सक्दैनन् । जसले कुमारसम्भव, रघुवंश र मेघदूतजस्ता रसमय काव्य पढेको छ, उसैले अक्षय सुख भोग्न सक्छ, जुन खुसीको कुरा हो ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थिभ्यो वित्तजातं सततमिह ददत् सार्वभौमोऽपि राजा
स्वं रङ्कीकृत्य रङ्कं त्वरिततरमसौ राजराजीकरोति ।
इत्थंभूतोऽपि शश्वद् हृदि शममधिकं भूपतिस्सन्निधत्ते
दृष्ट्वा चैतच्चरित्रं द्रवति नहिं मनः कस्य काव्ये विशिष्टे ॥ १३ ॥

(कालिदासीय काव्यमा) याचकहरूलाई दिनहुँ धन दिँदादिँदै चक्रवर्ती राजा पनि आफू कङ्गाल बनेर कङ्गाललाई छिटै कुबेर बनाउँछन्, त्यस्तै कङ्गाल अवस्थामा रहे पनि राजाले आफूलाई अत्यन्त शान्तिको अनुभव गर्छन् । यस्तो चरित्र देखेर विशिष्ट काव्यमा कसको मन पग्लिँदैन र ?१३॥

आवन्त्या उच्चशोभामनुपमसुषमामङ्गवङ्गोत्कलानां
प्रासादोद्यानशोभास्पदवपुरलकां राजराट्राजधानीम् ।
माहिष्मत्याः प्रकामं विभवचयवपुर्दिव्यकैलाशशोभा-
मित्याद्येकत्र लब्धुं पठत बुधवराः कालिदासीयकाव्यम् ॥ १४ ॥

उज्जयिनीको उच्च शोभा, अङ्ग, बङ्ग र कलिङ्ग देशको अनुपम सौन्दर्य, दरबार र बगैँचाले शोभा दिएको कुबेरको राजधानी अलका, माहिष्मती नगरीको वैभव, कैलाशको दिव्यशोभा, यी सबै पदार्थको सौन्दर्य एकै ठाउँमा हेर्ने भए हे विद्वान् हो ! तपाईंहरू कालिदासका काव्य पढ्नुहोस् ॥१४॥

केचिज्जल्पन्ति दिव्ये सुरयुवतिगणे मेनकाद्याः सुरूपा
अन्ये व्याख्यान्ति भूमेर्विवरतलगता योषितो रूपवत्यः ।
दिव्यं शाकुन्तलीयं युवतिजयि मनोहारि रूपं न दृष्ट्वा
स्वं विज्ञम्मन्यमाना अपि बुधनिचयाः किं वितथ्यं गदन्ति ॥ १५ ॥

केही भन्छन्–दिव्य सुर युवतीहरूमा पनि मेनका आदि अझ सुन्दरी छन्, अर्काथरी पातालका युवतीहरू सुन्दरी हुन्छन् भनेर व्याख्या गर्छन्, शकुन्तलाको सबै युवतीलाई जित्ने रूप नहेरी आफूलाई खुबै जान्ने सुन्ने भनिठान्ने विद्वत् समूह पनि किन झुटो बोल्दैछन् ?१५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एषा निश्शेषविश्वप्रणयनपटुतादर्शने लब्धख्याते-
र्धातुः कल्याणमूर्तेर्निखिलगुणगणैः पूरिता दिव्यसृष्टिः ।
लिप्यां यन्नैव लेख्यं न च पदततिभिर्वर्णनीयं कथञ्चिद्-
रूपं शाकुन्तलं तत् सकलजनमनोहारि लोकोत्तरीयम् ॥ १६ ॥

यी शकुन्तला समस्त विश्वको रचना गर्न कुशल भन्ने ख्याति कमाएका कल्याणमूर्ति ब्रह्माको अनेकौँ गुणगणले भरिएको दिव्य सृष्टि हुन् । यो लिपिमा लेख्न सकिने रूप होइन । न त शब्दको भरमार प्रयोग गरेर वर्णन गर्न सकिने रूप नै हो । यो शाकुन्तल रूप (शकुन्तला/शाकुन्तल नाटकको रूप) लोकोत्तर छ, जसले सबैको मनलाई तान्न सक्दछ ॥१६॥

लोकं लोकं प्रकृत्या मृदुतरकमनीयं स्वरूपं समन्ताद्
तत्काव्येऽसौ निवेष्टुं रसिकरुचिकरं योऽभवद् दत्तचेताः ।
तस्यैवं सूक्तिरत्नोज्ज्वलतनुकविताकामिनीरञ्जकस्य-
निश्शेषाणां गुणानां परिगणनविधौ को भवेद् वा क्षमोऽत्र ॥ १७ ॥

प्रकृतिको अत्यन्त कोमल र सुन्दर स्वरूपलाई चारैतिर नियाली नियालीकन रसिक जनका लागि रुचिकर बनाएर काव्यमा समावेश गर्न जुन कवि दत्तचित्त भए, त्यस्ता सूक्तिरूपी रत्न पहिरेका कारण उज्ज्वल स्वरूप भएकी कविता वनितालाई खुसी गराउन सक्षम त्यस्ता कविको सम्पूर्ण गुण गन्न त यहाँ को पो सक्षम होला र ?॥१७॥

भूलोके संस्थितानां रुचिरनदनदीशैलरथ्यागृहाणां
तदवद् रम्ये द्युलोके स्थितसुरवसतेर्वर्णनेऽसौ प्रवीणः ।
औचित्यालम्बिवर्णैः सुललितपदवाक्सन्ततीनां प्रयोगै-
र्विद्वद्वर्गस्य तुष्ट्यै क्षमत इह बुधा कालिदासो न चान्यः ॥ १८ ॥

पृथ्वीमा भएका उत्तम नं द-नदी-पहाड-सडक र घरका साथै द्युलोकमा रहेका देवताहरूको बस्तीको वर्णन गर्न कालिदास निपुण छन् । औचित्यपूर्ण वर्णन अनि लालित्यमय पद र वाक्यहरूको प्रयोगद्वारा विद्वत्वर्गमा खुसी बाँड्न हे विद्वान् हो ! कालिदास भन्दा अर्को क्षमतावान् व्यक्ति कोही छैन ॥१८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोषैश्शून्यं गुणैः सम्भरितमथ मनोग्राहि लोकानुकूलं
धीरोदात्तं गभीरं चरितमिह प्रबन्धेषु गायन्मनोज्ञम् ।
सर्वस्वं लोकसेवाव्रतधरणविधावर्पयद्भ्यो बुधेभ्यः
कर्तव्यं वित्त मर्त्या इति गदति जनान् कालिदासो मनीषी ॥ १९ ॥

दोषरहित, गुणले भरिलो र मनलाई आनन्द दिने अनि जनताको अनुकूल धीरोदात्त र सुन्दर गम्भीर चरित्र प्रबन्धहरूमा गाउँदै लोकसेवाको व्रत लिने कार्यमा सर्वस्व सुम्पिन पनि तयार हुने विद्वान्हरूलाई आफ्नो कर्तव्य बुझ भनेर कवि कालिदास भन्दछन् ॥१९॥

दृष्ट्वा विज्ञानदृष्ट्या प्रकृतिगतमशेषं मनोज्ञं स्वरूपं
काव्ये विन्यस्तुमेतद् यतत इह महाकाव्यकृत् सूरिरेषः ।
शोभां तन्वन्नपूर्वं सुकविजनहृदालम्बिभावं विलिख्य -
प्रीतिं साहित्यसारां दिशति ननु जनेभ्योऽधिकं कालिदासः ॥ २० ॥

प्रकृतिमा रहेका समस्त सुन्दरतालाई वैज्ञानिक दृष्टिले केलाउन यी विद्वान् महाकविले प्रयास गरेका छन् । काव्यमा अपूर्व शोभा थप्दै सुकविका हृदयले रुचाउने भाव राख्दै साहित्यको सार बनेको प्रीति व्यक्ति व्यक्तिमा कालिदासले बाँडेका छन् ॥२०॥

कर्ता काव्यावलीनां मधुरतमरसालम्बिवृत्ताश्रितानां
हर्ता हृत्तोषदानामगणितहितकृत्सूक्तिरत्नौघदाम्नाम् ।
वक्ता वैशिष्ट्यरीतिस्थितिनयविनयानां सुधीसंस्तुतानां
ध्याता लोकस्य भूतेर्जयति कविवरः कालिदासो धरायाम् ॥ २१ ॥

यी कालिदास मधुरतम रस र चरित्रले गाँसिएका काव्यहरूका कर्ता हुन् ।मनलाई सन्तुष्टि दिने, हितकारी अनेकौं सूक्तिरत्नका धर्ता हुन् । विद्वद्वर्गले मानिआएका शिष्ट रीतिथिति, नय, विनयका वक्ता हुन् । अनि लोककल्याणको सोचाइ राख्ने व्यक्ति हुन् । यस्ता कविवर कालिदास धर्तीमा सर्वोत्कृष्ट छन् ॥२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रारब्धा रस्यकाव्यावलिषु रुचिकरी दूतकाव्यस्य धारा
प्रारब्धा वेदमूलाऽऽश्रितमनुजहिताधायिनी भावधारा।
प्रारब्धा वर्णवृत्ते प्रकृतिगतमनोहारिताऽऽधायिधारा
प्रारब्धाऽनेन तद्वद् प्रतिपदहृदयाऽऽकर्षिणी स्वादधारा॥ २२॥

यी कालिदासले रसमय काव्यको श्रेणीमा दूतकाव्यको सुन्दर धारा चलाए। यिनले वेदमा आश्रित मानवको हितकारी भावधारा सुरु गरे। वर्णनीय चरित्रमा प्रकृतिगत मनोहारी धाराको प्रारम्भ गरे। त्यस्तै यिनले पद पदमा हृदय तान्न सक्ने आस्वाद दिलाए॥२२॥

लोकेस्मिन् द्योतते किं भरतभुजसुताऽऽश्लिष्टभूमेर्महत्त्वम्
किञ्चादर्शाः प्रसिद्धा ऋषिकुलमहिताः सन्ति लोकस्य भूत्यै।
किं किं कार्यं विधेयं सकलवसुमतीप्राणिधन्यैर्मनुष्यै–
रित्थं ज्ञानैरगाधैर्भरितमिह ददत् काव्यमेषोऽस्ति धन्यः॥ २३॥

यो लोकमा भरतशासित (भारतवर्ष) भूमिको महत्त्व कस्तो छ ? ऋषिकुलले मानेका लोककल्याणकारी प्रसिद्ध आदर्श के के हुन् ? पृथ्वीका सारा प्राणीमा धन्य बन्ने सौभाग्य पाएका मानवहरूले गर्नुपर्ने कार्यहरू के के हुन् ? यस्ता अगाध ज्ञानले भरिएका काव्य दिने यी कालिदास धन्य छन्॥२३॥

पौरस्त्येभ्यो नु लेभेऽधिकतरप्रणतिं नैतदाश्चर्यवृत्तं
पाश्चात्त्येभ्यश्च धीरोऽलभत समधिकं हार्दश्रद्धां समन्तात्।
गेटेमैक्समूलराद्याः प्रथितबुधवरा यत्र श्रद्धामकुर्वन्-
नित्थं लब्धादरस्सश्चिरमिह जयते विश्ववन्द्यो मनीषी॥ २४॥

कालिदासले पौरस्त्य विद्वान्हरूबाट धेरै सम्मान पाए भन्ने कुरा कुनै आश्चर्यकारी होइन। यिनले चारैतिरका पाश्चात्त्य विद्वान्हरूबाट पनि हार्दिक श्रद्धा पाए। गेटे, मैक्समूलर आदि प्रसिद्ध पाश्चात्त्य विद्वान्हरूले उनीप्रति उच्च श्रद्धा व्यक्त गरेका छन्। यसरी आदर पाएका यी कालिदास विश्ववन्द्य भएर चिर समयतक सर्वोत्कृष्ट बनिरहेका छन्॥२४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रद्धामेनं प्रकुर्मो यदि वयमिह भो लोकसेवा विधेया
संस्कारान् श्रौतस्मार्त्तान् मनुजजनहिताऽऽधायिनः पालयेम।
लोकोत्थानैकलक्ष्यान् कविवरलिखितान् सत्प्रबन्धान् पठेम
सारैर्हीनान् पथोऽन्यान् क्षणिकफलप्रदातॄन् किमर्थं भजेम॥ २५॥

यदि हामी कालिदासलाई श्रद्धा गर्छौं भने जनताको सेवा गरौं। मानवजुनिलाई हित गर्ने श्रौतस्मार्त्त संस्कारहरूको पालना गरौं। लोकोत्थानको एक मात्र लक्ष्य राख्ने महाकविले लेखेका उत्तम प्रबन्धहरू पढौं। सार नभएका, क्षणिक फल दिने अरू बाटो किन समाऔं ?।२५॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथं गृहे मे कलहो विवर्धते

(कसरी मेरो घरमा झगडा बढ्दैछ ?)

शाटीं महर्घां कनकस्य भूषणं
ददातु भर्त्ता जनदर्शनाय मे।
काञ्चिद् न बुद्ध्वा सहधर्मिणः स्थितिं
कथं नु भार्या कथयत्यहर्निशम् ॥ १ ॥

हे पतिदेव ! मान्छेहरूलाई देखाउनका लागि मलाई महँगो साडी र सुनका गहना ल्याइदिनुपर्‍यो भनेर आफ्ना पतिको अवस्था नबुझीकन पत्नीले किन दिनदिनै माग गर्छिन् ? १॥

नैकानि श्लक्ष्माणि च मूल्यवन्ति
वासांसि सख्यो दधतीह नित्यम्।
सामान्यवस्त्रैरटतीं विलोक्य
जनो वदेत् किं वद वक्ति भार्या ॥ २ ॥

मेरा साथीहरूलाई उनका श्रीमान्ले अनेकौं बहुमूल्य कपडा निरन्तर किनिदिने गर्छन् । मलाई सामान्य लुगा लगाएर बाटोमा हिंडेको देख्दा मानिसहरूले के भन्लान् भनेर पत्नीले गुनासो गरिरहन्छिन् ॥२॥

ज्येष्ठं पिता स्निह्यति वक्ति कश्चित्
माताऽवरं मां भजते न कोऽपि।
एवं सुतान् मत्सरिणः समीक्षे
कथं गृहे मे कलहो विवर्धते ॥ ३ ॥

कोही भन्छन्–जेठालाई बाबुले माया गर्छन्, आमा कान्छालाई माया गर्छिन्, तर मलाई कोही पनि गर्दैन। यसरी आपसमा रिसारिस गर्ने छोराहरू देख्दैछु। (मलाई लाग्छ) किन मेरो घरमा कलह बढ्दैछ ? ३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नैजेषु विद्यालयविश्वविद्या-
लयेषु स्निग्धा बहुधा पठन्ति ।
मया न लब्धा सुविधा तथाऽङ्ग
ब्रूते सदुःखं तनयो मदीयः ॥ ४ ॥

मेरा साथीहरूले प्राइभेट विद्यालय, विश्वविद्यालयहरूमा मजाले पढिरहेका छन् । तर मैले त्यस्तो सुविधा पाइनँ भनेर छोराले मसँग दुःख पोख्दै गुनासो गर्छ ॥४॥

आज्यं पयो, व्यञ्जनकञ्च तक्रं
कैश्चिद् सुलब्धं न तथा मयाऽऽप्तम् ।
एवं गदद्भिस्तनयैः प्रयुध्यते
कथं गृहे मे कलहो विवर्धते ॥ ५ ॥

कतिपयले घिउ, दूध, तरकारी, मोही मजासँग खान पाए, तर मैले त्यसरी भोग्न पाइनँ । यसो भन्दै छोराहरू लडाइँ गर्दैछन् । कसरी मेरो घरमा कलह बढिरहेको छ ॥५॥

भवद्भिस्सहाऽहं न तिष्ठामि गेहे
यतो मे विचारं न कोऽपि श्रृणोति ।
निगद्येति कश्चित् पृथक् तिष्ठतीह
कथं शान्तिहीनोऽस्ति भो मे निवासः ॥ ६ ॥

तपाईंहरूसँग म सँगै घरमा बस्न सक्दिनँ, किनकि मेरो कुरा कोही सुन्दैन, यस्तो भनेर कोही छुट्टै बसेको छ, कसरी मेरो घरमा शान्ति गुम्दैछ ?।६॥

असौ प्राच्यपन्थीत्ययं ध्वंसकारी
स चौरस्स धूर्तो विरौत्येष दम्भी ।
प्रवर्ध्येति युद्ध्यन्ति वैरं सुता मे
कथं शान्तिलाभो भवेद् मे हि चित्ते ॥ ७ ॥

यो प्रतिगामी हो, यो विध्वंसकारी हो, यो चोर, यो धूर्त र यो पाखण्डी हो- यस्तो भन्दै मेरा सन्तानहरू वैरभाव बढाएर लड्दै छन् । अब कसरी मेरो मनमा शान्ति हुन सक्छ ?७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैश्चिद् भुवं खण्डयितुं प्रयत्यते
तथाऽपरै रोद्धुमिदं समीह्यते।
एवं विवादो बहुधा प्रवर्तते
कथं गृहे मे कलहो विवर्धते ॥ ८ ॥

कोही जमिन टुक्र्याउन खोज्दैछन्, कोही त्यसो गर्न पाइँदैन भनेर रोक्दैछन्। यसरी धेरै विवाद उठिरहेको छ, मेरो घरमा कसरी कलह बढ्दै छ ?८॥

विलोक्य द्वन्द्वं प्रतिवेशिनो भृशं
खिद्यन्ति केचिच्च हसन्ति केचन।
तथाऽपि पुत्रा न हि मे त्रपन्ते
कथं गृहे मे कलहो विवर्धते ॥ ९ ॥

मेरो घरको झगडा देखेर कतिपय छिमेकी खिन्न छन् भने कतिपयले खिसी गरिरहेका छन् । तैपनि मेरा छोराहरूलाई लाज छैन । किन मेरो घरमा झगडा बढिरहन्छ ??९॥

न देशस्य लोकस्य हेतोश्च नैव
प्रयुध्यन्ति युध्यन्ति क्षुद्रार्थमेव।
श्ववद्योधिनोऽमून् सुतान् वीक्ष्यमाणा
भृशं शीतव्याजाद् धरा रोदितीव ॥ १० ॥

यी मेरा सन्तान न देशका लागि, न जनताका लागि नै लडेका छन्, यी लडेका छन् केवल आफ्नै क्षुद्र स्वार्थका लागि। कुकुरले झैँ झगडा गर्ने आफ्ना छोराहरूलाई देखेर मानौँ शीत झारेको निहुँ गर्दै पृथ्वी (नेपालआमा) रोइरहेकी छिन् ॥१०॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुर्यामहं किं जगतो हिताय ?

(म लोकहितका लागि के गरूँ ?)

अहो ! व्यतीतं बहु जन्मजातं
जातं तथा मानवजन्म सिद्धम् ।
सिद्धं कियल्लोकहितस्य कार्यं
कार्यं विशिष्टं कतिधाऽवशिष्टम् ॥ १ ॥

अहो ! अनेकौं जन्म बिते । मानव जन्म कसरी प्राप्त भयो । यस जन्ममा लोकहितका काम कति पूरा भए ? विशिष्ट काम कति भए र कति बाँकी छन् ? ॥१॥

विचिन्त्य चैतत् किमु नैव लग्नं
स्वार्थस्य पूर्त्यै तु सदैव लग्नम् ।
विधाय कुक्षेः परिपूर्तिमात्रं
जातोऽस्मि सत्यं क्षितिभारमात्रम् ॥ २ ॥

यो सोचेर किन काममा लागिनँ ? सधैं स्वार्थपूर्तिमा लागेँ । म पेट पाल्ने काममा मात्र लागेको हुनाले साँच्चै धरतीको भार मात्र भएँ ॥२॥

अनेन लब्धं नरजन्म भूत्यै
लोकस्य स्थित्यै जनरक्षणाय ।
तथापि किञ्चित् सुकृतं कृतं नो
कथं निरर्थं श्वसितीति हंहो ॥ ३ ॥

यसले (यो व्यक्तिले) मानव चोला कल्याणका लागि, लोकको मर्यादाका लागि र जनरक्षाका लागि पाएको हो, तर राम्रा काम केही गरेन । दुःखको कुरा छ, व्यर्थै बाँच्ने निहुँमा सास फेर्दै छ। ।३॥

उद्दिश्य चैनं बहुधा कुजातं
विनिन्द्य पूर्वे च परे वदेयुः ।
किं वा न वाच्यो धरणौ भवामि
यतो निरर्थां जनिमावहामि ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यही कुमानवलाई लक्ष्य गरेर पहिले र अहिलेकाले धेरै सम्झाएका हुन् । यदि यस्तै निरर्थक जुनि बिताउने हो भने पृथ्वीमा मेरो दुर्नाम किन नफैलेला ?।४।।

अन्नं वितीर्णं न बुभुक्षिताय
दत्तं न वासोरहिताय वासः ।
कृतं न किञ्चिद् वसुवर्जिताय
क्षुद्रोगशोकार्दितमानवाय ॥ ५ ॥

भोकालाई अन्न वितरण पनि गरिएन, लुगा नभएकालाई लुगा पनि दिइएन, धन नभएकालाई केही गरिएन, गरिब, अन्धा र रोगी जनताको हितका लागि पनि केही गरिएन ।।५।।

पदे पदे तैश्छलमाश्रयद्भिः
पदे पदे सञ्छलिताः वयं स्मः ।
न साधवः कापटिकाश्च नास्म
कथं धरायां जनिमावहामः ॥ ६ ॥

पाइला पाइलामा छ्ल गर्नेहरूबाट पाइला पाइलामा छलियौं । न सज्जन बनियो, न त कपटी नै । अब कसरी पृथ्वीमा जन्म बित्ला ? ।।६।।

समाः कियत्यो धरणौ विभुक्ता
रामाः कियत्यो धरणौ च भुक्ताः ।
तथापि चेतो न हि तुष्टिमेति
कथं वृथा जीवनमस्तमेति ॥ ७ ॥

धरतीमा कति वर्ष बिताइए, अनि कति महिलासँग भोग गरियो, तैपनि चित्त खुसी हुँदैन । जीवन व्यर्थै कसरी अस्ताइसकेछ ?।७।।

अहो नु पूर्वैर्धरणेर्हिताय
कृतानि कर्माणि सुमङ्गलानि ।
अस्मिन् हि वात्स्ये महनीयवंशे
जातोऽस्ति वा नैष जनोऽस्ति जातः ?। ८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आश्चर्यको कुरा छ, पूर्वजहरूले पृथ्वीको हितमा अनेकौँ मङ्गलमय कर्म गरे। यही उत्तम वत्स ऋषिको कुलमा उत्पन्न भएको यो व्यक्ति जन्मेको पनि छ कि छैन ?।८॥

व्यतीतमर्धं वयसः प्रमाणं
व्यतीतमन्नं बहु पेयजातम्।
न जातु कर्माण्यभवन् शुभाय
कुर्यामहं किं जगतो हिताय ॥ ९ ॥

उमेरको आधा परिमाण बितिसक्यो। अनेकौँ पेयपदार्थसहितका धेरै अन्न खाइयो, तर गरिएका कर्महरू सबै नै मङ्गलदायी भएनन्। म लोकहितका लागि के गरूँ ?।९॥

खादन्ति सिंहा महिषा वराहा
खादन्ति मीना विहगाश्च जीवाः।
किं वा नरो खादनमात्रदक्षः ?
परोपकारैर्हि भवेद् प्रशस्यः ॥ १० ॥

सिंह, अर्ना, बँदेल, माछा, चराहरूले पनि खान्छन्। के मानिस खान मात्र सिपालु हुनुपर्छ ? तर होइन, किनभने परोपकारले नै मानिस प्रशंसित हुन्छ ॥१०॥

अदत्तभोजी न भवेयमत्र
न वा भवेयं बहुसञ्चयी च।
जीवामि वाऽहं मरणं वृणोमि
भूमौ सुकार्यं यदि नाचरामि ॥ ११ ॥

यो भूमिमा कसैलाई केही नदिईकन खाने नबनूँ। धेरै सञ्चय गर्ने पनि नबनूँ। यदि धर्तीमा सुकार्य नगरूँ त म बाँचेको हुन्छु कि मरेको ?।११॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देशवन्दना

(देशको वन्दना)

प्रमाणिका छन्द

नमामि शस्यशोभितां
हरित्तटीविराजिताम् ।
हिमालयात् प्रस्रिव-
ज्जलप्रपातगर्विताम् ॥ १ ॥

बालीनालीले शोभित, हरियालीपूर्ण तटले विराजित तथा हिमालयबाट झर्दै गरेका जलप्रपातले गर्वित देशलाई नमन गर्छु ॥१॥

नमामि चूतचम्पकै-
रशोकशालतालकैः ।
तमालपिप्पलैर्वटै-
र्विराजितां धरामिमाम् ॥ २ ॥

आँप, चाप, अशोक, साल, ताडी, तमाल, पिप्पल र वरहरूले शोभित यो धर्तीलाई नमन गर्दछु ॥२॥

नमामि हैमपर्वतैः
प्रमोदसुस्मिताननाम् ।
जलौघचैलवेष्टितां
सुशीतलां धरामिमाम् ॥ ३ ॥

हिमाली पर्वतहरूले खुसीको मुस्कानमा मुस्कुराएकी, जलवस्त्रले बेरिएकी, सुशीतल यी धर्तीलाई नमन गर्दछु ॥३॥

पराक्रमैकमूर्तिभि-
र्भटैः सदा सुरक्षिताम् ।
सुकर्मिकर्मरञ्जितां
नमामि सन्ततिप्रियाम् ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पराक्रमी योद्धाहरूद्वारा सधैँ सुरक्षित, सुकर्मी व्यक्तिहरूको कर्मले अनुरक्त भएकी सन्तानलाई प्यारो गर्ने /सन्ततिकी प्यारी धर्तीको वन्दना गर्दछु ॥४॥

उमामहेशखेलितां
महर्षिसिद्धसेविताम् ।
तपस्स्थलीं शमस्स्थलीं
नमामि पर्वतस्स्थलीम् ॥ ५ ॥

पार्वती र महादेवले खेलेको, महर्षि तथा सिद्धहरूद्वारा सेवित, तपस्थली र शान्तिस्थलीका रूपमा रहेको यो पहाडी थलोलाई ढोग्दछु ॥५॥

वियत्प्रमाणलम्बिभिः
सदैव शुभ्रमूर्तिभिः ।
हिमालयैर्मनोरमां
नमामि विश्वसम्पदम् ॥ ६ ॥

आकाशको प्रमाणजत्तिकै लाम्चिएर फैलिएका, सधैँ उज्याला हिमाली शृङ्खलाले सुन्दर, विश्वसम्पदारूप भूमिमा शिर झुकाउँछु ॥६॥

मिथो विभिन्नभाषिषु
तथा विभिन्नजातिषु ।
सुमेलभावभावितां
नमामि 'ने'धरामिमाम् ॥ ७ ॥

विभिन्न भाषा बोल्ने विभिन्न जाति रहेका भए पनि आपसमा मेलभावना राख्ने नेपाल धर्तीलाई ढोग्दछु ॥७॥

गजैर्हरीशगण्डकैः
शशैः कपीशशूकरैः ।
सदैव नर्तितस्थलीं
नमामि भो मृगस्थलीम् ॥ ८ ॥

हात्ती, सिंह, गैँडा, खरायो, वानर र बँदेलहरू सधैँ नाच्ने मृगस्थली (पशुक्षेत्र/पशुपतिक्षेत्र) लाई ढोक्दछु ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुकैः कपोतकोकिलै-
र्बकैश्चकोरचातकैः ।
मरालवर्हिनादितै-
र्मनोरमां स्थलीं भजे ॥ ९ ॥

सुगा, परेवा, कोइली, बकुल्ला, चखेवा र काकाकुलहरूले शोभित, हाँस र मयूरका कलरवले गुञ्जित यस मनोरम स्थलीको सेवा गर्दछु ॥९॥

नदीतडागदीर्घिका-
प्रपासहस्रशोभिताम् ।
लताप्रतानमञ्जुलां
नमामि रूपराजिताम् ॥ १० ॥

हजारौं नदी, तलाउ, जलाशय र पौवाहरूले शोभित, लहराका झाँगहरूले सुन्दर रूपसी थलोलाई ढोग्दछु ॥१०॥

इतो बहुत्र प्रासरत्
सुशान्तिघोष उन्नतः ।
न वेत्ति हन्त को जनो
नयेन पालितां धराम् ॥ ११ ॥

यहींबाट धेरै ठाउँमा उन्नत शान्तिघोष फैलियो । हर्षको विषय छ- न्यायपूर्वक पालित यो धर्तीलाई को जान्दैन र ? ॥११॥

यवैःप्रियङ्गुशालिभि-
स्तिलैश्च माषसर्षपैः ।
समृद्धक्षेत्रवाटिकां
नमामि लोकपालिकाम् ॥ १२ ॥

जौ, कागनु, शालिधान, तिल, माष, सर्स्यूं र तोरीहरूले खेतबारीलाई समृद्ध बनाएको लोकलाई पाल्ने भूमिमा शिर झुकाउँछु ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दयां समेषु कुर्वता
समेषु श्रेय इच्छता।
जनेन देश एष वै
भवेत् समुत्थितः सदा ॥ १३ ॥

सबैमा दया गर्ने र सबैको कल्याण चाहने मानिसबाट नै यो देश सधैँ उठेको हुनेछ (तात्पर्य त्यस्ता मानिसको खाँचो छ) ॥१३॥

सुशान्तये समृद्धये
यदा युवाऽनिशं लगेत्।
तदैव देशगौरवं
भृशं समुत्थितं भवेत् ॥ १४ ॥

स्थिर शान्ति र समृद्धिका लागि युवावर्ग जब सधैँ लागिपर्ने छन्, त्यतिखेर नै देशको गौरव राम्ररी उठ्ने छ ॥१४॥

रवीन्दुशोभिराष्ट्रियध्वजेन
स्वाभिमानिना।
समुन्नतोत्तमात्त्किां
नमामि वीरमातरम् ॥ १५ ॥

सूर्यचन्द्रशोभित स्वाभिमानी राष्ट्रिय झण्डाले उच्च मस्तक भएकी वीरमातालाई ढोग्दछु ॥१५॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शैले शैले शालतेऽसौ वसन्तः

(पहाड पहाडमा वसन्त ऋतु शोभित छ)

श्रृङ्गे श्रृङ्गे शोभते वृक्षवीथी
वृक्षे वृक्षे शोभते पुष्पराजिः ।
पुष्पे पुष्पे शालते भृङ्गवर्गः
भृङ्गे भृङ्गे मोदतेऽसावनङ्गः ॥ १ ॥

चुचुरा चुचुरामा झुरुप्प रुख सुहाएका छन् । रुख रुखमा फूल मग्मगाएका छन् । फूल फूलमा भँवरा झुम्मिएका छन् र भँवरापिच्छे कामदेव मुस्कुराएका छन् ॥१॥

मह्यां सर्वत्रैव वल्ल्यो विभान्ति
वल्ल्यां सर्वत्रैव पुष्पाणि भान्ति ।
पुष्पे सर्वत्रैव गुञ्जन्ति भृङ्गाः
भृङ्गे सर्वत्रैव नृत्यं चकास्ति ॥ २ ॥

पृथ्वीमा चारैतिर लहराहरू शोभित छन् भने लहराहरूमा फूल शोभित छन् अनि फूलैपिच्छे सबैतिर भँवराहरू भुन्भुनाएका छन् र भँवरैपिच्छे नृत्य सुहाएको छ ॥२॥

आम्रा नीपा वञ्जुलाः कोविदाराः
सालास्ताला अर्जुनाः खर्जुराश्च ।
शोभां भव्यां प्राप्य सर्वे रमन्ते
शोभाहीनः को भवेद् वै वसन्ते ॥ ३ ॥

आँप, नीम, बेत, कोइरालो, साल, ताडी, खजूर आदि सबै रुख भव्य शोभामा रमाइरहेका छन् । वसन्तमा शोभा नपाउने को हुन्छ र ?॥३॥

नव्यैः पत्रैर्माद्यतीवेह शाखी
शाखी सम्यक् दृश्यते फुल्लपुष्पः ।
पुष्पे सम्पर्कन्ति भृङ्गाः सगर्वाः
गर्वं कस्मै नैव दद्याद् वसन्तः ॥ ४ ॥

नयाँ पालुवाले रुख मानौं मदमत्त छ । रुखमा फूल फुलेका छन् भने फूलमा भँवरा गर्वसाथ झुम्मिएका छन् । वसन्तले कसलाई गर्व (रूपको गर्व) दिँदैन ?॥४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चैत्रे वल्ली पत्रिता नैव का वा
को वा वृक्षो नो भवेत् फुल्लपुष्पः ।
पुष्पैर्फुल्लैर्नृत्यतीवास्ति शैलः
शैले शैले शालतेऽसौ वसन्तः ॥ ५ ॥

चैतमा पालुवा नपलाउने लहरा कुन छ ? कुन लहरामा फूल फुलेको छैन ? फुलेको फूलका कारण मानौं पहाड नाचेसरह छ । यसरी पहाडैपिच्छे वसन्त गम्किएको छ ॥५॥

का वा पत्रैर्भूषिता नैव वल्ली
वल्ल्यां कस्यां नैव लग्नं सुपुष्पम् ।
पुष्पे कस्मिन् नानुभूतः सुगन्धो
गन्धे कस्मिन् भावकस्को न तुष्टः ॥ ६ ॥

पातले झपक्क भएर कुन लहरा शोभित छैन ? कुन चाहिँ लहरामा फूल नफुलेको छ र ? अनि कुन फूलमा सुगन्ध नहोला ? त्यो सुगन्धित फूल देखेर कुन चाहिँ भावुक मान्छे प्रसन्न नहोला ?॥६॥

चैत्रो वैशाखश्च मासौ जनानां
चेतो हर्तुं सक्षमौ स्तः सदैव ।
रस्यैः स्निग्धैः पत्रपुष्पैः फलैश्च
को वा तृप्तो नैव जायेत जीवः ॥ ७ ॥

चैत वैशाख महिना मानिसका लागि सधैँ मन रिझाउन सक्षम छन् । सुन्दर, चिल्ला पात, फूल र फलले तृप्त नहुने प्राणी कुन हुन्छ र ?॥७॥

रक्तां पीतां श्यामिकां चित्रवर्णां
शाटीं धृत्वा रोचमानाटवीयम् ।
उद्वाहार्थं मण्डपे संस्थितायाः
शोभां धत्ते किन्नु लावण्यवत्याः ॥ ८ ॥

रातो, पहेँलो, श्यामल र छिरबिरे साडी पहिरेर जङ्गल सुशोभित छ । मानौं, यसले विवाहका लागि मण्डपमा सजाइएकी सुन्दरीको शोभा पाएको छ ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चूतास्वादे कोकिलाः सन्ति लग्नाः
पुष्पास्वादे षट्पदाः सन्ति मग्नाः।
एवं तीर्यञ्चोऽपि यस्मिन् रमन्ते
को वा दुःखी संभवेद् वै वसन्ते ॥ ९ ॥

आँपको मुजुराको आस्वाद लिन कोइलीहरू झुम्मिएका छन् भने फूलको रस चाख्न भँवराहरू ! यसरी पशुपंक्षी पनि वसन्तमा रमाएका छन् भने यतिखेर कोही दुःखी हुने नै भएन ॥१०॥

पत्रैर्नीलै रक्तपीतैर्हरिद्भि-
र्हृद्यां कान्तिं धारयन्ती वनीयम्।
आकर्षेत् कं मानवं नैव लक्ष्मी-
र्लक्ष्म्याः कः स्यात् पूर्णतृप्तो धरायाम् ॥ १० ॥

नीला, काला, राता, पहेँला र हरिया पत्रावलिका कारण जङ्गलले कमनीय शोभा छरेको छ। सौन्दर्यले कुन मानिसलाई तान्दैन र को तृप्त हुँदैन ?।१०॥

यूनोर्द्वन्द्वं वर्गशः संविभज्य
प्रेमालापे मग्नमास्ते समन्तात्।
शैला उद्यानानि भूत्यै समेषां
धात्रा प्रेम्णा निर्मितानीव नूनम् ॥ ११ ॥

यतिखेर युवा युवतीको जोडी समूह समूह बनाएर चारैतिर प्रेमलापमा मग्न भएका देखिन्छन् । मानौं, पहाड र बगैंचाहरू सबैको कल्याणका लागि नै विधाताले बनाएका हुन् कि ?।११॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

का स्यान्नेपालभूमेः स्थितिः

(नेपालभूमिको स्थिति कस्तो होला ?)

निष्ठाया धनिनः सुकर्मनिरताः किं त्यागिनोऽन्तं गताः
किं वा देशहितस्य कर्मणि मनोदाने जनाः कातराः ।
नेपालस्य समुन्नतौ प्रयतने किं वा सुकार्यं भवे–
देतत् सर्वजनैरनारतमहोऽन्वेष्यं विचार्योत्तरम् ॥ १ ॥

निष्ठाका धनी, सुकर्मी त्यागीहरू अस्ताए कि ? अथवा देशहितको काममा मन दिन मानिसहरूले कन्जुस्याइँ गरे कि किन हो ? नेपालको समुन्नतिमा कसरी अघि बढ्दा काम होला भन्ने विषयमा सबै देशवासीले विचार गरेर उत्तर दिनुपर्ने छ ॥१॥

को मां तारयतीह दुःखजलधौ मग्नां भिया वेपतीं
नक्रैर्मांसविभेदकैरतितरां व्यात्ताननैस्तर्जिताम् ।
दीनाया मम कुक्षितो नु सबलाः किं वा सुता नाभवन्
ये मां दुःखमहार्णवात् त्वरितमुद्धारे क्षमाः स्युर्द्रुतम् ॥ २ ॥

दुःखरूपी समुद्रमा डुबेकी, डरले कम्पित, मुख बाएर मेरो मासु लुछ्न खोज्ने ग्राहहरूले तर्साइएकी मलाई यो दुःखसमुद्रबाट तार्ला ? म दुःखीको कोखबाट सबल छोरा जन्मेनन् कि ? जो मलाई दुःखको महासागरबाट छिटै तार्न सकून् ॥२॥

एषाऽऽस्ते सरला शुभा नववयोरम्या मनोहारिणी
तारुण्यं भजती विचित्रवसना बाला स्मरोद्बोधिनी ।
लब्धेयं तरुणी मया सुकृतितश्चेत्थंधिया कामुका
हर्तुं मे जननीं द्रुतं मम गृहे दृष्टा मया चागताः ॥ ३ ॥

यो सोझी छे, नयाँ जवानीले मनोहर छे, विचित्र वस्त्र पहिरेर कामवासना जगाउँछे, मेरो भाग्यले आज यसलाई पाएँ भनेर कामुक व्यक्तिहरूले मेरी आमालाई अपहरण गर्न मेरो घरमा पसेको मैले देखेँ ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यावन्मे वपुषीह लोहितपृषत् तिष्ठेदसुर्वा भवेत्
तावन्मे जननीं कुचिन्तनपरा धर्तुं कथं शक्नुयुः ।
आस्ते यावदसौ सुतः स्वजननीस्तन्येन सम्पोषितः
तावत् को जननीमिमां कुनयनैः सन्धर्षितुं शक्नुयात् ?। ४ ॥

जबसम्म मेरो शरीरमा रगतको थोपो रहला वा प्राण होला, तबसम्म कुचिन्तनकारीले मेरी आमाको सतीत्व लुट्न सक्ने छैनन् । आमाको दूध पिएर हुर्केको यो व्यक्ति जबसम्म बाँच्छ, तबसम्म मेरी आमामाथि कुदृष्टि राख्न कोही पनि सक्दैनन् ॥४॥

यावत् सौहार्दभावो लसति मयि गुरुर्यावदास्ते विवेकः
यावद् भूमौ ममत्वं प्रथयति नितरां मामकीनं सुचेतः ।
यावत् शौर्यं स्थितं स्याद् गतिरविचलिता यावदास्ते शरीरे
तावत् सूर्येन्दुचिह्नाङ्कितध्वजवसनं दोलितं स्यात् समीरे ॥ ५ ॥

जबसम्म मेरो हृदय (मन) मा सहयोगी भावना रहन्छ, जबसम्म ममा विवेकी भावना रहन्छ, जबसम्म मेरो चित्तले यस धर्तीमा ममता बढाइरहन्छ, जबसम्म ममा आँट र शरीरमा अविचलित गति रहन्छ, तबसम्म हावामा सूर्यचन्द्राङ्कित ध्वजा फहराइरहने छ ॥५॥

केचित् पार्थक्यवादाश्रितकटुमतयो भिन्नराज्यं प्रयाच्य
नित्यं सङ्घर्षमग्नाः पथसदनजनाऽऽवासगेहान् दहन्ति ।
अन्ये वाऽऽरक्षणत्वं पदभवनधराऽऽजीविका याचमानाः
सङ्घर्षे सन्ति लग्ना अहह कथमिमे राष्ट्रभारं वहेयुः ॥ ६ ॥

पृथकतावाद अँगालेर कडा बोल्दै छुट्टै राज्य मागी सधैं सङ्घर्षमा होमिँदै बाटो, सदन, मान्छेका बस्ती र घरहरू डढाइरहेका छन् भने केही व्यक्ति आरक्षण, पद, भवन, जमिन र जीविका माग्दै सङ्घर्षमा लागेका छन् । दुःखको कुरा छ, यिनीहरूले कसरी राष्ट्रको भार बोक्लान् ?॥६॥

इत्थं दृष्ट्वा प्रजानां विपदमभिनवां शोकदावौघदग्धा
नेपालाख्या धरैषा सबलतमसुतं वीक्षमाणा किलाऽऽस्ते ।
शीघ्रं शोकाग्निज्वालावलिगिलिततनुं मां दवाद् मोचयित्वा
स्वस्थां कुर्वन्तु पुत्रा इति वदति मुहुर्भूमिमाताऽस्मदीया ॥ ७ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रकारको सन्तानमा आइपरेको दुःख देखेर शोकाग्निले डढेकी नेपाली धर्तीले दरो आँट भएको छेरोलाई खोजिरहेकी छिन्। नेपाल धर्ती भन्छिन्- हे छेरा हो! शोकाग्निको ज्वालाबाट पिल्सिएकी मलाई छिटै उद्धार गरी स्वस्थ बनाओ ॥७॥

किं नेत्रा रहिताऽस्मि भो किमधुना भर्त्रा निरस्तास्मि वा
किं लोकेन तिरस्कृता किमथवा दैवेन सन्ताडिता।
किं भोगोऽस्तमितोऽस्ति मे किमथवा नष्टा विलुप्ताः सुता
इत्थं शोचति मेऽवनिः प्रतिपलं कः शोकनाशे क्षमः ?। ८ ॥

के मलाई अघि बढाउने नेता छैन ? के म पतिबाट उपेक्षित भएँ ? के मलाई जनताले तिरस्कार गरेका हुन् ? कि म दैवबाटै ठगिएँ ? अथवा मेरो भोग सकियो ? कि मेरा छोराहरू मरे अथवा हराए ? यस प्रकार मेरी धर्तीमाता प्रतिपल शोकाकुल बनेकी छिन्। उनको शोक नाश गर्न कसले कम्मर कस्ला ?।८॥

हैमी नेपालभूमिर्हसति ननु यथा तादृशं कर्म कर्तुं
सन्नद्धाः स्मो वयं नो कथमिह च मदं लोभमोहौ निरस्तुम्।
अन्योन्यं बद्धवैरा यदि लघु हितमाधृत्य युद्धे भवामः
का स्यान्नेपालभूमेः स्थितिरिति विषये तावदास्तामलं भो ॥ ९ ॥

यो हिमाली नेपाली भूमि जस्तो काम गर्दा रिझिन्छिन्, त्यस्तै काम गर्न लागिपरौँ। लोभमोह त्यागौँ। हैन आपसमा बैर बढाएर क्षुद्र स्वार्थका लागि झगडा गर्छौं भने नेपाल भूमिको अवस्था के हुन्छ भन्ने कुरामा भैगो चूप लागौँ......॥९॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कान्तेव खेदशमनी मम लेखनीयम्

(प्रेयसीले झैँ दुःख नाश गरिदिने मेरो कलम)

दुर्मार्गगामिशठमानुषदण्डनाय
सन्मार्गसन्मतिभृदावलिरक्षणाय।
सद्भावमेलनसुधारसवर्षणाय
कान्तेव खेदशमनी मम लेखनीयम्॥ १॥

दुर्मार्गमा लाग्ने दुष्ट मानिसलाई दण्ड दिने, सन्मार्ग र सुमति लिने सज्जनको रक्षा गर्ने अनि सद्भाव र मेलको अमृतरस बर्साउने यो कलम कान्ताले झैँ मेरो खेद हटाउने बनेको छ॥१॥

अस्मान् विहाय प्रचलेदिह शासनं किं
वार्ता न वा रुचिकरीं न च दण्डनीतिम्।
इत्थं मुहुः प्रलपते ददती सुशिक्षां
कान्तेव खेदशमनी मम लेखनीयम्॥ २॥

हामी बिना यहाँ न शासन, न कृषिकर्म, न राजनीति नै चल्छ– यस्तो भन्नेलाई बारम्बार सुशिक्षा दिने यो कलमले पत्नीले झैँ मेरो खेद हटाएको छ॥२॥

केचिल्लपन्ति किल वित्तचयो महीयान्
केचिल्लपन्ति खलु स्वास्थ्यधनं महीयः।
विद्वज्जनो गदति लेखनकर्मदक्षः
कान्तेव खेदशमनी मम लेखनीयम्॥ ३॥

केही धेरै धन कमाउनु नै ठूलो हो भन्छन्, केही व्यक्ति स्वास्थ्यधन नै ठूलो मान्छन्, लेखनकर्ममा सिपालु विद्वान् मानिस भन्छन् पत्नीले झैँ मेरो कलमले खेद हटाएको छ॥३॥

अस्त्येव भीषणभवानलदाहितानां
क्षेमाय शीतलसुधाजलराशिरेषा।
तद्वर्धतां जनचयेति सदा गदन्ति
कान्तेव खेदशमनी मम लेखनीयम्॥ ४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो कलम संसाररूपी भीषण डढेलोले डढेका व्यक्तिका निमित्त कल्याण गर्ने शीतल अमृतमय जलराशि हो नै, यस्तो शान्तिदायी कर्म बढोस् भन्ने मेरो कलमले पत्नीले झैँ मेरो खेद हटाएको छ ॥४॥

पेपीड्यतेऽस्थिकुहरं चिरगूढवातः
पित्रा सुते नु चरमे कृतपक्षपातः ।
भार्या रमाचरणयोर्द्रुतमेव याता
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ ५ ॥

लामो समयसम्म लुकेर बसेको वातले हड्डीको भित्रसम्म बारम्बार पीडा दिँदैछ। बाबुले पनि कान्छा छोराको नै पक्ष लिए। पत्नी लक्ष्मीको चरणसेवाको लागि छिटै बिदा भइन्। हाललाई कान्ताले झैँ मेरो खेद कलमले हटाएको छ ॥५॥

दुःसङ्गतोऽस्ति कतिधा जन एष तप्तः
क्षेमाय को मयि सुरक्षणमत्र दद्यात् ।
इत्थं विचिन्तयति तत्क्षणमेव ज्ञातं
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ ६ ॥

खराब प्रकृतिका व्यक्तिबाट यो धेरै सताइएको छ। मलाई कल्याण हुने गरी सुरक्षा कसले देला ? यस्तो सोचेको बेलामा थाहा पाएँ–यो लेखनी कान्ताले झैँ मेरो खेद हटाउने साधन बनेको छ ॥६॥

शिक्षाप्रदानविषये चिरयोज़ितेऽपि
सर्वोच्चशिक्षकपदे खलु नैष योग्यः ।
इत्थं मुहुर्लघुगिरार्दितचेतसो वै
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ ७ ॥

शिक्षा दिने विषयमा धेरै खटाइए पनि सर्वोच्च शिक्षक (प्राध्यापक) पदमा यो योग्य छैन भनेर बारम्बार क्षुद्र वाणीले पीडित बनाइएको यो व्यक्तिका लागि कलमले नै कान्ताले झैँ खेद हटाएको छ ॥७॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोगो विमर्दनपरः कटिबद्ध आस्ते
शोकस्सदैव दमनाय प्रवृत्त एव ।
एवं स्थितौ कथमयं चलतीति वच्मः
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ ८ ॥

रोग सताउन कटिबद्ध छ, शोक पनि सदैव दमन गर्न प्रवृत्त नै छ, यो स्थितिमा यसको निम्ति बाँच्ने र कान्ताले झैं खेद शमन गर्ने साधन कलम नै हो ॥८॥

दैनन्दिनं कपटताऽऽश्रयिदुर्जनानां
दुष्कृत्यजालघनतामसभञ्जनाय ।
शुभ्रा रवे रुचिरिवेयमुदेति नित्यं
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ ९ ॥

दिनदिनै कपटको आश्रय लिने दुर्जनहरूको कुकर्मजालरूपी बाक्लो अन्धकारलाई ध्वस्त बनाउन उदाएको सूर्यको कान्तिजस्तै मेरो यो कलमले कान्ताले झैं खेद शान्त गर्दछ ॥९॥

व्यासो महर्षिरपि पुत्रवियोगतप्तो
योगादिसंयमधनोऽपि न शान्तिमाप ।
पश्चात् विवेद किल शान्तिरहस्यमेतत्
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ १० ॥

योग आदि संयमका धनी महर्षि व्यास पनि पुत्रवियोगले दुःखित भएर शान्ति पाउन सकेनन् । पछि उनले शान्ति पाउने रहस्य यही देखे कान्ताले झैं मेरो लेखनीले खेद शान्त बनाउँछ ॥१०॥

लोकोपकारनिरता इति भाषमाणाः
स्वार्थस्य वर्धनपराः कति सन्ति संस्थाः ।
अस्यां स्थितौ कुशलताग्रहणाय दृष्टा
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ ११ ॥

लोकोपकारमा लागेका भनि कतिपय संस्थाहरू स्वार्थ बढाउन लागेका पाइन्छन् । यस्तो स्थितिमा कुशलता पाउने आधार बनेको यो कलमले कान्ताले झैं मेरो खेद हटएको छ ॥११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवन्तु वेह मनुजा अथवा म्रियन्ताम्
हानिर्न कापि मयि दुर्लपतो विमूढान् ।
स्वार्थं द्रुतं त्यजत हे मनुजा गदन्ती
कान्तेव खेदशमनी मम लेखनीयम् ॥ १२ ॥

हे मानव हो ! तिमीहरू बाँच अथवा मर यसबाट मलाई कुनै हानि छैन भन्ने व्यक्तिहरूलाई स्वार्थ छिटै छाड भन्ने लेखनीले कान्ताले झैं मेरो खेद हटएको छ ॥१२॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मदीया जन्मभूमि

(मेरो जन्मथलो)

नेपालभूमेः खलु राजधान्या
दिश्यस्ति भूः काचन पश्चिमायाम् ।
धादिङ्नाम्ना प्रथिता धरैषा
कृषीबला यत्र वसन्ति दक्षाः ॥ १ ॥

नेपालको राजधानीबाट पश्चिमपट्टि कुनै ठाउँ छ, जसको नाम धादिङ हो, जहाँ कुशल कृषकहरू बस्छन् ॥ १ ॥

हिमालयेभ्यो झरझर् श्रवद्भिः
समुद्रमाप्तुं त्वरया चलद्भिः ।
समन्ततो निर्झरिणीप्रवाहैः
संराधितो भूवलयो विभाति ॥ २ ॥

हिमालयबाट झरझर् गर्दै खसेका र समुद्रमा पुग्न छिट्ये कुदिरहेका नदी खोलाका प्रवाहले चारैतिरबाट घेरिएको यो जमिन मनोहर देखिन्छ ॥ २ ॥

यदुत्तरस्यां हिमशैलराजो
गणेशनामा प्रथितश्चकास्ति ।
यो रूपराशावथ रत्नराशौ
सुमेरुमास्पर्धत एव नित्यम् ॥ ३ ॥

जसको उत्तरपट्टि गणेश नामको प्रसिद्ध हिमाल शोभित छ। जो रूप र रत्नमा आफूसँग दाँजिन सुमेरुलाई सधैँ हाँक दिइरहेको छ ॥ ३ ॥

हिमालयै राजितभूरुदीच्या
निम्नोन्नतैः शोभितमध्यभागा ।
नद्यद्रिभिर्दक्षिणपश्चिमीया
चकास्ति धादिङ्धरा सुरम्या ॥ ४ ॥

उत्तरी भाग हिमालले शोभित, मध्यभागमा सम्म र अग्लो जमिन रहेको, दक्षिण र पश्चिम पहाड र नदीहरूले घेरिएको धादिङ सुन्दर छ ॥ ४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धादिङ्गभूमेः किल मध्यभागे
नेवारपानी वसतिश्चकास्ति।
शस्याबलीभिर्लसिताऽवनीयं
रूपेण विश्वं जयतीव नूनम् ॥ ५ ॥

धादिङ जिल्लाको मध्यभागमा नेवारपानी नामको सुन्दर बस्ती छ। हरियालीले भरिपूर्ण यो ठाउँले आफ्नो मनमोहक रूपले मानौँ विश्वलाई नै जित्छ कि क्या ?॥५॥

बाला भवेयुः स्थविरा भवेयु-
र्यद्वा युवानो मनुजा भवेयुः।
उदात्तमेलेन वसन्ति यत्र
सद्भाव एवं मिलतीह कुत्र ?॥ ६ ॥

बालक हुन् वा बूढा हुन् अथवा युवक नै किन नहुन्, यहाँका मानिस उदार मेलमिलापका साथ बसेका छन्। यस्तो सद्भाव कहाँ पो पाइएला ?॥ ६ ॥

द्रुमाः शरीरं कुसुमानि हासो
लताप्रतानं खलु केशपाशः।
लसन्ति नद्यो रसनास्वरूपा
वधूरियं किन्नु धरा नवोढा ॥ ७ ॥

यो थलोमा रहेका रुखहरू मानौँ यसका शरीर हुन्, फूल हाँसो हुन्, लहराका झाङ्ग केशपाश हो र नदीहरू कर्धनीका रूपमा रहेका छन्। यसरी यो थली मानौँ नवविवाहिता दुलही पो हो कि ?॥ ७ ॥

श्रीभैरवी रक्षति शैलरुढा
कर्णेश्वरः पाति च मध्यवर्ती।
देवैर्मनुष्यैरपि रक्षितैषा
कथं न मे स्याद् वसतिः सुसेव्या ॥ ८ ॥

थुम्कोमा रहेर भैरवीले र गाउँको माझमा रहेर कर्णेश्वर महादेवले जसलाई रक्षा गरेका छन्, देवता र मनुष्यद्वारा सुरक्षित मेरो बस्ती अवश्य बस्नलायक छ॥ ८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेवारपानीत्यभिधश्च भैरवी-
नामाऽत्र शिक्षालयकौ पुरातः ।
शिक्षाप्रकाशेन तमो निरुन्धः
सूर्येऽरुणे वा ह्युदिते तमः क्व ?। ९ ॥

नेवारपानी (प्राथमिक) र भैरवी (उ.माध्यमिक) विद्यालयले पहिलेदेखि नै शिक्षाको प्रकाशले (अज्ञानरूपी) अन्धकार हटाइरहेका छन् । हो पनि, सूर्य वा अरुण उदाएपछि अन्धकार कहाँ रहन्छ र ?॥ ९ ॥

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विदुषां लक्षणमेतदीरितम्

(विद्वान्‌का लक्षण)

सुमतिं बहुधा धरन्ति ये
सुजनैस्साकमहोऽथ सङ्गतिः ।
हितकारिविचारधारणं
विदुषां लक्षणमेतदीरितम् ॥ १ ॥

जो सधैँ सुमति राख्छन्, जसको सज्जनसँग सङ्गत छ, जसले हितकारी विचार लिएको छ, यही विद्वान्‌को लक्षण मानिन्छ ॥१ ॥

दुःखमापततादहर्निशं
सुखमात्रं सततं मिलेदपि ।
उभयत्र समत्वधारणं
विदुषां लक्षणमेतदीरितम् ॥ २ ॥

रातदिन दुःख मिलोस् वा सधैँ सुख मिलोस्, दुवै अवस्थामा समान हुनुलाई नै विद्वान्‌को लक्षण मानिन्छ ॥ २ ॥

अनहंकृतिधैर्यशीलते
न च लोभः परकीयवस्तुषु ।
जनताहितचिन्तनं मुहु-
र्विदुषां लक्षणमेतदीरितम् ॥ ३ ॥

अहङ्कारी नहुनु र धैर्यशाली हुनु, अर्काको वस्तुमा लोभ नगर्नु अनि बारम्बार जनहितको चिन्तन गर्नु नै विद्वान्‌को लक्षण भनेर भनिन्छ ॥ ३ ॥

मनसा शुभभावचिन्तनं
वचसा लोकहितस्य कीर्तनम् ।
सुकृतौ द्रुतता निरन्तरं
विदुषां लक्षणमेतदीरितम् ॥ ४ ॥

मनले भलो सोच्नु, वचनले लोकहितलाई टेवा दिनु, राम्रो काम गर्न आतुर हुनु नै विद्वान्‌को लक्षण हो भनिन्छ ॥ ४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सततं जनताहिताय ये
भुवि लग्ना उपकारवृत्तये।
स्वपरात्मकभावमर्दनं
विदुषां लक्षणमेतदीरितम्॥ ५॥

सधैँ जनहितमा र उपकारी काममा धर्तीमा लाग्नु, आफू र पराई भन्ने भावलाई दबाउनु नै विद्वान्को लक्षण मानिन्छ॥ ५॥

जनताहितकृद् परार्थदः
परचर्चारुचिरात्मसाधकः।
किमु दुर्जनवत् सुधीजनो
विदुषां लक्षणमेतदीरितम्॥ ६॥

(श्लेष) जनताको हित काट्ने, अरूको काम बिगार्ने, अरूको चियोचर्चोमा रुचि लिने र शरीरको ख्याल राख्ने दुर्जन हुन्छ। तर सज्जन भने जनताको हित गर्ने, अरूको काम गर्ने, अरूको चियोचर्चोमा मन नदिने, आत्मसाधना गर्ने हुन्छ। यही नै विद्वान्को लक्षण मानिन्छ ॥ ६॥

जनतापहराय चिन्तनं
कुजनानां हितकार्यसाधनम्।
व्रतमस्ति सदा सुरार्चनं
विदुषां लक्षणमेतदीरितम्॥ ७॥

दुर्जनका सन्दर्भमा : जनताको अपहरण गर्न चिन्तन गर्ने, खराब मान्छेको हितसाधनमा सघाउने र सधैँ मदिरा पिउने नियम गर्ने। सज्जनका सन्दर्भमा : जनताको ताप हटाउन चिन्तन गर्ने, पृथ्वीवासीको हितको काममा सघाउने, देवतालाई सधैँ पुज्ने नै विद्वान्को लक्षण मानिन्छ॥ ७॥

श्रुतिदत्तमनस्तयाऽनिशं
परपीडाहरणं व्रतं मतम्।
सततञ्च कुशासनस्थितं
विदुषां लक्षणमेतदीरितम्॥ ८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दुर्जनका सन्दर्भमा : अरूको निन्दा सुन्नमा मन लगाउने, रातदिन अरूलाई कसरी पीडा दिऊँ भन्ने व्रत लिएको, सधैँ खराब शासनमा रमाउने । सज्जनका सन्दर्भमा : रातदिन वेदमा मन दिएको, अरूको पीडा हर्ने व्रत लिएका, सधैँ कुशको आसनमा रहने, पृथ्वीको नियमलाई मानेर कर्म गर्ने नै विद्वान्को लक्षण मानिन्छ ॥ ८ ॥

अपि गच्छतु नाम जीवनं
सकलं वा धनमत्र नश्यतु ।
न मनो मम यातु दुष्कृतौ
विदुषां लक्षणमेतदीरितम् ॥ ९ ॥

बरु जिन्दगी जाओस् अथवा सबै धन सम्पत्ति नाश होस्, तर मेरो मन खराब काममा नलागोस् भन्नु नै विद्वान्को लक्षण मानिन्छ ॥ ९ ॥

सुखमत्र लभेय वा व्यथां
न हि चिन्ता मम जातु वर्धताम् ।
इति सुन्दरभावधारणं
विदुषां लक्षणमेतदीरितम् ॥ १० ॥

सुख पाऊँ वा पीडा होस् भन्ने कुराको कुनै चिन्ता ममा नरहोस्, यस प्रकारको सुन्दर भाव धारण गर्नु नै विद्वान्को लक्षण मानिएको छ। ॥ १० ॥

फलपुष्पभरैर्लता नता
नतशाखैस्तरवः समुन्नताः ।
नतिरेव गुरुत्वकारणं
विदुषां लक्षणमेतदीरितम् ॥ ११ ॥

फलफूलहरूले लहरा झुकेका छन्, झुकेका हाँगाहरूले गर्दा रुख उठेका छन् (उनीहरूको सम्मान छ) । झुक्नु नै गौरवको कारण हो भन्ने विद्वान्को लक्षण बताइएको छ॥ ११ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुताऽस्ति सुशिष्यबोधने
लघुताऽऽस्ते जनतार्तिनाशने।
किमु भान्ति विरोधिनो गुणा
विदुषां लक्षणमेतदीरितम् ॥ १२ ॥

राम्रा शिष्यहरूलाई बुझाउने कार्यमा गौरवको अनुभव गर्नु, तुरुन्त जनताको दुःख हटाउन खोज्नु यस्ता (गौरव र लाघव एकै ठाउँमा) एकै ठाउँमा रहेका विरोधी गुणहरू सज्जनलाई सुहाउँछन्। यही नै विद्वान्को लक्षण मानिन्छ ॥ १२ ॥

कृतिरस्ति जनस्य तोषणं
समताया धरणौ प्रवर्धनम्।
न च जातु विभेदचिन्तनं
विदुषां लक्षणमेतदीरितम् ॥ १३ ॥

जनताको तुष्टि नै जसको कर्म रहेको छ, अनि धर्तीमा समता बढाउनु, कसैप्रति पनि विभेद नबढाउनु नै विद्वान्को लक्षण मानिन्छ ॥ १३ ॥

सुकृतौ तनुरस्ति तत्परा
सुविचारे हृदयं रतं सदा।
मतिरस्ति सुभाववर्धिनी
विदुषां लक्षणमेतदीरितम् ॥ १४ ॥

सुकर्म गर्नमा जसको शरीर तत्पर रहेको छ,, हृदय राम्रो विचारमा लागेको छ, बुद्धि सद्भाव बढाउने प्रकृतिको छ, यही विद्वान्को लक्षण मानिन्छ ॥ १४॥

हृदयं श्रुतिशास्त्रसङ्गतं
न मनो भौतिकसम्पदि स्थितम्।
जनदेशविकासचिन्तनं
विदुषां लक्षणमेतदीरितम् ॥ १५ ॥

हृदयले वेदशास्त्रको संगत गर्दछ। भौतिक सम्पत्ति जोड्न मन लाग्दैन अनि जनता र देशको विकासमा चिन्तन छ भने त्यही विद्वान्को लक्षण मानिन्छ ॥ १५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनये न मनः प्रवर्तते
परलाभक्षतये न युज्यते ।
सकलेषु समत्वचिन्तनं
विदुषां लक्षणमेतदीरितम् ॥ १६ ॥

कुनीतिमा मन लाग्दैन, अर्काको हानि चिताइदैन, सबैलाई समदृष्टिले हेरिन्छ भने त्यही विद्वान्‌को लक्षण मानिन्छ ॥ १६ ॥

धरणेर्विपदां निराकृतौ
सुखशान्त्योरवनौ प्रवर्धने ।
सततं सुधियो हि तत्परा
विदुषां लक्षणमेतदीरितम् ॥ १७ ॥

पृथ्वीको विपद् हटाउन र पृथ्वीमा सुखशान्ति बढाउन तत्पर हुनु विद्वान्‌को लक्षण मानिन्छ ॥ १७ ॥

श्रवणे शुभशब्दशोभिते
नयने सुन्दरदृश्यशोभिते ।
शुभकर्मकरौ च तत्करौ
विदुषां लक्षणमेतदीरितम् ॥ १८ ॥

कान शुभ शब्द सुनेर अनि आँखा सुन्दर दृश्य हेरेर शोभित छन्, दुवै हातले शुभकर्म मात्र गर्दछन् भने यही विद्वान्‌को लक्षण मानिन्छ ॥ १८ ॥

रसना रसनामलापिनी
श्रुतिराजि श्रुतिराजिसेविनी ।
चरणे च रणे प्रधावत
विदुषां लक्षणमेतदीरितम् ॥ १९ ॥

जिब्रोले रसिलो नाम लिन्छ, कानले वेदको शब्द सुन्छ, दुवै पाउ कर्ममा लागेका छन् भने यही विद्वान्‌को लक्षण मानिन्छ ॥ १९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रचनां रचयेति जल्पनं
शिवनाम्नाऽशिवभावमर्दनम् ।
रहसीह रहस्यचिन्तनं
विदुषां लक्षणमेतदीरितम् ॥ २० ॥

कर्म गर गर भन्ने, शिवको नामले अशिव भावको मर्दन गर्ने, एकान्तमा रहस्यको चिन्तन गर्ने नै विद्वान्को लक्षण हो ॥ २० ।

❀❀❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम : रामहरि दाहाल
जन्म : वि.सं. २०११ श्रावण २४
जन्मस्थान : नीलकण्ठ नगरपालिका, नेवारपानी, धादिङ
पिता : लीलानाथ दाहाल
माता : बालकुमारी दाहाल
शिक्षा : साहित्याचार्य
पेसा : प्राध्यापन, समाचार सम्पादन तथा वाचन, रेडियो नेपाल विद्यावारिधि तथा स्नातकोत्तर तहका एक दर्जन विद्यार्थीको निर्देशक तथा विशेषज्ञ भई काम गरेको

पदक तथा पुरस्कार :

महेन्द्र विद्याभूषण, सरदार सोमप्रसाद शिक्षा पुरस्कार, २०४९, दीर्घसेवा पदक २०६२

संस्थागत संलग्नता : विश्व-हिन्दु महासङ्घ नेपाल (आजीवन सदस्य)

प्रकाशित कृति :

नेपालीमा

शान्तिको खोजी - खण्डकाव्य
सावित्री-खण्डकाव्य
नेवारपानी- खण्डकाव्य

संस्कृतमा

अमरभारतीगौरवम्- खण्डकाव्य
गतो मदीयो ननु कुत्र देश ?- कवितासङ्ग्रह

अनुवाद :

शिवमहापुराणम् (पशुपतिक्षेत्र-विकासकोषबाट प्रकाशित)- संयुक्त ग्रन्थ सम्पादन तथा परिमार्जन

पारस्करगृह्यसूत्रम् (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशोन्मुख)

फुटकर रचना :

गोरखापत्र, कान्तिपुर, मधुपर्क, हिमालय टाइम्स, ऋतम्भरा, मर्यादा, जयतु संस्कृतम् आदि पत्रपत्रिकामा प्रकाशित ।

MF
मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ

978 9937 567 25 1
ISBN

Jayatu Sanskritam, Kathmandu, Nepal